सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ मंसिर २०८१, बुधबार (27 Nov 2024, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २२० ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

श्रमिकको उपचारमा सामाजिक सुरक्षा कोषले पाँच लाखसम्म व्यहोर्ने



अस्थायी र ज्यालादारी कर्मचारीलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउँछौं : प्रधानमन्त्री ओली

१३ वर्षमा सम्पत्ति शुद्धीकरणमा सवा १४ अर्ब बिगोसहित मुद्दा दर्ता, ८१% ठहर



१३ वर्षमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १०१ मुद्दा दायर गरेकामा ७९ वटामा सफलता

(पृष्ठ ७)

प्रधानमन्त्रीको निर्देशनपछि तत्काल आवासीय चिकित्सकको निर्वाह भत्ता नथपिने



चिकित्सा शिक्षा आयोगले तोकेको ४८ हजार रुपैयाँ निर्वाह भत्तामा कुनै सम्झौता नहुने स्वास्थ्य मन्त्रालयको भनाइ

(पृष्ठ ३)

रुस र उत्तर कोरियाबिच बढ्दो घनिष्ठताबाट चिन्तित चीन



रुसी प्रोत्साहनबाट उत्तर कोरियाले आफ्नो हितविपरीत कदम उठाउला वा सैन्य कारबाही गर्ला भनेर चीन भयभीत छ

(पृष्ठ ५)

एमाले जागरण सभाको सन्देश



अग्रलेख

● राजेन्द्र गौतम

जागरण सभाले एमाले कानुनी राज्य र विधिको शासनको पक्षमा रहेको र यसले अराजकता र अस्थिरतालाई नस्विकार्ने सन्देश दिएको छ

(पृष्ठ ४)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बिजुलीको अर्बौं बक्यौता नतिर्ने उद्योगको लाइन काट्न प्राधिकरणलाई फेरि अवरोध

मन्त्रिपरिषद्बाटै निर्णय गरेर बक्यौता उठाउन दिएको समयावधि आज सकिँदै, तर आफ्नै क्षेत्राधिकार मिचेर ऊर्जा मन्त्रालयले बनाएको समितिलाई देखाउँदै नियमन आयोगले प्राधिकरणलाई दियो लाइन नकाट्न निर्देशन

प्राधिकरणमाथि छानबिन गर्न बनाइएको समितिका संयोजकले अस्वीकार गरे जिम्मेवारी

प्राधिकरणमा हुन सक्ने भ्रष्टाचारसम्बन्धी छानबिन गर्न भन्दै गत बिहीबारको मन्त्रिपरिषद् बैठकले पूर्वन्यायाधीश हरिकुमार पोखरेलको संयोजकत्वमा समिति बनाएको थियो । समितिमा रहने भनिएका अन्य दुई सदस्यको निश्चित नहुँदै संयोजक पोखरेलले नै जिम्मेवारी अस्वीकार गरेका छन् । पोखरेलले समितिमा बस्न नसक्ने जानकारी गराइसकेको बताए । 'व्यक्तिगत कारणले म समितिमा बस्न सकिनँ,' उनले छोटो प्रतिक्रिया दिए । स्रोतका अनुसार प्राधिकरणभित्र हुन सक्ने अनियमितितामाथि छानबिनका लागि मन्त्रिपरिषद् बैठकले समिति बनाउनुअघि नै ऊर्जामन्त्री दीपक खड्काले दुई व्यक्तिलाई फोन गरेर सदस्यका रूपमा काम गरिदिन आग्रह गरेका थिए । तर, कुलमानलाई लक्षित गरेर समिति बनाएको थाहा पाएपछि उनीहरूले पनि असहमति जनाएको स्रोतले बतायो ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत प्रयोग गरेको विद्युत्को अर्बौं बक्यौता नतिरेका उद्योगमा लाइन काट्न सरकारले प्राधिकरणमाथि फेरि रोक लगाएको छ । २५ कात्तिकमा मन्त्रिपरिषद्बाटै निर्णय गरेर बक्यौता उठाउन दिएको १५ दिने समयसीमा सकिने अधिल्लै दिन मंगलबार सरकारले विद्युत् नियमन आयोगमार्फत उद्योगमा लाइन नकाट्न प्राधिकरणलाई पत्र पठाएको हो । बुधबारसम्म बक्यौता नतिरे लाइन काट्ने चेतावनी प्राधिकरणले यसअघि नै सार्वजनिक

» पृष्ठ ९ मा क्रमशः

■ बक्यौता उठाउन खोज्दा कुलमान घिसिङमाथि सरकारको जहिल्यै अंकुश

उद्योगीसँग बक्यौता उठाउन प्राधिकरणले गरेको हरेकपटकको कोसिसमा सरकारले अंकुश लगाउँदै आएको छ । केपी ओली प्रधानमन्त्री नियुक्त हुनुअघि नै ६ उद्योगमा लाइन काटेर बक्यौता तिर्न दबाब दिएको प्राधिकरणमाथि नयाँ सरकार बनेदेखि नै अवरोध भएको छ । ३० असारमा प्रधानमन्त्री नियुक्त भएपछि ओली र ऊर्जामन्त्री दीपक खड्का खुलेरै उद्योगीको पक्षमा उत्रिए । ४ साउनमा उद्योगीहरूकै अगाडि प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई प्रधानमन्त्री ओलीले काटिएको लाइन जोड्न ठाडो निर्देशन दिए । तर, कुलमानले मन्त्रिपरिषद् वा मन्त्रालयको निर्णय आवश्यक पर्ने अडान लिएपछि प्राधिकरण सञ्चालक समितिले निर्णय गर्न सकेन । ६ साउनमा ओलीले 'प्राधिकरणले मनपरी महसुल उठाउन नपाउने' भन्दै संसद्कै रोस्टमबाट घोषणा गरे । त्यही दिन विद्युत् नियमन आयोगको बैठकबाट लाइन जोड्न प्राधिकरणलाई निर्देशन दिने निर्णय सरकारले गरायो । त्यसकै आधारमा ८ साउनमा प्राधिकरणले तीन महिनाभित्र बक्यौता उठाउने गरी लाइन जोड्ने, नतिरे पुनः लाइन काट्ने निर्णय गऱ्यो ।



उद्योगीलाई दिइएको तीन महिनाको समयावधिमा पनि बक्यौता नतिरेपछि ८ कात्तिकमा प्राधिकरणले त्यस्ता ४३ उद्योगको लाइन काटिदियो । लगत्तै १० कात्तिकमा बक्यौता नतिर्ने उद्योगीको घरमा समेत बिजुली काट्ने चेतावनी दियो । यसबाट सरकार थप रुष्ट भयो । तर, प्राधिकरणले उद्योगीहरूलाई सहज बनाउन ५६ किस्तामा बक्यौता तिर्न सक्ने सुविधा दिने निर्णय लियो । त्यसअघि २८ किस्ताको सुविधा थियो । तैपनि राजनीतिक लबिङमा रहेका उद्योगी किस्ता तिर्न आएनन् । यहीबिचमा २५ कात्तिकमा मन्त्रिपरिषद् बैठकले बिजुली काटिएको उद्योगमा लाइन जोड्न र १५ दिनभित्र बक्यौता उठाउन निर्देशन दिने निर्णय गऱ्यो । लगत्तै प्राधिकरण बोर्डले गरेको निर्णयअनुसार २८ कात्तिकमा बिजुलीको लाइन जोडियो ।

१५ दिनको पछिल्लो अल्टिमेटम बुधबार सकिँदै छ । तर, फेरि सरकार उद्योगीकै पक्षमा उभिएको छ । सरकारले विद्युत् नियमन आयोगमार्फत मंगलबारै प्राधिकरणलाई पत्र पठाएर लाइन नकाट्न भनेको छ । यसअघि ऊर्जा मन्त्रालयले बक्यौता पुनः प्रमाणीकरण गर्न भन्दै ३ मंसिरमा गठन गरेको समितिलाई देखाएर आयोगले प्राधिकरणलाई पत्र पठाएको हो । आयोगबाट गएको पत्रबारे बुधबार प्राधिकरण बोर्ड बैठक बस्दै छ । बोर्डको अध्यक्ष उनै ऊर्जामन्त्री खड्का छन्, जसले बक्यौता पुनः प्रमाणीकरण गर्न भन्दै तीन सदस्यीय समिति बनाए ।

उद्योगीलाई छुट दिने 'नियत'साथ प्राधिकरण र आयोगलाई बाइपास गरेर बनाइएको समितिमा को-को छन् ?



प्रा.डा. अरविन्दकुमार मिश्र, संयोजक



श्रीरामराज पाण्डे, सदस्य



सुजनकुमार काफ्ले, सदस्य

प्राधिकरण र नियमन आयोगलाई बाइपास गरेर ऊर्जामन्त्री दीपक खड्काले बक्यौता जाँचबुझ समिति गठन गर्नुमा उद्योगीलाई बक्यौतामा छुट दिने स्वार्थ मिसिएको छ । समितिमा नेसनल कलेज अफ इन्जिनियरिङका प्रा.डा. अरविन्दकुमार मिश्र संयोजक छन् भने प्राधिकरणकै पूर्वकर्मचारी श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले सदस्य छन् । समितिलाई टाइम अफ डे (टिओडी) मिटरसमेतका आधारमा ०७२ माघदेखि ०७५ वैशाखसम्ममा उद्योगीको बक्यौता महसुल निर्क्योल गर्न आवश्यक सत्यतथ्य विवरण तथा प्रमाण संकलन र प्रमाणीकरण गर्न मुख्य कार्यादेश छ । तर, जाँचबुझ गर्ने नाममा उद्योगीको बक्यौता घटाउने तयारी रहेको स्रोतले बतायो ।

जब कि विद्युत् नियमन आयोग ऐन, २०७४ ले जाँचबुझ तथा निरीक्षण गर्ने अधिकार स्पष्ट रूपमा आयोगलाई दिएको छ । ऐनको दफा १७ अनुसार अनुमति प्राप्त संस्था (प्राधिकरणलगायत)हरूले ऐन र ऐनअन्तर्गतका नियम, विनियम, निर्देशिका वा मापदण्ड तथा प्रचलित अन्य कानुन वा सर्तबमोजिम कार्य गरे/नगरेको सम्बन्धमा आयोगले आवश्यक जाँचबुझ तथा निरीक्षण गर्न वा गराउन सक्नेछ । यसअनुसार पछिल्लो बक्यौता विवादको जाँचबुझ गर्न/गराउन सक्ने अधिकार आयोगसँग थियो । तर, मन्त्रालयले ऊर्जासम्बन्धी सरकारी निकायहरूको संयन्त्रबाहिरबाटै प्राधिकरणले जारी गरेको बिल जाँच गराउने निर्णय लिएको छ ।

पीडितकै पैसामा जापान गएका थिए पूर्वमन्त्री लीलाबल्लभ अधिकारी

■ अनुसन्धानमा आबद्ध प्रहरी अधिकारी भन्छन्- अधिकारी मतियार बनेका प्रशस्त आधार छन्

नयाँ पत्रिका

जापानमा मानव तस्करीका लागि सघाएको आरोप लागेका कोशी प्रदेशका सांसद तथा पूर्वमन्त्री लीलाबल्लभ अधिकारी पीडितहरूकै पैसामा जापान गएको प्रहरी अनुसन्धानले देखाएको छ । त्यति मात्र होइन, गिरोहका एक सदस्यसँग अधिकारीको ४५ पटक फोन सम्पर्क भएको अनुसन्धानमा भेटिएको छ ।

जापान लैजान भनेर तीनजनासँग पैसा उठाइएको र त्यही पैसाबाट तत्कालीन मन्त्री रहेका अधिकारीको भिसा प्रक्रिया, हवाई टिकट र होटेल बुकिङ गरिएको अनुसन्धानमा पाइएको छ । पर्याप्त प्रमाण हुँदा पनि सरकारको दबाबमा सरकारी वकिल कार्यालयले उनलाई मुद्दा नचलाई उन्मुक्ति दिएको छ ।

मानव तस्करीमा सघाएको पर्याप्त आधार रहेको भन्दै जिल्ला प्रहरी परिसर, काठमाडौंले अधिकारीसहित १२ जनाविरुद्ध मुद्दा चलाउन रायसहित अनुसन्धान प्रतिवेदन पेस गरेकोमा

» पृष्ठ ९ मा क्रमशः



■ **बिचौलियामध्ये एक महेश पाण्डेको बयानमा छ-** निज (कञ्चन देवकोटा)ले मेरो नाममा नबिल बैंकमा रहेको खातामा पटक-पटक गरी पाँच लाख ५० हजार रकम जम्मा गरिदिएका थिए । उक्त रकम मैले लीलाबल्लभ अधिकारी र कञ्चन देवकोटाको नाममा हवाई टिकट, होटेलखर्चसमेतका कागजातहरू तयार गर्न आयोजक दिवाकरबाबु भट्टराईलाई दिएको थिएँ ।

अधिकारीलाई मुद्दा नचलाउने निर्णयले हामीमाथिको प्रतिशोध पुष्टि भयो : रास्वपा



मनीष झा
कार्यवाहक प्रवक्ता

हामीमाथि राजनीतिक प्रतिशोध हो भन्ने कुरा अब हामीले प्रमाणित गर्नै नपर्ने भइसक्यो । त्यसको आधार हामीले दिइराख्नै पर्दैन । लीलाबल्लभ अधिकारीलाई कानुनी कारबाही नहुने, अरूलाई हुने, उनीमाथि मुद्दा पनि दायर नहुने भन्ने कुराले प्रमाणित गरिसक्यो । तैपनि हामी अदालतलाई सम्मान गर्छौं । एकातिर हुँदै नभएको स्क्रिप्ट संगठित र प्रायोजित रूपमा प्रकाशित गर्न लगाइन्छ । अर्कोतिर अर्को साझेदारले पठाइसकेको पत्रका आधारमा पनि कोशीका पूर्वमन्त्री दोषी भनेर प्रमाण एथेष्ट छ । तर, लिएर जाने ठेकेदार र अधिकारीमाथि कुनै प्रक्रिया नचलाइने रे ।

■ सर्वोच्चको व्याख्या

अलग्गै बसेको समयको गणना मात्र सम्बन्धविच्छेदको आधार नहुने

श्रीमान्को घरमा बस्न नसक्ने अवस्थामा श्रीमती अलग बसेमा सम्बन्धविच्छेद नहुने, जिल्लादेखि सर्वोच्चसम्मै एकै फैसला



■ गत २३ पुसमा सर्वोच्चको संयुक्त इजलासले गरेको फैसलाको हालै सार्वजनिक पूर्णपाठमा भनिएको छ -

● ...प्रतिवादी माइतमा बसेको तीन वर्ष अवधि पुगेको भनी मानेको अवस्थामा पनि समयको गणना गरी अवधि पुग्नु मात्र सम्बन्धविच्छेदको आधार हुन सक्ने देखिएन । सम्बन्धविच्छेद हुनका लागि स्वास्नीले लोग्नेको मन्जुरीविना स्वेच्छाले घर छाडेको हुनु अनिवार्य हुन्छ ।

■ ...यदि उल्लेखित पक्षलाई अनदेखा गर्ने हो भने लोग्नेले सम्बन्धविच्छेद गर्न चाहेमा जुनसुकै बखत स्वास्नीलाई घर बस्न नसक्ने परिस्थिति सिर्जना गरी स्वास्नी घर छाडी बाहिर बस्नुपर्ने परिस्थिति उत्पन्न हुन सक्ने र सो अवस्थामा समेत स्वास्नीले तीन वर्षभन्दा बढी अवधि लोग्नेलाई छाडी बाहिर बसेको भनी लोग्नेले स्वास्नीसँग सम्बन्धविच्छेद गर्न पाउने अवस्था उत्पन्न हुन जान्छ ।

शिल्पा कर्ण/नयाँ पत्रिका

सर्वोच्च अदालतले श्रीमानूसँग घरमा बस्ने वातावरण नभएको अवस्थामा श्रीमती अलग्गै बसेमा त्यसैका आधारमा सम्बन्धविच्छेद गर्न नसकिने व्याख्या गरेको छ । साथै श्रीमान्को मन्जुरीविना श्रीमती तीन वर्षसम्म छुट्टै बसेको आधार मानेर सम्बन्धविच्छेदको फैसला गर्न नसकिने भनेको छ ।

सर्वोच्चको संयुक्त इजलासले गत वर्ष २३ पुसमा गरेको फैसलाको पूर्णपाठ हालै सार्वजनिक भएको हो । फैसलामा भनिएको छ, 'लोग्नेको घरमा श्रीमती बस्न नसक्ने अवस्था उत्पन्न भई श्रीमती घर छाडी अलग बसेको परिस्थितिमा समेत लोग्नेले श्रीमतीसँग सम्बन्धविच्छेद गर्न पाउने भनी व्याख्या गर्नु

» पृष्ठ ९ मा क्रमशः

श्रीमान्-श्रीमतीको झगडाले गरायो नयाँ नजिर स्थापित

चाबहिल बस्ने मुनिष आचार्य र श्रुती गौतमबिच ०६६ असारमा विवाह भएको थियो । तर, श्रीमती अनेक बहानामा सुरुबाटै माइतै बस्ने गरेको, बच्चाको जायजन्म पनि नभएको र ०६७ दसैंमा श्रीमतीका परिवार आएर आफू र आफ्ना बुबामाथि पनि हातपात गरेको आरोप लगाउँदै ०६९ कात्तिकमा सम्बन्ध टुटाउन काठमाडौं महानगरपालिकामा निवेदन दिएका थिए । तर, त्यहाँ समाधान नभएपछि काठमाडौं जिल्ला अदालत हुँदै उच्च अदालतमा पनि सम्बन्धविच्छेदको प्रक्रिया अघि बढेको थियो । दुवै अदालतले सम्बन्धविच्छेद नहुने फैसला गरेपछि आचार्यले सर्वोच्चमा मुद्दा दोहोऱ्याइपाऊँ भनेर निवेदन दिएका थिए ।

श्रीमतीले हाल पनि अफिसमा आएर झगडा गर्ने गरेको तथा श्रीमतीबाट हिंसा सहँदै आएको दाबी अदालतमा गरेका थिए । गौतमले भने श्रीमान्का परिवारले सँगै बस्न नदिएका कारण आफू बाध्य भएर माइती बस्नुपरेको र वातावरण भए पतिसँगै बस्न तयार रहेको बताएकी थिइन् । यही मुद्दामा न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको इजलासले फैसला दिएको हो । '...यदि स्वास्नीले लोग्नेको घर बस्न नसक्ने अवस्था भई बाध्यतावश घर छाडेको स्थिति हो भने स्वास्नीले स्वेच्छाले घर छाडेको भनी मान्न मिल्ने अवस्था हुँदैन,' न्यायाधीशद्वयको मत छ ।

पाँच सय क्याम्पसमा विद्यार्थीको अभाव

कक्षा १२ को पढाइपछि बिदेसिने विद्यार्थीको संख्या बढ्दै जाँदा नेपालका क्याम्पसमा थोरै विद्यार्थी

कम विद्यार्थी भएका क्याम्पस मर्जर वा बन्द प्रक्रियामा जान सक्छन्



● **शंकरप्रसाद भण्डारी**
सदस्यसचिव, विश्वविद्यालय अनुदान आयोग

हामी विश्वविद्यालय र क्याम्पसको अवस्थाबारे हरेक वर्ष अध्ययन गर्छौं । अध्ययनमा पाँच सय पाँच क्याम्पसमा सयभन्दा कम विद्यार्थी देखिएका छन् । यस वर्षको अध्ययन प्रतिवेदन विश्वविद्यालयहरूलाई दिइसकिएको छ । सोका आधारमा विश्वविद्यालयले बन्द तथा मर्जर प्रक्रिया पनि अपनाउन सक्छन् ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

एक अध्ययनमा देशका पाँच सयभन्दा धेरै क्याम्पसमा विद्यार्थीको अभाव देखिएको छ । विश्वविद्यालय अनुदान आयोगले एक साताअघि तयार पारेको प्रतिवेदनअनुसार एक सयभन्दा थोरै विद्यार्थी रहेका देशभर सबै विश्वविद्यालयमातहतका पाँच सय पाँचवटा क्याम्पस छन् । देशभर कुल २१ विश्वविद्यालय छन् । तीमध्ये १४ विश्वविद्यालयमातहत चलेका सामुदायिक र आंगिक क्याम्पसमा

» पृष्ठ ९ मा क्रमशः



■ देशभर कति क्याम्पस ?

विश्वविद्यालय अनुदान आयोगको तथ्यांकअनुसार हाल देशभर एक हजार ४३२ क्याम्पस छन् । हाल सयभन्दा कम विद्यार्थी भएका क्याम्पसमध्ये १७८ सामुदायिक, १९ आंगिक र ३०८ वटा निजी क्याम्पस छन् । तीमध्ये ५०५ मा सयभन्दा थोरै विद्यार्थी छन् । हाल विश्वविद्यालयहरूका आंगिक क्याम्पस १६४ छन् । सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसको संख्या ५४० भन्दा बढी छ । ७२३ निजी क्याम्पस छन् ।

विद्यार्थी खोज्न बिचौलिया !

भवन चिरिच्याट्ट भए पनि विद्यार्थी भर्ना हुन नआउँदा क्याम्पसप्रमुखहरू चिन्तामा छन् । उनीहरूले विद्यार्थी घट्दै गएमा क्याम्पसको जग नै कमजोर हुन सक्ने भन्दै विद्यार्थी खोज्ने नयाँ तरिका अपनाउन थालेका छन् । कतिपय क्याम्पसले 'कमिसन' दिने गरी बिचौलियामार्फत विद्यार्थी खोज्न थालेका छन् । कतिपय क्याम्पसले कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीलाई नतिजा नआउँदै आफ्नो कलेजमा भर्ना गर्न दबाबसमेत दिने गरेका छन् । त्यस्तै, अधिकांश क्याम्पसमा पढाउने प्राध्यापक स्कुल तहमा पनि पढाउने र कतिपयले स्कुल नै चलाउँछन् पनि । उनीहरूमार्फत पनि विद्यार्थी ल्याउने प्रयास गरिन्छ । विद्यार्थी आकर्षण गर्न केही क्याम्पसले भर्ना शुल्क घटाएका छन् ।

दुई वर्षमा सक्नुपर्ने तार भूमिगत पाँच वर्षमा पनि सकिएन

काठमाडौंमा ७५ प्रतिशत मात्रै तार भूमिगत, काम सक्न अझै एक वर्ष लाग्ने

शिवहरि घिमिरे/नयाँ पत्रिका

दुई वर्षभित्र काठमाडौं उपत्यकामा बिजुलीका तार पूर्ण रूपमा भूमिगत गर्ने गरी सरकारले थालेको योजना पाँच वर्षमा पनि सकिएको छैन। सडकसँग सम्बन्धित विभिन्न निकायबिच समन्वय नहुँदा समयमै काम नसकिएको हो।

नेपाल विद्युत् प्राधिकरणका अनुसार हालसम्म उपत्यकामा ७५ प्रतिशत मात्रै तार भूमिगत भएको छ। अन्य २५ प्रतिशत काम बाँकी नै छ। ५ फागुन ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई वर्षमा सक्ने गरी रत्नपार्क-महाराजगन्ज वितरण केन्द्रबाट भूमिगत कार्य शुभारम्भ गरेका थिए। तर, पाँच वर्ष बितिसक्दा पनि उपत्यकामा तार भूमिगतको काम सकिएको छैन। बाँकी काम सक्न अझै एक वर्ष लाग्ने प्राधिकरणले जनाएको छ। हाल उपत्यकामा तीनवटा प्याकेजमा तार भूमिगतको काम भइरहेको छ। यसअघि सडकसँग सम्बन्धित निकायहरूले सडक खन्न अनुमति नदिँदा काम ढिलो भएको प्राधिकरणको दाबी छ। प्राधिकरणका प्रवक्ता चन्द्रकुमार घोषले समयमै काम नसकिनुका मुख्य कारण कोरोना भाइरस, सडक विभागले अनुमति नदिनुलगायत रहेको जानकारी दिए। 'समयमै काम नसकिनुको मुख्य कारण सडक, खानेपानी, इन्टरनेटलगायतसँग सम्बन्धित निकाय हुन्,' उनले भने, 'उनीहरूले समयमै सहजीकरण गरिदिएको भए काम सकिसक्थ्यो, हामी बर्खाका कारण वर्षमा ६ महिना मात्रै काम गर्न सक्छौं, ठेक्का सुरु भएपछि कोरोना संक्रमणका कारण पनि काममा ढिलो भएको हो।'

उनका अनुसार उपत्यकाबाहिर पोखरा र भरतपुर महानगरभित्र पनि ७५ प्रतिशत तार भूमिगत सकिएको छ। उपत्यकामा तार भूमिगत भइसकेका स्थानहरूमा अब क्रमशः पोल हटाउँदै जाने प्राधिकरणको तयारी छ।



● चन्द्रकुमार घोष
प्रवक्ता, नेपाल विद्युत् प्राधिकरण

समयमै काम नसकिनुको मुख्य कारण सडक, खानेपानी, इन्टरनेटलगायतसँग सम्बन्धित निकाय हुन्। उनीहरूले समयमै सहजीकरण गरिदिएको भए काम सकिसक्थ्यो, हामी बर्खाका कारण वर्षमा ६ महिना मात्रै काम गर्न सक्छौं, ठेक्का सुरु भएपछि कोरोना महामारी फैलँदा पनि काममा ढिलो भयो।

प्राधिकरणले आफ्ना पोल तार हटाउन निर्देशन पनि दिइसकेको छ। तर, पनि सिसिक्यामेरा, सडकबत्ती, इन्टरनेटको तार सम्बन्धित निकायले नहटाउँदा काम गर्न ढिलो भएको प्रवक्ता घोषले जानकारी दिए। उनका अनुसार पोलमा जडित इन्टरनेटका तार, सिसिटिभी क्यामेरा, सडक बत्ती तथा अन्य उपकरण नहटाए क्षतिको जिम्मेवारी नलिने सूचना पनि प्राधिकरणले जारी गरिसकेको छ। तार भूमिगत गर्दा १५ अर्ब लाग्ने लागत इस्टिमेट गरिएकोमा हालसम्म १२ अर्ब हाराहारी खर्च भइसकेको छ। बाँकी काम सक्दा इस्टिमेटअनुसारकै खर्च हुने प्राधिकरणको अनुमान छ।

■ टेलिकम र इन्टरनेट कम्पनीले तार नहटाएको आरोप

विद्युत्को पोल नेपाल टेलिकम र इन्टरनेट कम्पनीहरूले पनि प्रयोग गरिरहेका छन्। उनीहरूले तार नहटाउँदा पोल निकाल्न ढिलाइ भएको प्राधिकरणको भनाइ छ। बिजुलीको पोल प्रयोग गरिरहेका टेलिकम र इन्टरनेट कम्पनीहरूले पनि समयमै तार हटाउनुपर्ने प्रवक्ता घोषले बताए। 'अब उपत्यकामा अन्य निकायले समन्वय गरिदिएमा केही समयमै भूमिगतसम्बन्धी काम सकिन्छ, त्यसपछि बिजुलीका पोल हटाउँछौं,' उनले भने, 'सडक विभागले सहजीकरण गरिदिएमा धेरै ठाउँमा काम छिटो सकिन्छ, सडकमा खन्न नदिँदा काममा ढिलाइ भएको हो, अर्को कुरा इन्टरनेट तथा टेलिकमले पनि आ-आफ्नो तार समयमै हटाउनुपर्छ।'



फाइल तस्बिर

■ न्युरोडपछि कहाँ-कहाँ हटाइँदै छ पोल ?

तार बिछ्याउने काम सकिएलगत्तै प्राधिकरणले न्युरोड क्षेत्रमा विद्युत्को पोल हटाएको छ। प्राधिकरणले यस क्षेत्रमा भूमिगत रूपबाटै विद्युत् सप्लाई सुरु गरिसकेको छ। प्राधिकरणले गत बुधबार र बिहीबार न्युरोड क्षेत्रका पोल हटाएको हो। यहाँ तार हटाएपछि सडकआसपास क्षेत्र व्यवस्थित देखिएको छ।

यस्तै, अब कलंकी-कालीमाटी, कालिमाटी-बल्खु, महारागन्ज-टिचिङ, कीर्तिपुरका मुख्य सडक, जडीबुटी-पेप्सीकोला, सामाखुसी-गोगंबु, चुच्चेपाटी-चाबहिल, मित्रपार्क-चाबहिललगायत क्षेत्रमा पोल हटाइनेछ। यस्तै, फुटपाथमा बक्स बनाउने, घरघरको तार जडान गर्ने, बिजुलीका पोल हटाउने काम धेरै ठाउँमा बाँकी छ। यस हिसाबमा पनि उपत्यकामा पूर्ण रूपमा भूमिगत रूपमा विद्युत् सप्लाई सञ्चालनमा आउन एक वर्ष लाग्नेछ।

■ कहाँ-कहाँ बाँकी छ तार भूमिगत गर्न ?

उपत्यकामा अधिकांश ठाउँमा तार भूमिगतसम्बन्धी संरचना बनाउने, तार बिछ्याउने काम अन्तिम चरणमा छ। नागपोखरी, रिङरोडका केही स्थान, ललितपुर महानगरका केही स्थान, महाराजगन्ज, कीर्तिपुरलगायतका केही ठाउँमा मात्रै बाँकी छ। यी ठाउँमा तार भूमिगत गर्ने करिब ६ महिना लाग्ने प्राधिकरणको भनाइ छ।

■ सडकबत्ती, इन्टरनेट तार र सिसिटिभी राख्न विकल्प खोज्नुपर्ने

अहिले धेरैजसो ठाउँमा विद्युत्कै पोलमा सडकबत्ती, इन्टरनेटका तार र सिसिटिभी क्यामेरा जडान भएका छन्। प्राधिकरणले पोल हटाएसँगै ती सामग्री राख्न विकल्प खोज्नुपर्ने भएको छ। सडकबत्ती राख्नका लागि स्थानीय तहले पोल राख्न सक्नेछन्। यस्तै, इटरनेट तथा अन्य तार जडानका लागि प्राधिकरणले भूमिगत रूपमै स्थान छुट् याएको छ। तर, सिसिक्यामेरा कसरी राख्ने भन्ने विकल्प पालिकाहरूले खोज्नुपर्ने प्राधिकरणका प्रवक्ता घोषले जानकारी दिए।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोबार गर्ने

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालय: का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं।
टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
इमेल: liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला बारेको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको मिति २०८१/०७/०९ गतेसम्म कायम सायिक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरको २,३४,६८,००० कित्ता हकप्रद शेयरको निष्काशन तथा बिक्री खुला **आज मिति २०८१/०८/१२ गतेदेखि मिति २०८१/०९/०२ गते (बैंकिङ्ग समयसम्म)** गरिएको हुँदा सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ।

क्र. सं.	हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरु:
१.	नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि., लेखनाथमार्ग, ठमेल, काठमाडौं।
२.	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड, स्टार मल, पुतलीसडक, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु।
३.	नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त आस्वा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु।

साथै ***"हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण"*** निष्काशनकर्ता कम्पनी लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. को वेवसाइट *https://www.licnepal.com.np* वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. को वेवसाइट *https://nsmbl.com.np* वा नेपाल धितोपत्र बोर्डको वेवसाइट *https://www.sebon.gov.np/prospectus* बाट डाउनलोड गरी पढ्न सकिनेछ।

गुनासो सुन्ने र समाधान गर्ने प्रकृया: यस हकप्रद निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताको गुनासो सुन्ने र समाधानको लागि अपरेशन ईन्चार्ज श्री केदार प्रसाद पुडासैनी (सम्पर्क नं: ०१-४५१२७४३-एक्सटेन्सन १११) लाई तोकिएको छ ।

*अन्य विस्तृत जानकारीको लागि मिति २०८१/०७/३० गतेको "**नयाँ पत्रिका**" राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी आह्वान-पत्र हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: https://nsmbl.com.np वा निष्काशन कम्पनीको वेवसाइट: https://www.licnepal.com.np बाट पनि प्राप्त गर्न सकिनेछ।*

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८१/०८/११

यस कार्यालयको मिति २०८१/०६/१८ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/06/081-82, र मिति २०८१/०६/२३ गतेको बोलपत्र आव्हानको सूचना नं: LIDPO/PKR/IFB/WORKS/08/081-82, अन्तर्गत तपसिलका ठेक्काहरुको लागि दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरु मध्येबाट तपसिलका बोलपत्रदाताहरु न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

क्र. स.	ठेक्का नं.	बोलपत्रदाताहरुको नाम र ठेगाना	कवोल रकम रु. (मू.अ. कर र पि. एस बाहेक)
1	LIDPO/PKR/W/NCB/48/081-82	M/S Angare Bhangare Nirman Sewa,Arjunchaupari-6,Syangja	रु. 1,10,34,738.8
2	LIDPO/PKR/W/NCB/49/081-82	M/S Rojina.Construction,Waling-3,Syangia	रु. 57,10,538.6
3	LIDPO/PKR/W/NCB/50/081-82	M/S Tika nirman sewa,Aadhikhola,syangja	रु. 61,24,295.00
4	LIDPO/PKR/W/NCB/61/081-82	M/S Himaladevi-Kritika Joint Venture, Gorkha	रु. 78,56,270.5
5	LIDPO/PKR/W /NCB/62/081-82	M/S New Tinkanya Nirman Sewa, Benighaat-01, Dhading	रु. 52,31,513.40
6	LIDPO/PKR/W/NCB/63/081-82	M/S New Tinkanya Nirman Sewa, Benighaat-01, Dhading	रु. 76,50,002.00
7	LIDPO/PKR/W/NCB/64/081-82	M/S Siranchowk construction and suppliers pvt ltd, siranchowk-7, Gorkha	रु. 25,86,404.00
8	LIDPO/PKR/W/NCB/65/081-82	M/S Bhardwaj Infratech Pvt ltd., Kathmandu	रु. 51,56,300.00
9	LIDPO/PKR/W/NCB/66/081-82	M/S Kotkali Builders and material suppliers pvt ltd, Borlang Gorkha	रु. 52,96,075.00
10	LIDPO/PKR/W/NCB/105/081-82	M/S Maskey Nirman Sewa, Haramtari Gorkha	रु. 51,03,223.50
11	LIDPO/PKR/W /NCB/108/081-82	M/S Dharche Manaslu Nirman Sewa, Dharche Gorkha	रु. 75,39,066.60

स्थानीय सरकारको उपलब्धि र चुनौती बुझ्न कोसोभोका मन्त्री ललितपुर महानगरमा

नयाँ पत्रिका

नेपाल भ्रमणमा रहेका कोसोभोका स्थानीय सरकार तथा प्रशासनमन्त्री एल्बर्ट क्रिस्निक र ललितपुर महानगरका मेयर चिरिबाबु महर्जनबिच भेटवार्ता भएको छ। नेपालको औपचारिक भ्रमणमा आएका मन्त्री एल्बर्टको प्रतिनिधिमण्डलले महानगर मेयरसँग पुल्चोकस्थित महानगरको कार्यालयमा भेटवार्ता गरेको हो।

मन्त्री एल्बर्टको प्रतिनिधिमण्डलले नेपालमा स्थानीय सकारको अभ्यास, उपलब्धि, अवसर र चुनौतीबारे जानकारी लिन मेयर महर्जनसँग भेटवार्ता गरेको हो। हेल्भिटास नेपालद्वारा नेपालमा सञ्चालित कार्यक्रम अध्ययन गर्न टोली सोमबार नेपाल आएको हो। पाँच सदस्यीय प्रतिनिधिमण्डलसहित आएका एल्बर्टलाई मेयर चिरिबाबु महर्जन, उपमेयर मञ्जली शाक्य बज्राचार्य र प्रवक्ता एवं सामाजिक विकास समितिका संयोजक राजु महर्जन, पूर्वाधार समितिका संयोजक चन्द्रलाल महर्जन, संस्कृति, पर्यटन समितिका विकासमान श्रेष्ठ, सहरी विकास समितिका संयोजक गणेश केसी, प्रमुख प्रशासकीय अधिकृत रेखादास श्रेष्ठले स्वागत गरेका थिए।

भेटमा मन्त्री एल्बर्टले कोसोभोका भौगोलिक, राजनीतिक अवस्थाका बारेमा जानकारी गराएका थिए। यसैगरी, महर्जनले नेपालको तीन तहको सरकार, उनीहरूको क्षेत्रलगायतका विषयमा जानकारी दिएका थिए। मेयर चिरिबाबु महर्जनले ललितपुर महानगरले सम्पदा संरक्षणमा प्रशस्तै काम गरेको बताए। सामाजिक सेवाको क्षेत्रमा पनि महानगरबाट धेरै काम सम्पादन भएको उनको दाबी थियो।

मन्त्री एल्बर्टले कोसोभोमा रहेका पालिकाहरूको प्रविधि, ज्ञान, सीप र असल अभ्यास ललितपुर महानगरमा भित्र्याउन र अनुभव आदान-प्रदानका लागि सक्दो पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले भने, 'यसका लागि म ललितपुरका मेयरसहितका जनप्रतिनिधि र कोसोभोका मेयरहरूबिच छलफल गराउन प्रयास गर्छु।' मन्त्री एल्बर्टका अनुसार कोसोभोमा केन्द्रीय र स्थानीय गरी दुई सरकारको व्यवस्था छ। स्थानीय सरकारले पालिकाहरूका लागि फन्डको व्यवस्था गर्नुपर्छ।

कोसोभोका मन्त्री एल्बर्टले भेटघाट फलदायी भएको बताए। मेयर महर्जनले नेपाल भ्रमण एकपटक मात्रै पर्याप्त नभएको बताउँदै फेरि आउन निम्तो दिए।

मोटरसाइकल दुर्घटनामाा एकको मृत्यु, तीन घाइते

काठमाडौं/ काठमाडौं महानगरपालिका- ३ बाँसबारीमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। अन्य तीनजना घाइते भएका छन्। बा.प्र ०२-०५० प ८३१२ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक बुढानीलकण्ठ नगरपालिकाको देउवाचोक बस्ने ३१ वर्षीय सुशान्त देउलाको मृत्यु भएको नेपाल प्रहरीका प्रवक्ता, प्रहरी नायव महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिए। दुर्घटनामा गम्भीर घाइते भएका उनको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा उपचारका क्रममा मृत्यु भएको हो। उक्त मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिई अनियन्त्रित भई बा.प्र ०२-०४४-१८७८ नम्बरको मोटरसाइकलसमेतलाई ठक्कर दिँदा दुर्घटना भएको थियो। साथै दुर्घटनामा घाइते भएका दुवै मोटरसाइकलमा सवार दुईजना र एक पैदलयात्रीको सोही अस्पतालमा उपचार भइरहेको छ।

ललितपुरलाई नेपालकै व्यवस्थित सहर घोषणा गराउन चाहन्छौं : मेयर महर्जन



ललितपुर/ ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले ललितपुरलाई नेपालकै सबैभन्दा सफा र व्यवस्थित सहर घोषणा गराउन चाहेको बताएका छन्। स्थानीय व्यापारीहरूको समस्या समाधानको निमित्त ललितपुर तयारी पोसाक व्यापार संघको ध्यानाकर्षणसहितको ज्ञापनपत्र बुझ्दै उनले आफूहरू शासक नभई जनताको सेवक भएको बताए। उनले स्थानीय नागरिक र व्यापारीको हितलाई ध्यानमा राखेर सेवा प्रवाह गर्दै ललितपुरलाई सफा, सुन्दर र 'स्मार्ट सिटी' बनाउन लागि पर्ने बताए।

'स्थानीयवासी र व्यवसायीसँग हातेमालो गरेर अगाडि बढ्छौं, तपाईंहरूको मागलाई हामी सम्बोधन गर्छौं, यो ज्ञापनपत्र बोर्ड बैठकमा पेस गर्छौं र कार्यान्वयनमा नीतिगत व्यवस्था गरेर अगाडि बढ्छौं,' मेयर महर्जनले भने।

ललितपुर तयारी पोसाक व्यापार संघका संस्थापक अध्यक्ष तथा ललितपुर चेम्बर आफ कमर्सका अध्यक्ष पुष्परत्न शाक्यले पछिल्लो समय व्यापार घट्दो अवस्थामा रहेको बताउँदै अव्यवस्थित फुटपाथ बजारलाई हटाइ भाडामा बस्ने व्यवसायीलाई संरक्षण गरिनुपर्ने बताए। उनले सटर भाडामा लिएर व्यवसाय गर्ने व्यवसायीलाई सहजरूपमा व्यवसाय गरी आम्दानी गरेर कर तिर्ने वातावरण तयार गर्न महानगरलाई आग्रह गरे।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Urban Development and Building Construction Office Kailali

Invitation for Online-Bids

(Notice No: FUDBCO/KAILALI/NCB/Works/ 2081/082/03)

Date of Publication: 2081/08/12(27th Nov,2024)

1. Federal Urban Development and Building Construction Office, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system www.bolpatra.gov.np/egp.

Contract ID	Description of Works	Total Estimated AmountNRs (Without VAT including Provisional Sum)	Bid Security Amount (NRs)	Bid Document Fee (NRs)
FUDBCO/KAILALI/Works/NCB/24-2081/082	Upgradation of road Sirsha Basauti Road Section at Parshuram Municipality-02,Dadeldhura.	85,63,086.90	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/25-2081/082	Construction of Incomplete building of Tikapur Yogashram (Proposed Yoga Research Centre) at Tikapur Municipality Kaillai.	85,63,086.90	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/26-2081/082	Construction of Community Buildings for Thakali Sewa Samaj at Tikapur Municipality,01 kailali.	85,59,288.36	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/27-2081/082	Upgradation of Road from Mohanapul to boarder of ward no -09,Krishnapur,Kanchanpur.	85,58,140.44	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/28-2081/082	Upgradation of Different Roads in Bhimdatta Municipality at 4 & 18 Ward.	85,61,246.80	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/29-2081/082	Upgradation of jhilmila Road Bhimdatta Municipality 09,Kanchanpur.	85,58,612.84	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/30-2081/082	Upgradation of Road and Drain from Baiyabehadi Tinkune chok west-nawajyoti marg Via Raikatole –Purano Bhansar Road at Dhangadhi Sub Metro-politan City ward No-02. Kailali.	85,56,550.07	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/31-2081/082	Construction of Green Belt Road in Ward No-1 & 3 of Punarwas Municipality Kanchanpur(West side of 65 Bigha)	85,60,286.78	230000.00	3000
FUDBCO/KAILALI/Works/NCB/32-2081/082	Construction of Premises of Saraswati Ma.Vi,Tikapur Municipality-01,Kailali.	85,59,169.57	230000.00	3000

Office Chief

प्रधानमन्त्रीको निर्देशनपछि तत्काल आवासीय चिकित्सकको निर्वाह भत्ता नथपिने

चिकित्सा शिक्षा आयोगले तोकेको ४८ हजार रुपैयाँ निर्वाह भत्तामा कुनै सम्झौता नहुने स्वास्थ्य मन्त्रालयको भनाइ



स्नातकोत्तर तह (पिजी)को एमडी/एमएस/एमडिएस अध्ययन गर्ने आवासीय चिकित्सकका विषयमा छलफल गर्न मंगलबार स्वास्थ्यमन्त्री प्रदीप पौडेल, शिक्षामन्त्री विद्या भट्टराईसहित सरोकारवाला निकायका प्रतिनिधि सहभागी बैठक।



● **प्रदीप पौडेल,** स्वास्थ्यमन्त्री

मेडिकल कलेज सञ्चालक मर्कामा नपर्ने गरी विद्यार्थीको अवमूल्यन पनि नहोस् भनेर 'विन-विन' हुने गरी निष्कर्ष निकाल्ने पक्षमा छौं। यो विषयमा मंगलबार शिक्षामन्त्रीज्यूसँग पनि छलफल गरेका छौं। थप छलफलपछि सहमति निकालेर प्रधानमन्त्रीलाई जानकारी गराएर सोहीअनुसार निर्णय गराउने तयारी भइरहेको छ।



● **डा. अरुण उप्रेती,** संयोजक, स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति

पूर्णकालीन दक्ष चिकित्सक भइसकेपछि पनि आवासीय चिकित्सकका रूपमा काम गर्न पनि पैसा तिर्नुपर्ने र न्यायोचित पारिश्रमिक पनि नपाइनुले गर्दा नेपालबाट बर्सेनि हजारौं चिकित्सक बिदेसिने गरेका छन्। प्राइभेट कलेजका सञ्चालकले सात सय सिट खेर जाने भनी ब्ल्याकमेल गर्दै पुनः चिकित्सकलाई शोषण गरिराख्न खोजेका छन्।

मञ्जु टेलर/नयाँ पत्रिका

स्नातकोत्तर तह अध्ययनरत आवासीय चिकित्सकको निर्वाह भत्ता तत्काल कार्यान्वयनमा नआउने भएको छ। प्रधानमन्त्री केपी ओलीको निर्देशनमा निजी मेडिकल कलेजहरूले निर्वाह भत्ता बढाउनुपर्ने निर्णय तत्काल लागू गर्नबाट चिकित्सा शिक्षा आयोग पछि हटेको हो।

मेडिकल कलेजहरूले 'सेल्फ अप्राइजल फाराम' भर्दा निर्वाह भत्ता ४८ हजार रुपैयाँ दिने प्रतिबद्धता गर्नुपर्ने आयोगको निर्णय तत्कालका लागि रोकेको हो। प्रधानमन्त्रीको निर्देशनपछि प्रतिबद्धतासहित कलेजलाई सिट निर्धारणका लागि 'सेल्फ अप्राइजल फाराम' भर्न दिने व्यवस्था गरेसँगै आयोगको निर्णय कार्यान्वयनमा नआउने भएको हो।

स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समिति र नेपाल सरकारबिच १३ असोज ०८० मा नेपालका आवासीय र इन्टर्न चिकित्सकको निर्वाह भत्तामा न्यूनतम सरकारीसरह एकरूपता कायम गर्ने निर्णय भएको थियो। सो निर्णय कार्यान्वयनका लागि स्वास्थ्यसचिवको संयोजकत्वमा स्वास्थ्य, शिक्षा, गृह, अर्थ, श्रम, कानुन गरी ६ मन्त्रालयका सहसचिव, चिकित्सा शिक्षा आयोगका सदस्यसचिव तथा नेपाल मेडिकल काउन्सिल, नेपाल चिकित्सक संघ र संघर्ष समितिका प्रतिनिधि सम्मिलित समितिले महिनौं अध्ययन गरी सिफारिस गरेको थियो। सो सिफारिसअनुसार स्वास्थ्य मन्त्रालयले चिकित्सा शिक्षा आयोगलाई निर्वाह भत्ता न्यूनतम सरकारीसरह पारिश्रमिक दिइने सुनिश्चितता गर्न पत्राचारसमेत गरेको थियो। तर, प्राइभेट मेडिकल कलेजले सिट माग गर्दा अनिवार्य रूपमा पिजी तहका आवासीय चिकित्सकलाई आठौं तहको निर्वाह भत्ताको सुनिश्चितता गरेर मात्र सिट दाबी गर्न मिल्ने गरी आयोगले व्यवस्था गरेपछि लामो समयदेखि कलेजहरूले 'सेल्फ अप्राइजल फाराम' नै भरेका थिएनन्। मेडिकल कलेजहरूले भने निर्वाह भत्ता बढाउनुपर्ने भएमा शुल्क पनि बढाउनुपर्ने सर्त राख्दै आएका थिए।

■ आवासीय चिकित्सकहरूको विरोध

प्रधानमन्त्रीको निर्देशनका कारण आयोगको निर्णयसमेत कार्यान्वयनमा आउन नसकेको भन्दै आवासीय चिकित्सकले आपत्ति जनाएका छन्। भत्तासहित निःशुल्क पढ्न पाउने विश्वव्यापी मान्यताविपरीत २३ लाख शुल्क तिरेपछि पनि न्यायोचित निर्वाह भत्ताको सुनिश्चितता नहुनुले नेपालमा अनिवार्य ठगिन तयार रहनुपर्ने वातावरण बनेको भन्दै चिकित्सकहरूले विरोध गरेका हुन्।

स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिका संयोजक डा.अरुण उप्रेतीले अहिलेको अवस्थामा एउटा पूर्णकालीन चिकित्सकलाई निजी मेडिकल कलेजले महिनाको १८ हजार रुपैयाँ दिएर हप्ताको १२६ घण्टासम्म काम लगाएर शोषण गरिरहेको बताए।

'पूर्णकालीन दक्ष चिकित्सक भइसकेपछि पनि आवासीय चिकित्सकका रूपमा काम गर्न पनि पैसा तिर्नुपर्ने र न्यायोचित पारिश्रमिक पनि नपाइनुले गर्दा नेपालबाट बर्सेनि हजारौं चिकित्सक बिदेसिने गरेका छन्। प्राइभेट कलेजका सञ्चालकले सात सय सिट खेर जाने भनी ब्ल्याकमेल गर्दै पुनः चिकित्सकलाई शोषण गरिराख्न खोजेका छन्। अहिलेको अवस्थामा एउटा पूर्णकालीन चिकित्सकलाई कलेजले महिनाको १८ हजार रुपैयाँ दिएर हप्ताको १२६ घण्टासम्म काम लगाइराखेका छन्,' स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। निर्वाह भत्ताको सुनिश्चितता नगरी प्राइभेट कलेजलाई सिट दाबी गर्ने व्यवस्था गर्नुले नेपाल सरकारले इमानदारितामै प्रश्न उठाएको र करिब पाँच हजार आवासीय चिकित्सक, परीक्षाको तयारी गरिराखेका हजारौं चिकित्सक, सातवटा मन्त्रालय र आयोगका सहसचिवहरूको पनि अपमान भएको समितिले जनाएको छ।

आठौं तहको चिकित्सकबराबर ४८ हजार रुपैयाँ निर्वाह भत्ता दिने व्यवस्था हटाएपछि निजी मेडिकल कलेजले फाराम बुझाउन थालेको एसोसिएसन अफ प्राइभेट मेडिकल एन्ड डेन्टल कलेज अफ नेपालले जनाएको छ। स्वास्थ्य मन्त्रालयले भने आयोगले तोकेको ४८ हजार रुपैयाँ निर्वाह भत्तामा कुनै सम्झौता नहुने र कुनै पनि बहानामा पिजीको शुल्क वृद्धि हुन नदिने पक्षमा रहेको जनाएको छ।

'मेडिकल कलेज सञ्चालक मर्कामा नपर्ने गरी विद्यार्थीको अवमूल्यन पनि नहोस् भनेर 'विन-विन' हुने गरी निष्कर्ष निकाल्ने पक्षमा छौं। यो विषयमा मंगलबार शिक्षामन्त्रीज्यूसँग पनि छलफल गरेका छौं र थप छलफलपछि सहमति निकालेर प्रधानमन्त्रीलाई जानकारी गराएर सोहीअनुसार निर्णय गराउने तयारी भइरहेको छ,' स्वास्थ्यमन्त्री प्रदीप पौडेलले भने।

हाल देशभरका शिक्षण अस्पतालमा लगभग पाँच हजार आवासीय चिकित्सक कार्यरत छन्, जुन सबैभन्दा ठुलो चिकित्सकको समूह हो। आवासीय चिकित्सकका रूपमा अध्ययन गर्न पाँचवर्षे एमबिबिएस अध्ययनपछि एक वर्षको अनिवार्य इन्टर्नसिप पूरा गरी एनएमसी परीक्षा उत्तीर्ण गरी कम्तीमा एक वर्ष कार्यानुभव भएको हुनुपर्छ। आवासीय चिकित्सक नेपाल मेडिकल काउन्सिलमा दर्ता भएर स्वतन्त्र रूपमा चिकित्साशास्त्रको काम दक्ष रूपमा गर्न सक्ने चिकित्सक हुन्। आवासीय चिकित्सकलाई विद्यार्थीका रूपमा नभई पूर्णकालीन चिकित्सकको मान्यता दिनुपर्ने विश्वव्यापी कानुनी प्रवधान छ। अधिकांश देशले विनाशुल्क आवासीय चिकित्सक कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

■ संघीय अस्पतालमा अब विद्युतीय हाजिरी अनिवार्य

स्वास्थ्य मन्त्रालयले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य गर्न परिपत्र गरेको छ। कतिपय सरकारी अस्पतालमा कार्यालय समयमा चिकित्सक उपलब्ध नहुने गुनासो आएपछि विद्युतीय हाजिरीमार्फत रेकर्ड राख्ने व्यवस्था मिलाउन मन्त्रालयले परिपत्र गरेको हो। स्वास्थ्यमन्त्री प्रदीप पौडेलले कार्यालय समयमा चिकित्सक बाहिर भेटिने समस्या अन्त्य गर्न विद्युतीय हाजिरी अनिवार्य गरेर कडाइ गर्न मातहतका कर्मचारीलाई निर्देशन दिएका थिए। त्यसलगत्तै मन्त्रालयअन्तर्गतको गुणस्तर मापन तथा नियमन महाशाखाले २४ वटा संघीय अस्पताललाई विद्युतीय हाजिरी अनिवार्य व्यवस्था गरेर सोको जानकारी पठाउन पत्राचार गरेको हो।

मन्त्रालयले विद्युतीय हाजिरी राखिएपछि समयमा चिकित्सक उपलब्ध भए-नभएको अनुगमनसमेत थाल्ने भएको छ। मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले कार्यालय समयमा चिकित्सक तथा स्वास्थ्य कर्मचारी नभएका गुनासो सम्बोधन गर्न हाजिरीलाई विद्युतीय बनाउने निर्णय भएको बताए। 'हामीले सबै संघीय अस्पताललाई विद्युतीय हाजिरी व्यवस्था अनिवार्य गर्न भनेका छौं। त्यसपछि अनुगमन गर्दा नभएको पाइएमा कारबाही हुनेछ,' उनले भने। मन्त्रालयले केही दिनअघि औषधिको मूल्य सबैले देख्ने गरी सार्वजनिक गर्न सबै संघीय अस्पताल तथा मेडिकल कलेजहरूलाई समेत पत्राचार गरेको थियो। जसको विवरण दुई साताभित्र सार्वजनिक गर्न मन्त्रालयले पत्राचार गरेको थियो। यसको समेत अनुगमन गर्ने तयारी मन्त्रालयले गरेको प्रवक्ता बुढाथोकीले बताए।

एकीकृत समाजवादीमा नेताको कार्यविभाजनमै सकस

नयाँ पत्रिका

एकीकृत समाजवादीमा महाधिवेशनपछि चुलिएको विवादका कारण नेताहरूको कार्यविभाजनमै सकस परेको छ। कार्यविभाजनमा ढिलाइ हुँदा कार्यकर्तामा निराशा, आक्रोश र पलायनसम्म देखिएको छ।

महाधिवेशन प्रतिनिधि तल्लो तहबाट छानिएर आउनुपर्ने निर्णय उल्ट्याउँदै केन्द्रीय सदस्य र निकायबाट स्वतः प्रतिनिधि हुने व्यवस्था गरिएपछि तल्लो कमिटीका नेताहरूमा असन्तुष्टि देखिएको थियो। महाधिवेशनमा केन्द्रीय सदस्य र पदाधिकारीको आकांक्षी धेरै भएपछि अध्यक्षमा माधवकुमार नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसालसहित ९३ सदस्यीय केन्द्रीय कमिटी चयन गर्दै बाँकी सदस्य चयन गर्ने जिम्मा नवनिर्वाचित केन्द्रीय कमिटीलाई दिइएको थियो।

२९९ सदस्यीय केन्द्रीय कमिटी चयन गर्ने विधान महाधिवेशनले पारित गरे पनि बढाएर ३४४ सदस्यीय केन्द्रीय कमिटी घोषण गरिएको थियो। त्यसपछि कमिटीमा नपरेका नेताहरू असन्तुष्ट बनेका छन्। पदाधिकारी र पोलिटब्युरो सदस्यको निर्वाचनले विवादलाई झन् बढाइदियो। निर्वाचनमा 'चिर्कटो' बाँडिएको विषयलाई लिएर नेताहरूले असन्तुष्टि जनाएका छन्। नेताहरूले सामाजिक सञ्जालमै असन्तुष्टि पोख्दै आएका छन्। कतिपय नेताहरू महाधिवेशनपछि निष्क्रिय बसेका छन्। केहीले भने पार्टी नै परित्याग गरेका छन्।

पदाधिकारी र पोलिटब्युरोमा पराजित नेताहरूले सबै कमिटी भंग गरेर अगाडि बढ्नुपर्ने माग गरेका छन्। पदाधिकारी र पोलिटब्युरो खारेज गर्दै केन्द्रीय केन्द्रीय कमिटी बैठक बोलाएर अगाडि बढ्नुपर्नेमा उनीहरूको जोड छ। एकीकृत समाजवादीका उपमहासचिव रामकुमार भट्टराईले केही दिनमै कार्यविभाजन टुंग्याउने दाबी गरे। 'अब कार्यविभाजन हुन्छ, त्यसपछि पार्टी रफ्तारमा अघि बढ्छ,' उनले भने, 'बाहिर चर्चा भएजस्तो विवाद पार्टीमा छैन। पार्टीले आफ्नो गतिविधि गरिरहेको छ।'

कार्यविभाजनका लागि अध्यक्ष नेपाल, सम्मानित नेता खनाल, वरिष्ठ नेताहरू डा. बेदुराम भुसाल, घनेन्द्र बस्नेत र प्रमेश हमाल तथा वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव भुसाल रहेको कार्यदल गठन गरिएको छ। पार्टी एकता कायम राख्न असन्तुष्ट नेताहरूलाई समेटेर कार्यविभाजन गर्ने तयारी रहेको नेताहरूले बताएका छन्। एकीकृत समाजवादीका सांसदहरू किसन श्रेष्ठ, प्रेम आलेलगायत पार्टी नेतृत्वप्रति असन्तुष्ट छन्।



● **झलनाथ खनाल,** सम्मानित नेता, एकीकृत समाजवादी

सम्मानित नेता खनालले कार्यविभाजनको आधाजसो काम सकिएको बताए। बाँकी काम सकिएपछि नेताहरूको कार्यविभाजन हुने र त्यसपछि पार्टीले गति लिने उनले दाबी गरे। 'हामी कार्यविभाजनको कामलाई अगाडि बढाउँदै छौं। आधाउधि काम सकिएको छ। केही काम गर्न बाँकी छ। ती काम सकिएपछि कार्यक्षेत्र विभाजन हुन्छ। पार्टीका कार्यभार अगाडि आउँछन्। त्यसपछि पार्टीमा गति आउँछ,' उनले भने।

१०औं राष्ट्रिय महाधिवेशन सफलतापूर्वक सम्पन्न गरे पनि पदाधिकारी निर्माण गर्ने वेलामा सहमति छोड्दा समस्या आएको खनालको तर्क छ। '१८४७ प्रतिनिधिहरूको बिचबाट ३४४ केन्द्रीय कमिटीका सदस्यचाहिँ सहमतिमा चयन गर्न सक्ने अनि ३४४ सदस्यको बिचबाट १७ जना पदाधिकारी सहमतिका साथ चयन गर्न नसक्ने प्रवृत्तिले पार्टी केन्द्रमा एउटा ठुलो समस्या खडा गऱ्यो। त्यसले गर्दा पार्टीलाई जुन हिसाबले अगाडि बढाउनुपर्ने थियो, त्यो हिसाबले अगाडि बढाउन सकिएन। ती उत्पन्न भएका समस्या समाधानको प्रोसेसमा हामी छौं। ती समाधान हुँदै गएका छन्,' उनले भने। एकीकृत समाजवादीमा विशेष महाधिवेशन वा राष्ट्रिय सम्मेलनको माग उठे पनि त्यसको सम्भावना न्यून देखिएको एक पदाधिकारीले बताए।

संक्षेप

काठमाडौं- १६ मा रास्वपालाई स्वतन्त्रको समर्थन

काठमाडौं/ स्थानीय तहको १६ मंसिरमा हुने उपनिर्वाचनका लागि काठमाडौं-१६ मा रिक्सा चुनाव चिह्न लिएर स्वतन्त्र उम्मेदवार बनेका प्रकाश पन्तले रास्वपालाई समर्थन गरेका छन्। वडा नं. १६ मा रास्वपाले रोजिना श्रेष्ठलाई उम्मेदवार बनाएको छ। स्थानीय स्तरमा लामो समय सामाजिक कार्यमा संलग्न भई वडाको बृहत्तर विकासमा समेत योगदान पुऱ्याएकी श्रेष्ठले आफूलगायत परिवर्तनका पक्षधरहरूको भावना समेटेर काम गर्ने विश्वास गर्दै आफूले समर्थन गरेको पन्तले उल्लेख गरेका छन्। 'रास्वपाको प्रतिबद्धतापत्र र मेरो उम्मेदवारीको प्रतिबद्धता समान उद्देश्य प्राप्तिका लागि भएको हुँदा यसको कार्यान्वयनका लागि सहकार्य गर्ने सहमति गरेका हौं। श्रेष्ठलाई विजयी गराएर यस वडामार्फत महानगरपालिकाको समग्र विकासका लागि महत्त्वपूर्ण योगदान दिन सकिन्छ भन्ने विश्वासले समर्थन गरेको छु,' उनले भनेका छन्।

बलात्कार आरोप लागेका वृद्ध पक्राउ

लहान/ बालिका बलात्कारको आरोपमा प्रहरीले सिराहाको धनगढीमाई नगरपालिका- १३ असारी बजारका एक वृद्धलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा ७२ वर्षीय रुद्रबहादुर खत्री रहेको इलाका प्रहरी कार्यालय लहानले जनाएको छ। बालिका बलात्कारको घटना सार्वजनिक भएलगत्तै फरार रहेका उनलाई प्रहरीले खोजतलासका क्रममा उदयपुरको त्रियुगा नगरपालिका- ४ बगहास्थित आफन्तको घरमा लुकीछिपी बसिरहेको अवस्थामा शनिबार राति पक्राउ गरी लहान ल्याइएको लहान प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक विष्णुप्रसाद सोतीले बताए। उनका अनुसार आरोपी खत्रीविरुद्ध जबर्जस्ती करणी मुद्दाअन्तर्गत आइतबार सिराहा जिल्ला अदालतबाट पहिलोपटक सात दिनको म्याद लिई लहान प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ। गत ३ मंसिरमा उनले १० वर्षीया बालिकालाई बलात्कार गरेको प्रहरीमा उजुरी परेको छ।

संरक्षित वन्यजन्तुको सिङसहित युक्रेनी नागरिक समातिए



कास्की/ संरक्षित वन्यजन्तुको सिङसहित प्रहरीले पोखराबाट एक युक्रेनी नागरिकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा २१ वर्षीय फिलिप भिल्को भिस्क्या रहेको कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलियाले बताए। काठमाडौं जानेक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक प्रस्थान गेटमा रहेको एक्सरे मेसिनमा उनको झोला चेकजाँच गर्ने क्रममा संरक्षित वन्यजन्तु घोरलको जस्तो देखिने दुई चुच्चो परेको जोडिएको सिङ फेला परेको थियो। सिङ फेला परेसगै विमानस्थलमा सुरक्षार्थ खटिएको प्रहरीले दिएको जानकारीपछि वडा प्रहरी कार्यालय रामबजारबाट अनुसन्धान अधिकृतसहितको प्रहरी टोली खटिएको थियो। प्रहरी टोलीले झोलाबाट बरामद गरेको सिङसहित फिलिपलाई आवश्यक कारबाहीका लागि पोखरा महानगरपालिका- १५ नयाँगाउँस्थित अन्नपूर्ण संरक्षण क्षेत्र कार्यालय पठाइएको ओलियाले बताए। अन्नपूर्ण पदमार्गमा पदयात्राका लागि गएका उनले मनाङ एरियामा पदयात्राका क्रममा बाटोमा सिङ फेला पारेकाले ल्याएको बताएका थिए।

लुम्बिनी बौद्ध विश्वविद्यालयबाट २८९ जना दीक्षित हुँदै

बुटवल/ लुम्बिनी बौद्ध विश्वविद्यालयको तेह्रौं विशेष दीक्षान्त समारोहमा एक विदेशीसहित २८९ जना दीक्षित हुने भएका छन्। २०औं वार्षिकोत्सवको अवसरमा १४ मंसिरमा हुन लागेको विश्वविद्यालयको दीक्षान्त समारोह प्रधानमन्त्री एवं कुलपति केपी ओलीको अध्यक्षतामा हुनेछ। विश्वविद्यालयले पहिलोपटक भिक्षुणी धम्मावती (गणेशकुमारी शाक्य)लाई मानार्थ विद्यावारिधिको उपाधि प्रदान गर्ने भएको छ। बौद्ध शिक्षा, धर्म, दर्शनको विकास तथा प्रवर्द्धनमा अतुलनीय योगदान पुऱ्याएबापत उनलाई मानार्थ विद्यावारिधि प्रदान गर्न लागेको विश्वविद्यालयका रजिस्ट्रार डा. तिलकराम आचार्यले बताए। उनका अनुसार दीक्षान्त समारोहमा प्रत्येक संकायबाट स्नातक तह र स्नातकोत्तर तहमा सर्वोत्कृष्ट १३ विद्यार्थीलाई विश्वविद्यालय स्वर्ण पदकबाट सम्मान गरिनेछ।

■ तरकारीको जोहो...



ललितपुरको कुपन्डोलस्थित बागमती करिडोरमा जमेको पानीमा माछा मार्दै युवा। बाढीले अन्यत्रबाट बगाएर ल्याएका माछा जमेको पानीमा भेटिने गरेको उनीहरूले बताए। **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

फरार अभियुक्त प्रहरीकै इन्स्पेक्टर भएको खुलेपछि...



धर्मेन्द्र अकौलिया

काठमाडौं/ महिनौंदेखि प्रहरीको फरार सूचीमा रहेका एक अभियुक्त प्रहरीकै इन्स्पेक्टर भएको खुलेको छ। आपराधिक विश्वासघातसम्बन्धी कसुरमा फरार रहेका धर्मेन्द्र अकौलिया कानुन कार्यान्वयन गर्ने जिम्मेवारीमै थिए। जिल्ला अदालत काठमाडौंबाट गत साउनमै पक्राउ पुर्जी जारी प्रहरी वृत्त स्वयम्भूमा उनी प्रहरी निरीक्षकका रूपमा कार्यरत थिए।

हाल उनी कार्यरत रहेको स्वयम्भू वृत्तले गत ३ साउनमा उनीविरुद्ध आपराधिक विश्वासघात मुद्दा चलाएको थियो। कानुनी रूपमा फरार रहेका उनी आफैं अन्य फरारको खोजी गर्ने र शान्ति सुरक्षा गर्ने जिम्मेवारीमा थिए। वास्तविकता खुलेपछि उनी निलम्बनमा परेका छन्। गत साता जिल्ला प्रहरी परिसर, काठमाडौंले फरार अभियुक्तहरूको खोजी गर्ने फरार व्यक्तिको नाममा आफ्नै इन्स्पेक्टरसम्म मिल्दो नाम देख्यो। त्यति मात्र होइन, ठेगानासमेत मिलेपछि थप बुझ्दा फरार रहेका व्यक्ति प्रहरी इन्स्पेक्टरकै रूपमा कार्यरत रहेको पुष्टि भएको थियो। त्यसपछि प्रहरी वृत्त स्वयम्भूका डिएसपी उद्धवसिंह भाटले अकौलियालाई अदालतमा बुझाएका हुन्।

गत ५ मंसिरमा इन्स्पेक्टर अकौलियालाई जिल्ला अदालत, काठमाडौंका न्यायाधीश ईश्वरीप्रसाद भण्डारीको इजलासले एक लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो। फौजदारी मुद्दा लागेपछि प्रहरी कर्मचारी स्वतः निलम्बनमा पर्ने व्यवस्था छ। इन्स्पेक्टर अकौलिया सीतापाइलास्थित मारुती बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति सदस्य थिए। सो सहकारीका अध्यक्ष वसन्त भेटवाल हुन्। अध्यक्ष भेटवालविरुद्ध ०८० भदौमा नृपेश श्रेष्ठले प्रहरीमा जाहेरी दर्ता गरेका थिए। सहकारीले कारोबारमा विश्वासघात गरेको भन्दै जाहेरी दिएकोमा गत साउनमा स्वयम्भू वृत्तले अनुसन्धान पूरा गरी सरकारी वकिलमार्फत काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। प्रहरीले अध्यक्ष भेटवालसहित सहकारीका सातैजनालाई सञ्चालकलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। जसमा प्रतिवादी बनेका अकौलिया आफ्नै इन्स्पेक्टर भन्ने थाहा थिएन। त्यतिवेला उनी काभ्रेमा कार्यरत थिए।

गत २७ भदौमा सरुवा भएर उनी आफूविरुद्ध अनुसन्धान गरेको स्वयम्भू वृत्तमै पुगे। तैपनि आफूविरुद्धको मुद्दा उनले गोप्य नै राखे। मुद्दा चलेको संगठनले थाहा पाए निलम्बनमा पर्न सक्ने भएकाले उनले गोप्य राखेका थिए। हाल वास्तविकता खुलेपछि उनी निलम्बनमा परेका छन्। प्रहरी स्रोतका अनुसार सहकारीका अध्यक्ष भेटवाल उनका निकटस्थ व्यक्ति हुन्।

सुदूरपश्चिम प्रदेशका चार मन्त्रालयका वेबसाइट पाँच महिनादेखि बन्द



● **शिवसिंह ओली** सांसद, माओवादी

मन्त्रालयसँग सबै नागरिकको प्रत्यक्ष सम्पर्कको पहुँच हुँदैन। वेबसाइट हेरेर जानकारी पाउने अवस्था छैन। वेबसाइट सञ्चालनमा नआउँदा नागरिक सूचनाहरू पाउनबाट वञ्चित भएका छन्।

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सरकारका मन्त्रालयका वेबसाइट करिब पाँच महिनादेखि बन्द छन्। प्रदेशका चारवटा मन्त्रालय र तीनवटा निकायका वेबसाइट बन्द रहेका हुन्। वेबसाइट बन्द हुँदा सर्वसाधारण र सरोकारवालाले सम्बन्धित निकायका सार्वजनिक सूचना पाउन सकस भएको छ। लामो समयदेखि बन्द वेबसाइट बनाउन सरकारले बेवास्ता गरेको छ।

प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सामाजिक विकास मन्त्रालयको वेबसाइट बन्द छन्। प्रदेश प्रमुखको कार्यालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति तथा योजना आयोगको वेबसाइट पनि करिब पाँच महिनादेखि चलेका छैनन्। यसअघि बन्द रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयको वेबसाइट भने सञ्चालनमा ल्याइएको छ। तर, वेबसाइट खुले पनि त्यसभित्रका कुनै पनि सूचना, जानकारी हेर्न सकिने बनाइएको छैन। वेबसाइटहरू बन्द हुँदा मन्त्रालय र सम्बन्धित निकायका महत्त्वपूर्ण सार्वजनिक जानकारी र सूचना ती निकायका सूचनापाटीमा सीमित बनेका छन्।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित सातवटा मन्त्रालय रहेको सुदूरपश्चिममा यसअघि अन्य मन्त्रालयका वेबसाइटमा पनि समस्या देखिएको थियो। गत असारमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइट पनि केही समय ह्याक भएको थियो।

वेबसाइट बन्द भएको लामो सयमसम्म पनि सञ्चालन हुन नसक्दा सर्वसाधारणले मन्त्रालय र निकायसँग सम्बन्धित सूचना पाउन समस्या भएको माओवादी सांसद शिवसिंह ओलीले बताए। 'मन्त्रालयसँग सबै नागरिकको प्रत्यक्ष सम्पर्कको पहुँच हुँदैन। वेबसाइट हेरेर जानकारी पाउने अवस्था छैन,' उनले भने, 'वेबसाइट सञ्चालनमा नआउँदा नागरिक सूचनाहरू पाउनबाट वञ्चित भएका छन्।' आफ्नै वेबसाइटसमेत बनाउन नसक्नु सरकारको असक्षमता भएको उनको टिप्पणी छ।

दातृ निकायको सहयोगमा संघीय सरकारले सञ्चालन गरिरहेको स्थानीय तथा प्रादेशिक शासन सहयोग कार्यक्रमअन्तर्गत प्रदेशका वेबसाइट निर्माण गरिएका हुन्। गत २७ कात्तिकमा पत्रकार सम्मेलन गरेर सरकारका सयदिने उपलब्धि सार्वजनिक गर्दै मुख्यमन्त्री कमलबहादुर शाहले मन्त्रालयका वेबसाइट तत्काल सञ्चालनमा ल्याउन सम्बन्धित मन्त्रालयलाई निर्देशन दिइसकेको बताएका थिए। वेबसाइटको समस्या तत्काल समाधान हुने उनको दाबी थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सूचना अधिकारी जगदीशप्रसाद जोशीले प्रदेशका वेबसाइट बन्द भएकोबारे संघीय सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई जानकारी गराइसकिएको जानकारी दिए। 'किन बन्द भए भन्ने धेरै प्राविधिक जानकारी छैन, तर केन्द्रमा खबर गरिसकेका छौं, वेबसाइट बन्ने क्रममा छन्,' उनले भने।

एमाले जागरण सभाको सन्देश

जागरण सभाले एमाले कानुनी राज्य र विधिको शासनको पक्षमा रहेको र यसले अराजकता र अस्थिरतालाई नस्विकार्ने सन्देश दिएको छ



● राजेन्द्र गौतम

अग्रलेख

नेकपा एमाले सुशासन, विकास र समृद्धिलाई कार्यान्वयन गर्न अग्रणी र नेतृत्वदायी भूमिका खेलिरहेको राजनीतिक दल हो । यसका निम्ति मुलुकमा राजनीतिक स्थिरता अपरिहार्य छ । तर, अहिले मुलुक अस्थिरता र अराजकताबाट आक्रान्त बनेको छ । खासगरी समाजका सांस्कृतिक मूल्यहरू अवमूल्यन भइरहेका छन् । वर्षौंदेखिको सामाजिक सद्भाव, एकता र मेलमिलापलाई खण्डित गर्ने प्रयास भइरहेको छ । आर्थिक रूपमा मुलुकले चाहेको उपलब्धि हासिल गर्न सकेको छैन । अघिल्लो वर्षको तुलनामा समग्र अर्थतन्त्रका थुप्रै सूचकमा सुधार आइरहेको छ । आयात-निर्यातको व्यापार सन्तुलन कायम गरी लगानीको वातावरण सिर्जना गर्न अहिलेको सरकारले प्रयास गरिरहेकै छ । तर, केही सकारात्मक बिन्दु पहिल्याउन सकिए पनि र केही सकारात्मक संकेतसहितका परिणाम देखिए पनि अपेक्षित उपलब्धि भने हुन सकेको छैन । जनताको विकास र सुशासनको अपेक्षा र सरकारको सामार्थ्यबिच फराकिलो खाडल छ । त्यसैले अहिलेको सरकारले गतिका साथ काम गरेर जनआकांक्षा पूरा गर्ने दिशामा मुलुकलाई अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

यी सबै पृष्ठभूमिमा नेकपा एमालेले मुलुकमा अस्थिरता र अराजकता नियन्त्रण गर्दै त्यसविरुद्ध एउटा सशक्त जनमत निर्माण गर्ने उद्देश्यसहित राष्ट्रिय स्वाधीनताको रक्षा, सामाजिक सद्भावका लागि जागरण पैदा गर्दै अगाडि बढ्न खोजिरहेको छ । विगतमा हामीले मिसन ग्रासरुट र चिवाभञ्ज्याङ-झुलाघाट अभियान पनि राष्ट्रिय जागरणकै कार्यक्रमका रूपमा सञ्चालन गर्‍यौं । त्यसैको पछिल्लो कडीका रूपमा हामीले यही ७ मंसिरमा काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कमिटीलाई आयोजक बनाएर काठमाडौंको दरबारमार्गमा एउटा ठुलो जागरण सभा सम्पन्न गर्‍यौं । यो जागरण सभाको मूल सन्देश भनेको एमाले सधैं कानुनी राज्य र विधिको शासनको पक्षमा छ र यसले कुनै पनि मानेमा अराजकता र अस्थिरतालाई स्विकार्दैन भन्ने हो । जतिवेलासम्म मुलकुमा अस्थिरता र अराजकता कायम रहन्छ, त्यतिवेलासम्म मुलुकले चाहेको सुशासन, विकास र समृद्धिको जनआकांक्षा पूरा हुन सक्दैन र सरकारले पनि अपेक्षित रूपमा काम गर्न सक्दैन भन्ने निष्कर्षमा हामी पुगेका छौं । त्यसकारण सुशासन र विकासको जनआकांक्षालाई पूरा गर्ने दिशातर्फ अगाडि बढ्ने बाधक प्रवृत्तिका रूपमा खडा भएको अराजकता र अस्थिरतालाई निषेध गर्न व्यापक जनमत निर्माण गर्नुपर्ने विद्यमान परिस्थिति छ । यिनै परिस्थितिलाई मध्यनजर गरी राष्ट्रिय जागरणका लागि जनमत सिर्जना गर्नकै लागि हामीले जागरण सभा आयोजना गर्‍यौं । यो सभाले मूलतः सामाजिक सञ्जाल र फेक आइडीको दुरुपयोग गरेर गलत सूचनामार्फत जनतामा भ्रम सिर्जना गर्ने र समाजमा अराजकता खडा गरेर लोकतन्त्र र विधिको शासनमाथि भइरहेको षड्यन्त्रविरुद्ध जनतालाई जागरुक गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको हामीले विश्वास गरेका छौं । जागरण सभाबाटै हामीले एमाले नेतृत्व र सरकारमाथि लगाइएका आरोप र कतिपय भ्रम चिरिने गरी जनतालाई स्पष्ट पारेका छौं ।

हामी मुलुकको अर्थतन्त्रलाई एउटा लयमा फर्काएर आर्थिक वर्षको लक्ष्यअनुरूप अपेक्षित राजस्व वृद्धि गर्ने र मुलुककलाई सुशासन र विकासका निम्ति एउटा स्थायी सरकारको आवश्यकता पूर्ति गर्दै अगाडि बढ्न खोजिरहेका छौं । स्थिरताको आवश्यकता परिपूर्तिकै लागि हामीले कांग्रेससँग सातबुँदे सहमति गर्‍यौं । केन्द्र र प्रदेश दुवैमा आलोपालो सहमतीय सरकारको नेतृत्व त्यही उद्देश्यका लागि गरिएकाले ०८४ सम्म देशमा स्थिर सरकार सुनिश्चित भएको सन्देश दिएका छौं । वर्षैपिच्छे सरकार परिवर्तन हुँदा विकास निर्माणमा भइरहेको अवरोधलाई यो सहमतिले चिरेको छ भन्ने सन्देशलाई सबैतिर पुऱ्याउनुपर्ने आवश्यकताबोधसहित कांग्रेस-एमालेपंक्ति अगाडि बढ्नुपर्छ । सातबुँदे सहमतिअनुसार यसबिच संविधान संशोधनको प्रश्नलाई पनि सम्बोधन गर्ने र संशोधनका एजेन्डामा सहमति खोज्ने, समग्रमा संविधानको दशवर्षे कार्यान्वयनको समीक्षा गर्दै पुनरावलोकन गर्ने र राष्ट्रिय सहमतिका साथ संविधान संशोधनको एजेन्डालाई अघि बढाएर कार्यान्वयन गर्ने पक्षमा एमाले दृढतापूर्वक उभिएको छ । त्यस्तै, जनताले अपेक्षा गरेको सामाजिक-आर्थिक रूपान्तरण, परिवर्तन र विकासको 'समृद्ध नेपाल : सुखी नेपाली'को राष्ट्रिय आकांक्षालाई पूरा गर्न नेकपा एमालेलाई नै सुदृढ, एकताबद्ध र निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्ने गरी हामीले पार्टीको समग्र नेतृत्वलाई जिल्ला, गाउँ र वडाकेन्द्रित शक्ति विन्यास गरेर पार्टी निर्माणको कार्ययोजनालाई प्रमुख प्राथमिकता दिँदै अगाडि बढिरहेका छौं । अनुभवले भन्छ- भिडले मात्र रूपान्तरण सम्भव छैन । यो तथ्यलाई गहिराइका साथ आत्मबोध गरेर पार्टी स्कुलका माध्यमबाट तलैसम्मका पार्टीपंक्तिलाई वैचारिक रूपमा प्रशिक्षित गरी मूलभूत प्रश्नको जवाफ दिन सक्ने सुस्पष्ट कार्यकर्ताको जमात तयार गर्ने र त्यही विचारको जगमा सुदृढ, एकताबद्ध र जुझारु संगठन निर्माण गर्ने, त्यही शक्तिको बलमा एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउने गरी हामीले समग्र पार्टी कामको केन्द्रबिन्दु बनाएका छौं ।



> सामाजिक सञ्जाल र फेक आइडीको दुरुपयोग गरेर गलत सूचनामार्फत जनतामा भ्रम सिर्जना गर्ने र समाजमा अराजकता खडा गरी लोकतन्त्र र विधिको शासनमाथि भइरहेको षड्यन्त्रविरुद्ध जनतामा जागरण ल्याउन हाम्रो सभाले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ

आजको शक्ति सन्तुलनमा पहिलो र दोस्रो दल कांग्रेस र एमालेजस्ता दुई ठुला राजनीतिक दल मिलेर एकसाथ सत्तामा जानु संसदीय प्रणालीका हिसाबले बेठिक भयो भन्दै विभिन्न कोणबाट टीकाटिप्पणी पनि भइरहेका छन् । मुलुक सही र स्वाभाविक दिशामा अगाडि बढिरहेको हुन्थ्यो भने यी प्रश्न स्वाभाविक पनि हुन्थे । तर, अहिलेको परिस्थिति भिन्न छ भन्ने तथ्यलाई हामीले जनतालाई प्रस्टसँग बुझाउनुपर्ने अवस्था छ । नेकपा एमाले र नेपाली कांग्रेस अहिले सत्ता सहकार्यका निम्ति सहमतिको प्रक्रियाबाट अगाडि बढिरहेका छन् । तर, यसको अर्थ यो होइन कि कांग्रेस र एमालेले आपसी प्रतिस्पर्धी र प्रतिद्वन्द्वी दल हुन् भन्ने कुरालाई पनि हेक्का राखेका छैनन् । १६ मंसिरको स्थानीय तहको उपनिर्वाचन आ-आफ्नै ढंगले नीति र कार्यक्रमका आधारमा प्रतिस्पर्धा गर्ने गरी अगाडि बढिरहेका पनि छौं । त्यसैले पनि नेपाली कांग्रेस एमालेबिचको सत्ता समीकरणलाई आठौं आश्चर्यका रूपमा नबुझ्न हामी आग्रह गर्छौं । यो राष्ट्रिय आवश्यकताअनुसार उत्पन्न भएको सहकार्य हो । शान्ति प्रक्रिया पूरा गर्न, लोकतन्त्रको आन्दोलन अगाडि बढाउन, संविधान निर्माण गर्न, उपलब्धिलाई संस्थागत गर्नका लागि यिनै दुई ठुला दलले पटक-पटक सहकार्य गरेका कारण अहिलेको सहकार्य नेपाली माटोको मौलिक खालको राजनीतिक संस्कृति हो भन्ने अर्थमा बुझ्न जरुरी छ । त्यसकारण प्रमुख प्रतिपक्ष र पहिलो ठुलो दलबिच देशलाई संकटबाट जोगाउन निश्चित उद्देश्यसहित भइरहेको सत्ता समीकरण आठौं आश्चर्य हुँदै होइन । यसलाई हामीले संसदीय राजनीतिको इतिहासमा नौलो र अन्तिम प्रयोगका रूपमा मात्रै बुझ्न हुँदैन । त्यसैले, अहिले हामी आपसी प्रतिस्पर्धी दल पनि हौं भन्ने पक्षलाई पनि ख्यालमा राखेर अगाडि बढिरहेका छौं ।

अहिले हाम्रो मुख्य ध्यान यो सरकारलाई जनप्रिय र जनमैत्री बनाउने दिशामा केन्द्रित छ । सुशासनमुखी, विकासमुखी, जनतामुखी परिवर्तनकारी काम गरेर शक्ति सञ्चय गर्दै सरकारको कामलाई सहयोग पुऱ्याउने, राम्रा कामलाई जनतामा स्थापित गर्ने गरी पार्टीपंक्ति परिचालित हुनुपर्छ ।

अहिले नेकपा एमालेका कार्यभार पनि प्रस्ट छन् । पहिलो र मुख्य र निर्णायक कार्यभार भनेको नेकपा एमाले पार्टीलाई वैचारिक रूपमा स्पष्ट, संगठनात्मक रूपमा सुदृढ, एकताबद्ध र जुझारु पार्टीका रूपमा विकसित गर्दै मुलुकको बलियो र निर्णायक राष्ट्रिय शक्ति निर्माण गर्नु हो । यसका निम्ति हामीले मुख्यतः दुईओटा काम गर्नेछौं । पहिलो, पार्टीलाई माथिल्लो एकाइदेखि तल्लो ग्रासरुटसम्म व्यापक पुनर्गठनको प्रक्रियाबाट अगाडि बढाउँछौं । दोस्रो, पुनर्गठित पार्टीलाई वैचारिक र राजनीतिक हिसाबले सुस्पष्ट दिशाबोध गर्ने गरी पार्टी निर्माणको एजेन्डालाई पनि अगाडि बढाउँछौं । यति मात्र होइन, यही मुख्य कार्यभार पूरा गर्नका लागि पार्टीमा शुद्धीकरण र सुदृढीकरणको अभियानलाई निरन्तरता दिनेछौं । साथै, कुनै पनि किसिमको आक्षेप, नैतिकहीन, आवेग, लोकतन्त्रविरोधी आक्षेपबाट मुक्त गर्दै एउटा अनुशासित पार्टी निर्माण गर्ने गरी अगाडि बढ्नका निम्ति सबैतिर व्यापक शुद्धीकरणको अभियान पनि अगाडि बढाइरहेका छौं । जुनसुकै मुद्दा या जतिसुकै ठुला नेता किन नहुन्, मुद्दा प्रमाणित हुन्छ, गल्ती पुष्टि हुन्छ भने निजले सफाइ नपाएसम्म पार्टीबाट निलम्बन या निष्कासन गर्ने र पार्टीलाई जनताको पार्टी, अनुशासित पार्टी, विधिसम्मत पार्टीका रूपमा स्थापित गराउने गरी काम गरिरहेका छौं । यसैको आधारमा आगामी आमनिर्वाचनमा वडादेखि पालिका, जिल्लादेखि प्रदेश हुँदै केन्द्रसम्म स्पष्ट बहुमत ल्याउने गरी पार्टी निर्माणको काम अगाडि बढाउँछौं । त्यसै सिलसिलामा १६ मंसिरमा हुन लागिरहेको उपनिर्वाचन हाम्रा लागि एउटा ठुलो चुनौतीको विषय छ । परिणामका हिसाबले हामीलाई नोक्सान भइहाल्ने सम्भावना त छैन । किनभने हामीले आठओटा वडाध्यक्ष मात्र गुमाएका छौं, तैपनि हामीले यो निर्वाचनमा बहुमत निर्वाचन क्षेत्र जित्ने गरी स्पष्ट कार्ययोजना बनाएर अगाडि बढिरहेका छौं । यो निर्वाचनलाई एउटा मिनी जनमतसंग्रहका रूपमा पनि हामीले लिएका छौं । बिचमा कमजोरी भए सच्याएर पार्टीलाई सुदृढ र एकताबद्ध बनाई अघि बढ्नेछौं ।

(गौतम एमाले स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख हुन्)

---

३ प्रश्न

परराष्ट्रविद्
हिरण्यलाल श्रेष्ठलाई



चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) के हो ?

बिआरआई चिनियाँ राष्ट्रपति सी जिनपिङले राखेको एउटा विकास सहकार्यसम्बन्धी प्रस्ताव हो । यो प्राचीन समयमा याक, उँट या घोडामार्फत युरोप, एसिया र अफ्रिका जोड्ने सिल्करोडको आधुनिक स्वरूप हो । यसले प्राचीन सिल्करोडबाट जोडिएका मुलुक र महादेशलाई आधुनिक रेलमार्ग र सडक सञ्जालले जोड्ने लक्ष्य लिएको छ । हामी 'ल्यान्डलक्ड' मुलुक भएकाले यहाँ सडकलाई भन्दा पनि रेललाई बढ्ता महत्त्व दिइएको छ । भूपरिवेष्टित भएकै कारण विगतमा हामीले पटकपटक आर्थिक नाकाबन्दी झेल्नुपरेको छ । त्यसैले, त्यसको एउटा भरपर्दो विकल्प हुन सक्छ यो बिआरई ।

हाम्रा लागि किन र कति आवश्यक छ यो सम्झौता ?

बिआरआई सम्झौता मुख्यतः तीन कारणले हामीलाई आवश्यक छ । पहिलो त हामी ल्यान्डलक्ड छौं । 'ल्यान्डलक्ड'बाट 'ल्यान्डलिंक्ड' मा परिणत हुनकै लागि पनि हामीलाई बिआरआई आवश्यक छ । दोस्रो, यसले हामीलाई 'मल्टिपल कनेक्टिभिटी'को बाटो खुला गर्छ । हामीले युरोपसम्मको पहुँच सजिलै पाउन सक्छौं । साथै, जापान र कोरियासितको व्यापारका लागि पनि यो अत्यावश्यक छ । तेस्रो, हामीले चीनियाँ बन्दरगाहको प्रयोग गर्ने सुविधा पाउँछौं ।

बिआरआई सम्झौता भयो भने देश ऋणको पासोमा फस्छ भनिन्छ नि ?

यो सम्झौता भयो भने नेपालको एकातिरको छिमेकीमाथिको मात्र निर्भरता हट्नेछ । नेपाललले वैकल्पिक मार्ग प्राप्त गर्नेछ । समुद्रसम्मको पहुँच सहज हुनेछ । अन्तरमहादेशीय ट्रान्जिट खुल्नेछ । यहाँनिर मुख्य प्रश्न ऋण कि अनुदान भन्ने छ । विश्वकै दोस्रो अर्थतन्त्रसित संवाद गर्दा नेपालजस्तो अति कम विकसित मुलुकलाई सकभर अनुदान नै देऊ भन्नुपर्छ । भएन भने आइएमएफ या विश्व बैंकको भन्दा कम ब्याजमा ऋण देऊ भन्न सक्नुपर्छ । त्यति भयो भने ऋणको पासोमा पर्ने जोखिम रहँदैन ।

प्रेरक प्रसंग

कर्णको नीति

कौरव सेनाको पक्षमा भएर पनि कर्ण धर्मनिष्ठ योद्धा थिए । भगवान् श्रीकृष्णले समेत उनको प्रशंसा गर्थे । महाभारत युद्धमा कर्ण अर्जुनको वध गर्न संकल्पित थिए । उनको संकल्प पूरा गर्न खाण्डव वनका महासर्प अश्वसेन, जो अर्जुनलाई मार्न चाहन्थ्यो, एउटा वाणको रूप लिएर कर्णको ठोक्रामा प्रवेश गऱ्यो । सामान्य अवस्थामा अर्जुनलाई डस्ने अवसर नपाएको हुनाले ऊ कर्णको वाणका रूपमा अर्जुनसम्म पुगेर उनको प्राणहरण गर्न चाहन्थ्यो ।

अर्जुन र कर्णको घमासान युद्धमा दुवैतिरबाट अनेकौं वाण चले । यस क्रममा कर्णले थाहै नपाई अश्वसेनवाला वाण पनि चलाए । अर्जुनका सारथि बनेका श्रीकृष्णले यस वाणको भयानकता बुझेका थिए । त्यसैले, उनले योगबलले रथलाई जमिनमा भसाइदिए, जसले गर्दा वाणले अर्जुनको मुकुट मात्र भेदन गऱ्यो । यस असफलताबाट अश्वसेन क्षुब्ध भयो । ऊ कर्णसामु पुग्यो र भन्यो- हे महावीर कर्ण, अब फेरि एकपटक मलाई सावधानीपूर्वक चलाउनुहोस्, म जसरी भए पनि यसपटक अर्जुनको प्राण हरण गरेरै छाड्छु । मेरो विषबाट अब ऊ जीवित रहन सम्भव छैन । अश्वसेनको कुरा सुन्दा कर्ण आश्चर्यमा परे । उनले सोधे- हे अपरिचित नागदेवता, तपाईं को हुनुहुन्छ र अर्जुनलाई किन मार्न चाहनुहुन्छ ? अश्वसेनले भने- म परिवारसहित खाण्डव वनमा बस्ने नाग अश्वसेन हुँ । अर्जुनले खाण्डव वन जलाएर मेरो परिवारका सबैको प्राण हरण गरे । त्यसैले, म त्यसैको प्रतिशोध लिन तपाईंको ठोक्रामा वाणका रूपमा आएको हुँ । अब म तपाईं र मेरो साझा शत्रुको वध गरेरै छाड्नेछु ।

कर्णले अश्वसेनलाई भने- हे नागदेवता, तपाईंको यो विचारप्रति आभारी छु । तर, मलाई नीतियुद्ध नै लड्न दिनुहोस् । किनकि, म अर्जुनलाई अनीतिपूर्वक वध गर्न चाहन्नँ । अनीतिपूर्वक जित हासिल गर्नुभन्दा त युद्धभूमिमा मर्नु नै निको हो । कर्णको भनाइ सुनेपछि अश्वसेन फर्किए । जाँदाजाँदै उनले कर्णको धर्मनिष्ठाको प्रशंसा गर्दै भने- महावीर कर्ण, तपाईंको धर्मनिष्ठा नै सत्य हो । यसमा अनीतियुक्त पूर्वाग्रही छद्मयुद्धको कुनै स्थान छैन ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

विवादितबाहेक अरू छैनन् ?

सरकारले कुनै पनि महत्त्वपूर्ण पदमा जिम्मेवारी दिँदा सकभर बढी विवादित व्यक्ति खोजेर जिम्मेवारी दिने गरेको देखिन्छ । सकेसम्म केही अपराधमा मुछिएका, अदालतमा मुद्दा विचाराधीन रहेका, विगतमा कुनै न कुनै अपराधमा सजाय सुनाइएका व्यक्तिलाई खोजीखोजी ठुला र महत्त्वपूर्ण पदमा नियुक्ति दिने गरेको छ । मन्त्री बनाउँदा होस् या अन्य कुनै पनि संघसंस्थाको प्रमुख या विभिन्न तहका पदाधिकारी नियुक्त गर्दा होस्, सरकारले प्रायः विवादित पृष्ठभूमिका मान्छेलाई नै प्राथमिकता दिइरहेको देखिन्छ । के यो देशमा विवादितबाहेक अरू कोही योग्य छैनन् सरकार ?

● **पूर्णिता विक**, दधिकोट, भक्तपुर

निजीकरण राष्ट्रघात हो

बन्द उद्योग नखोलेर निजी क्षेत्रलाई सुम्पिने सरकारको कदम केवल आफ्नो अक्षमता ढाकछोप गर्न गरिएको जालझेल हो । देशको सम्भावना बोकेका र सबैभन्दा लोकप्रिय सिमेन्ट उद्योगलाई घाटाको बहानामा निजीकरणतिर धकेल्नु गैरजिम्मेवारीको पराकाष्ठा हो । जीर्ण व्यवस्थापन सुधार्न नसक्ने तर निजीकरणको नाममा राष्ट्रिय सम्पत्तिलाई सस्तोमा बेच्न अग्रसर सरकार जनताप्रति जवाफदेही छैन भन्ने यो बलियो प्रमाण हो । यो निर्णय राष्ट्रघात मात्र नभई देशको आत्मनिर्भरता र स्वाभिमानमाथिको प्रहार पनि हो ।

● **पुरुषोत्तम नेपाल**
सिन्धुपाल्चोक, चौतारा

यिनलाई सरकारले हेर्नुपर्दैन ?

'डेढ लाख नहुँदा उपचार नै नगरी रम्भाले अस्पतालबाट श्रीमान्लाई ल्याइन् घर' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । यो देशमा कुनै नेता बिरामी पर्दा करोडौंको व्ययभार वहन गर्ने, विदेशमा लगेर उपचार गराउने सरकारले यस्ता गरिब जनताको पीडामा चाहिँ साथ दिनुपर्दैन ? जम्मा डेढ लाखको अभावमा आफ्ना पतिको उपचार हुन नसक्दा एउटी पत्नीलाई कति पीडा भएको होला ? सरकारले नागरिकका यस्ता पीडामा साथ दिन सक्नुपर्ने होइन र ?

● **विवेक महतो**
कलंकी, काठमाडौं

कानुनी शासन नभएको प्रमाण

युवाले देश छोडनुमा, देश दिनहुँ रित्तो हुँदै जानुमा अन्य धेरै कारण भए पनि मुख्यतः दुई प्रमुख कारण जिम्मेवार छन् । तीमध्ये पहिलो हो, देशमा कानुनी शासन नहुनु, सुशासन नहुनु र दण्डहीनता मौलाउनु र दोस्रो कारण हो, देशमा रोजगारी सिर्जना हुन नसक्नु । विदेश गइरहेका नेपालीलाई किन देश छाडेर जान थालेको भन्दा उनीहरूको मुखमै जवाफ हुन्छ- यस्तो 'सिस्टम' नभएको, 'राम्रा'लाई भन्दा 'हाम्रा'लाई अवसर दिने, राजनीति हाबी भएको देशमा कुनै भविष्य नभएको हुँदा बस्न सकिएन ।

के यस विषयमा हाम्रा राजनीतिक पार्टी र नेताले कहिल्यै छलफल गरेका छन् ? कसरी मुलुकमा कानुनी शासन बहाली गर्ने, सिस्टम बसाउने, दण्डहीनता अन्त्य गर्ने र कानुनका अगाडि सबै समान हुन् भन्ने सिद्धान्त कार्यान्वयन गर्ने भन्नेबारे दलबिच कुनै चिन्तन मनन भएको छ ? यस्ता प्रश्नको जवाफ कुराले होइन, कामले दिन सके मात्र युवा जनशक्ति देशमै टिक्नेछन् । होइन भने रित्तो देशमा नेता मात्र रहनेछन् । देशमा कानुनी शासनको अभाव रहेको र कुशासन मौलाइरहेको हेर्न धेरै टाढा जानुपर्दैन, केही दृष्टान्त हेरे पुग्छ ।

१. मानव तस्करीको आरोपमा पत्राउ परेका प्रदेशमन्त्री लीलाबल्लभ अधिकारीलाई मुद्दा नचलाउने भनेर उन्मुक्ति दिने र बाँकी ११ जनामाथि मात्र मुद्दा चलाउने सरकारी वकिलको निर्णयले कानुनी शासनको धज्जी उडाएको छ । २. बोलेकै भरमा दुर्गा प्रसाईंलाई पक्राउ गरिएको छ । ३. रवि लामिछानेलाई पक्राउ गर्ने सरकारले समान अभियोग लागेका कांग्रेस र एमालेका नेतालाई उन्मुक्ति दिइरहेको छ ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

कोप २९ सम्मेलनका नतिजा

कोप २९ लाई जीवाश्म इन्धनबाट संक्रमणका लागि आवश्यक लगानी जुटाउन देखिएको सामूहिक असफलताका रूपमा हेर्न सकिन्छ

देश / विदेश

● मार्क मास्लिन
● प्रिती पारिख
● सिमोन चिन-ये

अजरबैजानको बाकुमा आयोजित २९औं राष्ट्रसंघीय जलवायु शिखर सम्मेलन (कोप २९) जीवाश्म इन्धनबाट विश्वव्यापी रूपान्तरणका लागि वित्तीय स्रोत जुटाउने विषयमा केन्द्रित रह्यो । छलफलमा विकसित राष्ट्रद्वारा प्रतिवर्ष प्रतिज्ञा गरिएको एक खर्ब डलरलाई कम्तीमा १० खर्बसम्म बढाउने प्रयास गरियो । बढाइएको रकमले अल्पविकसित राष्ट्रको नवीकरणीय ऊर्जा विकासमा सहयोग गर्ने अपेक्षा गरिएको छ । सम्मेलनले कोप २७ मा स्थापित 'नोक्सानी एवं क्षतिपूर्ति कोष'को लगानी कसले गर्ने भन्ने विषयलाई पनि सम्बोधन गऱ्यो, जसले जलवायु प्रभावबाट प्रभावित विकासोन्मुख राष्ट्रलाई क्षतिपूर्ति दिन्छ । जलवायु न्यूनीकरण र अनुकूलनका लागि खर्बौं डलर आवश्यक छ । तर, कोप २९ ले सीमित वित्तीय सहयोग मात्र जुटाउन सक्यो । विकासोन्मुख मुलुकले सन् २०३५ सम्म १३ खर्ब डलर माग गरेका थिए, जसमा चीनजस्ता सम्पन्न तर अझै पनि विकासोन्मुख श्रेणीमा रहेका मुलुकको योगदान पनि थियो । तर, सरकार र निजी क्षेत्रबाट तीन खर्बको सानो प्रतिज्ञा मात्र प्राप्त भएको छ । कमजोर राष्ट्रलाई मद्दत गर्न स्थापित 'नोक्सानी र क्षतिपूर्ति कोष' सञ्चालनमा आए पनि यो गम्भीर रूपमा वित्तीय अभावमा छ र कोषमा कसले योगदान गर्ने र कसले दाबी गर्न पाउने भन्नेमा सहमति भएन । शून्य-उत्सर्जन इन्धन र यातायात क्षेत्रमा सुधारको आह्वान भए पनि पर्याप्त वित्तीय स्रोतको अभाव देखियो ।

चीनले नेतृत्व लियो, अमेरिका पछि हट्यो र भारत सहभागी नै भएन । कोप २९ मा कार्बन तटस्थता र हरित प्रविधिमा लगानीप्रति चीनले प्रतिबद्धता प्रस्ट देखाएको छ, जहाँ चीनका मन्त्रालय, निजी क्षेत्र र विज्ञको सक्रिय सहभागिता थियो । तर, चीनले सन् १९९२ को राष्ट्रसंघीय परिभाषाअनुसार आफूलाई 'विकासोन्मुख देश' मान्ने अडान लिएको छ । विश्वको दोस्रो ठुलो अर्थतन्त्र हुँदाहुँदै पनि यसले जलवायु वित्तीय योगदानमा स्वेच्छिक प्रतिबद्धता मात्र जनाउन सक्छ ।

भारतले कोप २९ लाई 'प्राविधिक कोप' भन्दै खारेज गरेको थियो, जहाँ भारतका वरिष्ठ नेतृत्व महाराष्ट्रको चुनावका कारण अनुपस्थित रह्यो । भारतको प्रतिनिधिमण्डलले १३ खर्ब डलरको लगानी विकसित देशले गर्नुपर्ने माग गऱ्यो (भारतले आफूलाई विकसित मुलुक मान्दैन) र सम्झौता अनुमोदन भएपछि भारतले असन्तोष व्यक्त गऱ्यो । डोनाल्ड ट्रम्प राष्ट्रपति भएपछि जलवायु कार्यमा निष्क्रिय भएको अमेरिकाको कोप २९ मा सुस्त उपस्थिति देखियो र बाकुका होटलमा भएको बुकिङसमेत रद्द गरियो ।

कोप २९ मा साउदी अरबले गत वर्षको ऐतिहासिक प्रस्ताव 'जीवाश्म इन्धनबाट संक्रमण'को पुनः उल्लेख हुन नदिन प्रयास गऱ्यो, जसले बेलायत, युरोपेली संघ र अन्य धेरै मुलुकलाई निराश बनायो र निराश हुनेमा पेटोराज्य युएई पनि समावेश थियो । अन्तिम समयमा प्रस्तावलाई यस वर्षको सम्झौतामा समावेश गरियो । तर, यसको परिच्छेद र दस्ताबेज संख्या मात्रै उल्लेख गरियो, जसमा 'जीवाश्म इन्धन' शब्दको प्रयोग देखिँदैन । तर, सम्झौतामा 'संक्रमणात्मक इन्धनले ऊर्जा संक्रमणमा भूमिका खेल्न सक्छ' भनिएको छ । जसले प्रायः प्राकृतिक ग्यासलाई जनाउँछ र यसलाई जीवाश्म इन्धन लबीको अर्को विजयका रूपमा हेरियो ।

शिखर सम्मेलनमा केही सकारात्मक नतिजा पनि आएका छन् । मिथेन प्रतिबद्धतामा ठिक यस्तै नतिजा आएको थियो । मिथेन एक शक्तिशाली हरितगृह ग्यास हो र यो खाद्य एवं अन्य जैविक फोहोर कुहिएर उत्सर्जित हुन सक्छ । कृषि एवं जीवाश्म इन्धनपछि



तस्बिर : जुमा/एलामी

मिथेन ग्यास मानवीय क्रियाकलापबाट उत्सर्जन हुने गर्छ । कोप २९ मा ३० मुलुक, जसले जैविक फोहोरबाट हुने विश्वव्यापी मिथेन उत्सर्जनको करिब ५० प्रतिशत हिस्सा ओगट्छन्, तिनले भविष्यका जलवायु पहलकदमीका लागि मिथेन उत्सर्जन घटाउने प्रतिबद्धता जनाएका थिए । यो प्रतिबद्धता ल्यान्डफिल स्थलमा विशेषतः मिथेन संकलन गर्ने प्रविधिको विकास र संकलित मिथेनलाई जैविक ग्यासका रूपमा ताप वा विद्युत्का लागि प्रयोग गर्नका लागि मार्ग प्रशस्त गर्नेछ ।

कोप २९ मा राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेरेसले युवा प्रतिनिधिलाई 'तपाईंलाई क्रोधित हुन पूरा अधिकार छ । र, म पनि क्रोधित छु' भनेका थिए । एक सय ९६ देशमा बेलायत पहिलो देश बन्यो, जसले 'युनिभर्सल युथ क्लाउज'मा हस्ताक्षर गऱ्यो, जसले मुलुकहरूले आफ्नो कार्बन उत्सर्जन घटाउने प्रतिबद्धता (एनडिसीएस) मा युवालाई समावेश गर्ने उद्देश्य राख्छ । अन्य राष्ट्रले यो क्लाउज (प्रावधान) अपनाए भने यसले युवालाई जलवायु परिवर्तनबाट प्रभावित पक्षका रूपमा मात्र नभई परिवर्तनका संवाहकका रूपमा पनि प्रमुख स्थानमा राख्नेछ ।

कोप २९ ले क्रान्तिकारी निर्णय गरेन, तर धेरैले यसलाई अर्को वर्षको कोप ३० मा जान एक प्रारम्भिक कदमका रूपमा हेरिरहेका छन्, जुन पेरिस सम्झौताका १० वर्ष पूरा हुने अवसरमा हुनेछ । राष्ट्रिय उत्सर्जन कटौती योजना फेब्रुअरी २०२५ मा बुझाउनुपर्नेछ । वास्तवमा कोप २९ को अन्तिम साताको भाष्य कोप ३० मा सर्न थालिसकेको थियो, जसलाई 'युवा कोप' भनेर प्रचार गरिएको छ र यसमा युवाकेन्द्रित एनडिसिएसका लागि युवाको बलियो आवाज र उपस्थिति देखियो ।

कोप २९ लाई जीवाश्म इन्धनबाट संक्रमणका लागि आवश्यक लगानी जुटाउनमा देखिएको सामूहिक असफलता भनेर हेर्न सकिन्छ । यसलाई 'वित्तीय कोप' संज्ञा दिइए पनि आवश्यक वित्तीय स्रोत उपलब्ध भएन, जसले विश्वलाई तीन डिग्री सेल्सियसभन्दा माथिको तापमान वृद्धिको भविष्यतर्फ लैजान सक्छ ।

(लेखकत्रय युनिभर्सिटी कलेज अफ लन्डनमा अध्यापन गर्छन्)
द कन्भर्सेसनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

रुस र उत्तर कोरियाबिच बढ्दो घनिष्ठताबाट चिन्तित चीन

रुसी प्रोत्साहनबाट उत्तर कोरियाले आफ्नो हितविपरीत कदम उठाउला वा सैन्य कारबाही गर्ला भनेर चीन भयभीत छ

उत्तर कोरिया र रुसबिच बाक्लिँदो सम्बन्धले चीन बढ्दो रूपमा असहज महसुस गरिरहेको छ। अमेरिकाका उपविदेशमन्त्री कर्ट क्याम्पवेललाई मान्ने हो भने प्योङ्याङ र मस्कोबिचको बढ्दो सहकार्यले चीनलाई चिन्तित बनाएको छ। युक्रेनमा जारी युद्धमा रुसलाई सघाउन १० हजार आफ्ना फौज पढाउने उत्तर कोरियाली नेता किम जोङ उनको निर्णयप्रति चीनको दृष्टिकोणबारे अहिले धेरैको चासो छ। चीनसँग सुमधुर सम्बन्ध नरहेका एसियाका अमेरिकी साझेदार मुलुकमा यसले बहसकै रूप लिएको छ। बहसबिच उता अमेरिकी उप विदेशमन्त्री क्याम्पबेलले उनको सरकारको धारणा राखेका छन्। उत्तर कोरियाले पठाउने भनेको संख्याको फौज हाल रुस पुगिसकेको अमेरिकी गुप्तचर रेकर्डले देखाउँछ।

रुसलाई सघाउन उत्तर कोरियाले सेना पठाउने विषयमा चीनको समर्थन रहेकोमा जापानको विदेश मन्त्रालयभित्रै थोरैले मात्र आशंका गर्छन्। तथापि चीन यस मुद्दामा धेरै हदसम्म मौन रहेको जापानी अधिकारी मान्छन्। तिनको विश्लेषणमा युक्रेनमा रुस-उत्तर कोरियाको सैन्य गठबन्धनलाई देखाएर कतै अमेरिकाले पूर्वी एसियामा पनि दक्षिण कोरिया र जापानसँग सैन्य गठबन्धन विकास गर्ला भन्ने चिन्ताले चिनलाई सताएको छ। अमेरिका पहिलेदेखि नै यस भेगमा आफूलाई नियन्त्रण गर्ने दाउमा रहेकोमा रुस-उत्तर कोरियाको गठबन्धन उसलाई थप बहाना हुने बेइजिङको विश्लेषण छ। यी डरबिच चीनले केही मित्रताको हात पनि बढाएको छ।

पछिल्लो समय तनाव कम गर्ने एक दुर्लभ प्रयासका रूपमा चीनले जापानको विशेष आर्थिक क्षेत्र नजिकै राखेको समुद्री निसाना हटाउन चाहेको जापानलाई सूचित गरायो। पूर्वी चीन सागरमा जापानी-प्रशासित सेन्काकु टापुनजिक राखिएका ती सूचक हटाउने काम सानो भए पनि ती टापु जापान र चीनबिचको सम्भावित मुठभेड हुने स्थान मानिन्छन्। चीनको पछिल्लो कदम जापानभित्र चीनसँग मुठभेड नचाहने समूहलाई प्रभावित बनाउने प्रतीकात्मक प्रयासको रूपमा हेरिएको छ।

वासिंटनस्थित थिंक ट्यांक 'सेन्टर फर स्ट्रयाटेजिक एन्ड इन्टरनेसनल स्ट्डिज'मा भर्खरै सम्पन्न एक सेमिनारमा बोल्ने क्रममा क्याम्पबेलले भने, 'चिनियाँ वार्ताकारहरू रुस र उत्तर



कोरियोबिचका सम्बन्धका कैयौँ पक्षबारे अज्ञात देखिन्छन्। चिनियाँ र अमेरिकी अधिकारीबिच भएका केही वार्ताका क्रममा हामीले पो उनीहरूलाई उत्तर कोरियाले लिएका पछिल्ला कदमबारे जानकारी दिइरहेको पायौँ। उनीहरू चिन्तित छन् कि कतै रुसी प्रोत्साहनबाट उत्तर कोरियाले चीनको हितविपरीत हुने कदम गर्ने वा सैन्य कारबाहीबारे पो विचार गरिरहेका छन् कि भन्ने।' उनले थपे, 'चीन रुसको खुला आलोचना गर्ने पक्षमा छैन। तर, हामी विश्वस्त छौँ कि प्योङ्याङ र मस्कोबिचको बढ्दो सहकार्यले चिनियाँहरूलाई चिन्तित बनाइरहेको छ।'

चीन र रुसबिच ठुलो दरार रहेको विषयमा पनि विश्लेषक एकमत छैनन्। 'यस विषयमा बेइजिङमा देखिएको मौनता छक्कलाग्दो छ। चिनियाँ प्रेसमा न त रुस र उत्तर कोरियाबिच गर्मी महिनामा भएको रणनीतिक सम्झौताबारे एक शब्द आयो, न सेना पठाउने विषयमै केही आयो,' पूर्वी एसिया तथा प्रशान्त क्षेत्रका लागि सिआइए पूर्वसहायक निर्देशक डेनिस वाइल्डरले भने, 'चीन उसको 'क्लाइन्ट स्टेट'ले युक्रेनमा लडिरहेको तथ्यलाई अन्तर्राष्ट्रिय रूपमा कसरी बेवास्ता गर्न सक्छ ? युरोपेलीहरू अहिले उत्तर कोरियाली कदमबाट भन्दा चीनको मौनताबाट चिन्तित छन् ? रुसले भविष्यमा उत्तर कोरियालाई आणविक सहायताको बाटो समात्यो भने पूर्वी एसियामा अमेरिका आफ्ना साझेदारबिचको थप बलियो गठबन्धन बनाउन वा अझ एसियाली नेटो निर्माणको बाटो अघि बढ्न सक्छ। त्यसले राष्ट्रपति सी जिनपिङका लागि धेरै कठिन अवस्था सिर्जना गर्नेछ।'

अमेरिकी सेनाको 'इन्डो-प्यासिफिक कमान्ड'का कमान्डर एडम स्यामुएल पापारोले शनिबार ह्यालिफ्याक्स सुरक्षा फोरममा बोल्ने क्रममा रुस, चीन र उत्तर कोरियाबिच 'लेनदेनयुक्त फाइदाको सम्बन्ध' विकास भएको दाबी गरे। 'उत्तर कोरियाले रुसलाई चाहिएको हातहतियार र मिसाइल दिइरहेको छ। बदलामा रुसले सम्भवतः उत्तर कोरियालाई मिसाइल र पनडुब्बी प्रविधि प्रदान गर्नेछ,' कमान्डर पापारोले भने, 'चीनले रुसको युद्ध पूर्वाधार पुनर्निर्माण गर्न उसलाई आवश्यक ९० प्रतिशत सेमीकन्डक्टर र ७० प्रतिशत तकनिकी औजार उपलब्ध गराएको छ।'

अस्ट्रेलियाको 'अफिस अफ नेसनल इन्टेलिजेन्स'का महानिर्देशक एन्ड्रयु सियरर उत्तर कोरिया र रुसबिचको घनिष्ठताबाट चीन धेरै असहज भएकोमा शंका व्यक्त गर्छन्। 'पुटिन र सीबिचको फाटो ल्याउने विचार रंगीन कल्पना मात्र हो। चीनको सैन्य, कूटनीतिक र दोहोरो प्रयोगमा आउने प्रविधिको सहयोग दिएकै कारण रुस अहिले पनि युक्रेनमा लड्न सक्षम भएको हो। हामीले यस वास्तविकताको सामना नगरेसम्म प्रभावकारी रणनीति बनाउन सक्दैनौँ।'

जापानी पर्यवेक्षक पनि उस्तै गरी चीनको मनोवृत्तिबारे आशंका व्यक्त गर्छन्। 'रुसको योजनाबारे चीन जानकार थिएन भनेर पत्याउन सकिँदैन। चीन रुसले पश्चिमसँग हारोस् भन्ने चाहँदैन। आखिर, रुसको जितले ताइबानलाई नियन्त्रण गर्ने चिनियाँ योजनालाई मद्दत नै पुग्छ,' कोमाजावा विश्वविद्यालयमा कानुन संकायकी प्रोफेसर एमी मिफुनेले भनिन्। उनले मे २०२४ मा चीन-रुसबिच सम्पन्न शिखर सम्मेलनलाई एक महत्त्वपूर्ण बैठकको रूपमा औँल्याइन्, जहाँ चीनले रुसबाट टुमेन नदीबाट जापान सागरसम्म जान पाउने सहुलियत पायो।

जापानको 'नेसनल डिफेन्स एकेडेमी'का प्रोफेसर हिदेया कुराताको विचारमा रुस-उत्तर कोरियाबिचको घनिष्ठताप्रति बेइजिङको अडान अनुमोदन-अस्वीकृतिको आधारमा भन्दा पनि सुविधाजनक-असुविधाजनकका आधारमा छ। कुराताले कोरियाली प्रायद्वीपलाई पुनः एकीकरण गर्ने प्रयास परित्याग गर्ने उत्तर कोरियाको निर्णयको सन्दर्भमा द्वन्द्वलाई हेर्नुपर्नेमा जोड दिँदै आएका छन्। उनका अनुसार उत्तर कोरियाले तनावलाई चरणबद्ध रूपमा बढाउने प्रयास गरेको छ। यसअन्तर्गत उसले पहिले रणनीतिक आणविक हतियारबाट सुरु गऱ्यो। त्यसपछि जापानलाई लक्षित गर्ने मध्यवर्ती दूरीका ब्यालिस्टिक क्षेप्यास्त्र बनायो। अनि, गुआमलाई लक्षित गर्ने मध्यवर्तीदेखि लामो दूरीका क्षेप्यास्त्र बनायो। अहिले आएर अमेरिकी मुख्य भूमिलाई लक्षित गर्न सक्ने अन्तरमहाद्वीपीय ब्यालिस्टिक क्षेप्यास्त्रसम्म बनाइसकेको छ। कुराताको विश्वासमा अमेरिकासँग उत्तर कोरियाविरुद्ध 'डिटरेन्स'को काम गर्ने मध्यम दूरीका आणविक हतियार न यस भेगको जमिनमा छ, न समुद्रमै छ।

- द गार्जियनबाट

इतिहासमा आज

नोभेम्बर २७



सन् १९७८ : टर्कीको दक्षिणपूर्वी भेगको कुर्द जाति बहुल क्षेत्रलाई स्वतन्त्र राष्ट्र बनाउनुपर्ने माग राख्दै शक्तिशाली 'कुर्दिस वर्कस पार्टी (पिकेके)' गठन भयो।

सन् १०९५ : पोप अर्बान द्वितीयले 'काउन्सिल अफ क्लेरमोन्ट'मा पश्चिमका क्रिस्चियनलाई 'सेलयुक टर्क'को कब्जामा रहेको पवित्र भूमि फिर्ता लिन आह्वान गरे। यस आह्वानले पहिलो क्रुसेडलाई प्रेरित गऱ्यो।

सन् १८०७ : आक्रमणकारी नेपोलियन फौज लिस्बनतर्फ नजिकिँदै गर्दा पोर्चुगलको शाही परिवार र झन्डै १५ हजार भारदार तिनको उपनिवेश ब्राजिलतर्फ भागे।

सन् १८७० : द न्युयोर्क टाइम्सले बेसबललाई अमेरिकाको 'राष्ट्रिय खेल'को संज्ञा दियो।

सन् १८९५ : स्वीडिस रसायनशास्त्री अल्फ्रेड नोबेलले आजै हस्ताक्षर गरेको इच्छापत्रमा मृत्युपछि नोबेल पुरस्कार स्थापना गरिदिन इच्छा व्यक्त गरे।

सन् १९७१ : सोभियत अन्तरिक्षयात्री 'मार्स द्वितीय' मंगल ग्रहमा उत्रिने पहिलो मानवनिर्मित वस्तु बन्यो।

सन् १९९९ : हेलेन क्लार्क न्युजिल्यान्डकी प्रथम महिला प्रधानमन्त्री चुनिइन्।

सन् २००० : नर्वेमा विश्वको सबैभन्दा लामो सडक सुरुङ मार्ग खुल्यो। ओस्लोलाई बर्गेन जोड्ने ल्यार्डन सुरुङ मार्ग २४.६ किमि लामो छ।

सन् २००१ : हबल स्पेस टेलिस्कोपले सौर्यमण्डल बाहिर (ओसिरिस ग्रहमा) पहिलोपटक हाइड्रोजनयुक्त वायुमण्डल पत्ता लगायो।

सन् २०१३ : ग्रिस 'एमएससिआई इन्डेक्स'का आधारमा विकसित अर्थतन्त्रबाट उदीयमान अर्थतन्त्रमा घटुवा हुने पहिलो अर्थतन्त्र बन्यो।

सन् २०१७ : ब्रिटिस राजकुमार ह्यारी र अमेरिकी अभिनेत्री मेघन मर्केलबिच इंगेजमेन्ट भयो।

सन् २०१९ : घानाले उसको भूमिबाट पहिलो दास अमेरिका लगिएको ४०० वर्ष पुगेको अवसरमा 'फिर्ताको वर्ष' मनाउने घोषणा गऱ्यो। अफ्रिकी डायस्पोरालाई तिनको मूल महादेशसँग जोड्ने सोच लिएको यस अभियानका क्रममा १२६ जना डायस्पोरालाई नागरिकता प्रदान गरिएको थियो।

इमरान खानसमर्थक र सुरक्षाकर्मीबिच हिंसात्मक झडप



पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई जेलमुक्त गर्न माग गर्दै उनका समर्थकले देशको राजधानी इस्लामाबादतर्फ निकालेको ऱ्याली हिंसात्मक बनेको छ। हिंसाका कारण पाकिस्तानी सुरक्षा बलका केही सदस्यको मृत्यु भएको बताइएको छ। मंगलबार खानको पाकिस्तान तहरिक-ए-इन्साफ (पिटिआई)का हजारौँ समर्थक देशभरबाट राजधानी प्रवेश गरेका थिए। सुरक्षाकर्मीले नाकाबन्दी लगाएर उनीहरूको प्रवेश रोक्ने प्रयास गरेको थियो। तर, उनीहरू प्रहरी नाकाबन्दी तथा अश्रुग्यासका बाबजुद इस्लामाबाद पुगेका छन्।

जेलमा रहेका पूर्वप्रधानमन्त्रीको रिहाइको माग गर्दै राजधानी प्रवेश गर्न लागेका प्रदर्शनकारीलाई रोक्न खोज्दा चार प्रहरी मारिएका छन्

पिटिआई समर्थकले खानविरुद्ध लागेको आतंकवादको आरोपमा अदालतमा सुनुवाइ हुनुअघि पूर्वप्रधानमन्त्रीको रिहाइको माग गर्दै शक्ति प्रदर्शन गरेका हुन्। प्रधानमन्त्री सहबाज सरिफको कार्यालयले एक विज्ञप्ति जारी गर्दै सुरक्षा सेवामा संलग्न चार सदस्यलाई गाडीले ठक्कर दिएलगत्तै मारिएको बताएको छ। प्रधानमन्त्री सरिफले हिंसाको निन्दा गर्दै भने, 'यो शान्तिपूर्ण आन्दोलन होइन। यो अतिवाद हो।'

इस्लामाबादतर्फ अघि बढेका प्रदर्शनकारी र प्रहरीबिच विगत दुई दिनदेखि ठाउँठाउँमा झडप भइरहेको छ। उता पिटिआई समर्थकले राजधानीमा शक्ति प्रदर्शन गर्ने योजना गरिरहँदा इस्लामाबाद नगर प्रशासनले गतसाता सार्वजनिक जमघटमा दुई महिना प्रतिबन्ध लगाएको थियो।

मृत्यु हुनेको संख्या फरक-फरक आइरहेको छ। चारजना सुरक्षाकर्मीका अतिरिक्त अप्रमाणित रिपोर्टहरूले भागदौडका क्रममा एकजना नागरिकको र अर्को एक घटनामा एकजना प्रहरीको पनि मृत्यु भएको बताइएको छ। इस्लामाबादबाट रिपोर्ट गर्ने पत्रकारले स्थिति 'अत्यन्त तनावपूर्ण' रहेको उल्लेख गरेका छन्। 'मृत्युबारे परस्परविरोधी कुरा आइरहेका छन्। सरकारले प्रदर्शनकारी चढेको गाडीले सुरक्षाकर्मीलाई हानेर भागेको भनिरहेको छ। तर, प्रदर्शनकारीले भने भिड नजिकिएपछि आर्तकित भएर भागेको सुरक्षा बलको गाडी पल्टिँदा घटना भएको बताइरहेका छन्,' अल जजिराका पत्रकार कमल हैदरले भने।

सन् २०२२ मा अविश्वासको मतदान हारेपछि अपदस्थ भएका पूर्वप्रधानमन्त्री इमरान खान भ्रष्टाचारको मुद्दामा दोषी ठहरिएपछि एक वर्षभन्दा लामो समयदेखि जेलमा छन्। उनीविरुद्ध १५० भन्दा बढी आपराधिक मुद्दा चलिरहेका छन्। उनको पार्टीले सबै मुद्दा राजनीतिक रूपमा प्रेरित भएको आरोप लगाइरहेको छ। तर, सरकार भने अदालतले मात्रै खानलाई रिहा गर्न सक्ने भनेर पन्छिरहेको छ।

- अलजजिराबाट

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थली, काठमाडौँ

बोलपत्र आह्वान सम्बन्धी सूचना

पहिलो पटक सूचना प्रकाशन मिति २०८१।०८।१२

यस नगरपालिकाबाट सञ्चालन हुने तपसिल अनुसारको निर्माण कार्य गर्नको लागि इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ। सोको विस्तृत विवरण सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp र यस कार्यालयको वेवसाइट www.kageshworimanoharamun.gov.np मा गई हेर्न सकिनेछ।

तपसिलः

S No	Contract Identification No.	Name of Project	Bid security amount NRs.	Bid document fee (Non-refundable) NRs.
1	Thapadanda- JaspurRoad W/NCB/02/2081- 82	Construction of Thapadanda- Jaspur Road at Kageshwori Manohara Municipality Ward No: 3	10,90,000.00	5000.00

प्रमुख प्रशासकीय अधिकृत

Dhangadhi Sub-Metropolitan City
Office of the Municipal Executive
Dhangadhi, Kailali

INVITATION FOR THE BIDS

Date of Publication: 27th November 2024 (2081/08/12 B.S.)

1. **Dhangadhi Sub-Metropolitan City, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding.

S. N.	Contract Identification Number	Description of Work	Estimated Amount Excluding VAT (NRs)	Bid Security (NRs)	Bid Document Price (NRs)	Remarks
1	60/DSMC/ 2081/082	Construction of Side Drain and Sub Base Works (Chandrapal House-Mina Sob House to District Court Road) at Ward No. 01 DSMC	23,70,948.25	60,000/-	3,000/-	Hard Copy Not Acceptable
2	61/DSMC/ 2081/082	Construction of Blacktop Road (Manehara Darshan Rana House to East-North Road) at Ward No. 07 DSMC	35,43,110.90	90,000/-	3,000/-	
3	62/DSMC/ 2081/082	Construction of Blacktop Roads (Ramnagar, Sangam, Bidhyanagar Tole, Adeshu Rana House to Arjun Rana House) at Ward No. 08 DSMC	34,28,672.49	86,000/-	3,000/-	
4	63/DSMC/ 2081/082	Construction of PCC Road (Rajpur Indra Colony to Rastriya School) at Ward No. 13 DSMC	33,61,057.57	85,000/-	3,000/-	
5	64/DSMC/ 2081/082	Construction of Blacktop Roads (Chelibeti Chautara to Indrodaya School E Gaun Road, Aadarsha Chok Durga Adhikari House to Bhattrai Chok Road and Tulsibari Ring Road to Gausala Road) at Ward No. 18 DSMC	26,19,480.99	66,000/-	3,000/-	
6	65/DSMC/ 2081/082	Fencing Works at Dhangadhi Vocational School Ward No. 18 DSMC	39,31,370.27	99,000/-	3,000/-	

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. +977-091-525506 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

पाँच महिनामा १० जना लागुपदार्थ दुर्व्यसनी पक्राउ

कास्की संखुवासभाको खाँदबारी नगरपालिका- १ का ४५ वर्षीय रामकुमार खत्री लागुऔषध कसुरमा पक्राउ परे। इलेक्ट्रोनिक, तरकारी र फलफूल पसलसमेत सञ्चालन गर्दै आएका खत्रीलाई लागुपदार्थ ओसारपसारलगायत कारोबार गर्ने गरेको सूचनाका आधारमा प्रहरीले खोजी गरिरहेको थियो।


खत्रीलाई शनिबार भोजपुरको साल्पासिलिछो गाउँपालिका- २ घलेगाउँबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक दक्षकुमार बस्नेतले बताए। प्रहरीले पक्राउ पर्न सक्ने पूर्वसूचना पाएपछि उनी फरार थिए। उनी खाँदबारीमा लागुपदार्थ कारोबार गर्ने मुख्य नाइके रहेको प्रहरीको भनाइ छ।

गत शुक्रबार चैनपुर नगरपालिका- ६ डाँगी गाउँका २७ वर्षीय सुजल डाँगीलाई पनि पक्राउ गरेको बस्नेतले बताए। केही दिनअघि मात्रै खाँदबारी नगरपालिका- ८ का नारायण रसाइली र सुनसरी इटहरी उपमहानगरपालिका- ४ का विष्णु शर्मा पक्राउ परेका थिए। उनीहरूको साथबाट खैरो हिरोइन, ब्राउन सुगर फेला परेको प्रहरीको भनाइ छ। साउनयता मंगलबारसम्म पाँच महिनाको अवधिमा १० जना पक्राउ परेको र उनीहरूविरुद्ध जिल्ला अदालत संखुवासभामा तीनवटा मुद्दा दर्ता भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताए।

खाँदबारी, मानेभञ्ज्याङ, तुम्लिङटार र चैनपुरलगायत आसपासका क्षेत्रमा लागुपदार्थ दुर्व्यसनी र लागुपदार्थ कारोबार गर्नेहरूको संख्या बढेको प्रहरीले जनाएको छ।

■ ओली-विप्लव भेटवार्ता

विगतको सहमति कार्यान्वयन गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण



काठमाडौं/ नेकपा महासचिव नेत्रविक्रम चन्द विप्लवले विगतका सहमति कार्यान्वयन गर्न प्रधानमन्त्री केपी ओलीको ध्यानाकर्षण गराएका छन्। प्रवक्ता खड्गबहादुर विश्वकर्मासहित मंगलबार ओलीलाई भेटेर विप्लवले विगतमा सरकार र नेकपाबिच भएको तीनबुँदे सहमति कार्यान्वयन गर्न ध्यानाकर्षण गराएका हुन्। 'विगतमा ओली प्रधानमन्त्री हुँदा भएको तीनबुँदे सहमति कार्यान्वयन गर्न आग्रह गरेका छौं। तपाईंको पालामा भएको सहमति कार्यान्वयन होस् भन्ने कुरा राख्यौँ,' विश्वकर्माले भने। उनका अनुसार ओलीले सकारात्मक जवाफ दिएका छन्।

विप्लवले ओलीलाई चीन भ्रमण सफलताको शुभकामना पनि दिएका छन्। 'भ्रमण सफल होस्, शुभकामना भन्यौँ। देश र जनतालाई केन्द्रमा राखेर निर्णय हुनुपर्छ। ऋण लिने कि अनुदान भन्ने सम्बन्धित देशको विषय हो। यसलाई धेरै गिजोल्न जरुरी छैन। देशको हित हुने गरी अगाडि बढ्नुस् भन्यौँ,' विश्वकर्माले भने, 'राष्ट्र र जनहितका कुरा गर्दा आउने अवरोध र विरोधसँग प्रधानमन्त्री डराउनु हुँदैन।' बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर गर्न प्रधानमन्त्री ओली सकारात्मक रहेको पाएको उनले जानकारी दिए।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन

आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

सूचना प्रकाशन मिति : २०८१/०८/१२ (Nov 27 , 2024)

यस आयोजनाको मिति २०८१/०६/०९ को प्रकाशित सूचना अनुसारको बोलपत्रहरू मूल्याङ्कनबाट तपशिल बोलपत्रहरू सार्वजनिक खरिद नियामवली २०६४ को नियम ३१ज को उपनियम ४ बमोजिम प्राविधिक पक्षको मुल्यांकनमा सारभुत रुपमा प्रभावग्राही बोलपत्र निर्धारण भएकोले सोही नियमको उप नियम (५) अनुसार तपशिल स्थान मिति र समयमा आर्थिक प्रस्ताव खोल्ने प्रयोजनार्थ यो सूचना प्रकिशत गरिएको छ।

तपशिल

सि.नं.	खरिदको विषय	सारभुतरुपमा प्रभावग्राही बोलपत्र
1.	Beautification and construction of Kerunga drain corridor at Bharatpur Metropolitan city. (PUDBC/CHITWAN/NCB/WORKS/15/081/082)	Raniban Construction, Balaju-16 Kathmandu
		Aman-Sunapati- New Shivashakti JV, Nepal
		Uma & Company Pvt.Ltd., New Baneshwor Kathmandu
		K.B.C Builders Company Pvt.Ltd., Bharatpur-10 Chitwan
		Ghising-Shivam JV, Bharatpur-11 Chitwan
		Banjara-Sahayogi-Khom JV, Kathmandu
		Samsher-Sulav-Sanjay JV, Hetauda

स्थान : सघन शहरी तथा भवन निर्माण आयोजना, चितवन, **मिति :** २०८१/०८/१९, **समय :** बिहान ११:०० बजे

आयोजना प्रमुख

बागमती प्रदेश सरकार
खानेपानी, ऊर्जा तथा सिंचाई मन्त्रालय

खानेपानी तथा सरसफाई डिभिजन नं. १

हेटौडा, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०८/१२

यस कार्यालयको तर्फबाट मिति २०८१/०७/०५ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार E-bid मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २, ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	कामको विवरण	ठेक्का नं.	बोलपत्रदाताको नाम	कबोल अंक (मू.अ.कर सहित)
1	Construction of 225 Cum Capacity Elevated RCC Over Head Tank (OHT) at Baidhiknagar Chisapani Water Supply Project, Bharatpur-4, Chitwan	WORKS/NCB/3/081/82/WSSD1/Makawanpur	Sasidhar Nirman Sewa and Kattel Suppliers, Biratnagar-12, Morong	92,97,917.83
2	Deep Tubewell Construction Work by DTH Method at Sano Gadhi Water Supply Project, Bharatpur-16 Chitwan	WORKS/NCB/4/081/82/WSSD1/Makawanpur	Roshan Drilling and Construction Pvt. Ltd., Kalanki-14, Kathmandu	12,06,838.00
3	Deep Tubewell Construction Work by DTH Method at Shivaghat Water Supply Project, Bharatpur-4 Chitwan	WORKS/NCB/5/081/82/WSSD1/Makawanpur	Roshan Drilling and Construction Pvt. Ltd., Kalanki-14, Kathmandu	12,06,838.00
4	Deep Boring Construction Work at Birendranagar Tesro Sana Shahari Su. Bi. Water Supply Project, Rapti-7,8, Chitwan	WORKS/NCB/6/081/82/WSSD1/Makawanpur	Roshan Drilling and Construction Pvt. Ltd., Kalanki-14, Kathmandu	18,55,684.00

डिभिजन प्रमुख

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७९/०१/२९ मा योजना संचालन अनुमति प्राप्त २०७९/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्षे योजना

२०८१ कार्तिक मसान्तको खूद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	८९६,१८९,०४८	९१०,१३२,५५८
२	ऋणपत्र	१५,०००,०००	१५,०००,०००
	सूचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	८,८११,१८२	४,६४९,५६८
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२३,०००,०००	१२३,०००,०००
	कुल लगानी (क)	**१,०४३,०००,२३०**	**१,०५२,७८२,१२६**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	१४४,७५५,०५७	१६१,७९७,४५९
२	अन्य सम्पत्ति	१,६०७,०५१	२,२१९,५९०
	जम्मा (ख)	**१४६,३६२,१०९**	**१६४,०१७,०४९**
	चालु दायित्व		
१	चालू दायित्व	-	३,९१२,१५८
२	भुक्तानी दिनुपर्ने शुल्क	४३४,९४१	१३,४६९,५३३
	जम्मा (ग)	**४३४,९४१**	**१७,३८१,६९२**
	कूल सम्पत्ति (क+ख-ग)	**१,१८८,९२७,३९७**	**१,१९९,४१७,४८४**
१	योजना व्यवस्थापक शुल्क	१,४६५,८०१	१,४७८,७३४
२	डिपोजीटरी शुल्क	१९५,४४०	१९७,१६५
३	कोष सुपरीवेक्षक शुल्क	९७,७२०	९८,५८२
	खुद सम्पत्ति	**१,१८७,१६८,४३६**	**१,१९७,६४३,००३**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**११.६४**	**११.७४**

२०८१ कार्तिक मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	११,८९८,४७९	१०,१८४,३७०
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	१६२,२१९,११८	१७२,५९०,०७५
	जम्मा आम्दानी	**१७४,११७,५९७**	**१८२,७७४,४४५**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१९२,७२२	१४९,७८२
२	बैंक शुल्क	९०८	८७४
३	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	५०,०००	५०,०००
४	योजना व्यवस्थापन शुल्क	६,२०५,८०६	४,७३८,८६६
५	डिपोजीटरी शुल्क	८२७,४४१	६३१,८४९
६	कोष सुपरीवेक्षक शुल्क	४१३,७२०	३१५,९२४
७	योजना लेखा परीक्षण शुल्क	३७,६६७	२८,२५०
८	सिडिएससि वार्षिक शुल्क	१७०,०००	१७०,०००
९	बुक बिल्डिङ शुल्क	५,०००	-
१०	अन्य खर्च	२७९,३३४	२७९,३३४
	जम्मा खर्च	**८,१८२,५९८**	**६,३६४,८८०**
	कुल नाफा/(नोक्सान)	**१६५,९३४,९९९**	**१७६,४०९,५६५**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ कार्तिक मसान्तसम्म गरेको लगानीको परलमुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७५९,३३४,९६१.८७ रहेकोछ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
क)	**वाणिज्य बैंक**		
१	एनएमबि बैंक लिमिटेड	९३,३२२	२४,२६३,७२०
२	सानिमा बैंक लिमिटेड	९४,४८२	३०,४९८,७९०
३	नेपाल बैंक लिमिटेड	७३,२२१	२१,०५१,०३८
४	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	३१,४५७	२३,५९२,७५०
५	प्रभु बैंक लिमिटेड	९४,२७५	२३,११६,२३०
६	एभरेष्ट बैंक लिमिटेड	४१,९५४	२५,७५९,७५६
७	प्राइम कमर्सियल बैंक लिमिटेड	१००,०४५	२८,२७२,७१७
८	माछापुच्छ्रे बैंक लिमिटेड	७८,३७९	२२,७२९,९१०
९	नबिल बैंक लिमिटेड	३७,६९१	२१,१८२,३४२
१०	लक्ष्मी सनराइज बैंक लिमिटेड	८८,४५४	२२,९९८,०४०
११	कृषि विकास बैंक लिमिटेड	७४,३८४	२७,१५७,५९८
ख)	**विकास बैंक**		
१	महालक्ष्मी विकास बैंक लिमिटेड	७९,७०५	३३,८७४,६२५
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	६६,४४५	२६,८४३,७८०
३	कामना सेवा विकास बैंक लिमिटेड	१९,५००	९,३९९,०००
४	गरिमा विकास बैंक लिमिटेड	५६,५८७	२५,८८८,५५३
५	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	५५,४९४	२६,५२६,१३२
ग)	**जीवन विमा कम्पनी**		
१	एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६८,५००	५१,३७५,०००
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	६१,७०६	३८,६८९,६६२
३	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१,९३३	१,२२७,४५५
४	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२,२०३	१,११०,३१२
५	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३,०००	१,४९१,०००
घ)	**निर्जीवन विमा कम्पनी**		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	१८,६९५	१७,२०१,२७०
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२३,१३६	२३,६७०,४४२
३	प्रभु इन्स्योरेन्स लिमिटेड	१९,३९०	१९,७००,२४०
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	१६,६९१	११,३९९,९५३
५	आइजीआइ प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	३३,१६६	२१,०९३,५७६
६	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड	२३,२८१	१८,२२९,०२३
ङ)	**हाइड्रोपावर कम्पनी**		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	६९,७०९	४१,३३७,४३७
२	बुटवल पावर कम्पनी लिमिटेड	६१,४३४	२७,८७८,७४९
३	पिपुल्स पावर लिमिटेड	२	१,०६७
४	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१५,४५०	५,७१६,५००
५	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	३३,८४८	१८,६८८,७२८
६	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२२,०००	९,७०६,४००
च)	**म्युचुअल फण्ड**		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	५,१६०,०००
२	एनएमबि सुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	३,१६८,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	१४,७४५,०००
४	आरबिबि म्युचुअल फण्ड २	५००,०००	४,९३०,०००
५	सिद्धार्थ इन्भेष्टमेन्ट ग्रोथ स्कीम-३	१,०००,०००	९,७३०,०००
६	सिटिजन्स सुपर ३० म्युचुअल फण्ड	१,५००,०००	१५,०००,०००
७	सनराइज फोकस्ड इक्विटी फण्ड	१,५००,०००	१४,२५०,०००
८	नबिल फ्लेक्सी क्याप फण्ड	२५०,०००	२,९१०,०००
९	प्रभु स्मार्ट फण्ड	१,०००,०००	१०,३५०,०००
१०	एनआईबिएल ग्रोथ फण्ड	२,०००,०००	१८,३८०,०००
छ)	**लघुवित्त वित्तीय संस्था**		
१	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२३,०२०	२१,८२२,९६०
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	३६,०५४	२६,५७१,७९८
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	२२,९१५	२२,३१९,२१०
४	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२१,६०६	१६,६८१,९९३
५	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	७,७१३	६,४१७,२१६
ज)	**उत्पादन तथा प्रशोधन**		
१	सर्वोत्तम सिमेन्ट लिमिटेड	२,२४६	१,७८१,०७८
	जम्मा	**११,७२३,०५३**	**८९६,१८९,०४८**

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि. एन आई सी एशिया बैंक लिमिटेड रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११ फोन नं. ९७७-०१-५१११११७/७८/८८, फयाक्स: ९७७-०१-५१११११८० टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौं फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८ Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

प्युखा, न्युरोड, काठमाडौं फोन नं. ०१-४१५७५४५, ४१५७५४६
Email : ugrachandi.saving@gmail.com

डाँक बढाबढबाट धितो लिलाम गर्ने बारेको ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८१/०८/१२)

यस संस्थाको तपसिलमा उल्लेखित ऋणीले संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज, हर्जाना र अन्य दै दस्तुर रकम समेत तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्नुका साथै मिति २०८१।०६।०८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना प्रकाशित गर्दा पनि कर्जा चुक्ता गर्न तर्फ चासो नदेखाई कर्जा चुक्ता नगरेको तथा संस्थामा सम्पर्क समेत नगरेकोले यो सूचना प्रकाशित गरिएको छ। यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेख गरिएको अचल सम्पत्ति जग्गाहरू तथा कुनै निर्माण भए सो लगायतका सम्पूर्ण लिग लगापात समेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढ द्वारा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ७९ र नियमावली २०७५ को नियम ३० बमोजिम धितो वापतको सम्पत्ती लिलाम बिक्रीका लागि यो सूचना प्रकाशित गरिएको छ। लिलाम डाँक बढाबढ गरी लिन इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन) तोकिएको समयानुसार यस सहकारी संस्थाको कार्यालय प्युखा, न्युरोड, काठमाडौंमा उपस्थित भई डाँक बढाबढमा भाग लिनुहुन सूचित गरिन्छ। साथै सुरक्षण वापत संस्थाको नाममा अचल सम्पत्ति धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरूलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराइएको छ। तर धितो लेखिदिनुहुने तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरू उपस्थित नभएका कारणले मात्र लीलामी प्रकृया गर्न बाधा पर्ने छैन। साथै सुरक्षणमा रहको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरूको नाममा रहेको चलअचल जायजेथाबाट असुल उपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
 तुले लामाको नाति शुक्रबहादुर लामाको छोरा नुवाकोट जिल्ला ककनी गा.बि.स. वडा नं. १ (परिवर्तित ककनी गा.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ८५००५ मिति २०६०।०२।०५ जि.प्र.का. नुवाकोट, वर्ष ४० को **गम्भीर लामा** **धितोको विवरण** तुले लामाको नाति शुक्रबहादुर लामाको छोरा नुवाकोट जिल्ला ककनी गा.बि.स. वडा नं. १ (परिवर्तित ककनी गा.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. ८५००५ मिति २०६०।०२।०५ जि.प्र.का. नुवाकोट, वर्ष ४० को **गम्भीर लामा**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.बि.स. वडा नं. ५ण मा रहेको कि.नं. ३१ को जग्गा क्षे.फ. ०-९-२-० (नौ आना दुई पैसा मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	 शुक्रबहादुर लामाकी बुहारी गम्भीर लामाकी पत्नी नुवाकोट जिल्ला ककनी गा.बि.स. वडा नं. १ (परिवर्तित ककनी गा.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. १५५१४४ मिति २०६३।०७।२३ जि.प्र.का. काभ्रेपलाञ्चोक, वर्ष ३५ की **निरु तामाङ**  तुले लामाको नाति शुक्रबहादुर लामाको छोरा नुवाकोट जिल्ला ककनी गा.बि.स. वडा नं. १ (परिवर्तित ककनी गा.पा. वडा नं. ४) स्थायी ठेगाना भई हाल सोही स्थानमा बस्ने ना.प्र.नं. २५-०१-७३-०८१०८ मिति २०७३।१०।०५ जि.प्र.का. नुवाकोट, वर्ष २५ को **मिफल लामा**
 दलबहादुर थापाकी नातिनी अमरबहादुर थापाकी छोरी, रामबहादुर थापाकी बुहारी गोविन्द क्षेत्रीकी पत्नी गोरखा जिल्ला लाकुरीबोट गा.बि.स. वडा नं. १ (परिवर्तित बारपाक सुलिकोट गा.पा. वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. ४३ मिति २०४४।१२।१६ जि.प्र.का. गोरखा, वर्ष ५९ की **उषा देवी थापा** **धितोको विवरण** दलबहादुर थापाकी नातिनी अमरबहादुर थापाकी छोरी, रामबहादुर थापाकी बुहारी गोविन्द क्षेत्रीकी पत्नी गोरखा जिल्ला लाकुरीबोट गा.बि.स. वडा नं. १ (परिवर्तित बारपाक सुलिकोट गा.पा. वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. ४३ मिति २०४४।१२।१६ जि.प्र.का. गोरखा, वर्ष ५९ की **उषा देवी थापा**को नाउँमा एकलौटी दर्ता स्रेस्ता कायम रहेको काठमाडौं जिल्ला गोलढुङ्गा गा.बि.स. वडा नं. ८घ मा रहेको कि.नं. ३२७ र ३३२ को जग्गा क्षे.फ. क्रमश: ०-२-१-० (दुई आना एक पैसा) र ०-३-१-१ (तीन आना एक पैसा एक दाम) गरि जम्मा क्षे.फ. ०-५-२-१ (पाँच आना दुई पैसा एक दाम मात्र) तथा माथि उल्लेखित जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।	 रामबहादुर थापाको नाति गोविन्द क्षेत्रीको छोरा गोरखा जिल्ला ताकुमाझलाकुरीबोट गा.बि.स. वडा नं. १ (परिवर्तित बारपाक सुलिकोट गा.पा. वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. १०१२६१ मिति २०६०।०२।०९ जि.प्र.का. गोरखा, वर्ष ३९ को **अशोक थापा**  रामबहादुर थापाको नाति गोविन्द क्षेत्रीको छोरा गोरखा जिल्ला ताकुमाझलाकुरीबोट गा.बि.स. वडा नं. १ (परिवर्तित बारपाक सुलिकोट गा.पा(वडा नं. ५) स्थायी ठेगाना भई हाल सोही स्थान बस्ने ना.प्र.नं. १२८३३१ मिति २०६१।१२।३१ जि.प्र.का. गोरखा, वर्ष ३८ को **आशिष थापा क्षेत्री**

लिलामका शर्तहरू:

१. लिलामको अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तिले आफूले बोलकबोल गरेको रकमको १० प्रतिशतले हुने रकम नगद धरौटीबापत तुरुन्त यस संस्थामा बुझाउनुपर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।
३. अन्तिम बोलकबोल गर्ने व्यक्तिले सहकारीबाट लिलाम स्वीकृत भएको सूचना प्राप्त गरेको मितिले ७ (सात) दिनभित्र बाँकी रकम नबुझाएमा धरौटीबापत बुझाएको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. तोकिएको लिलामका दिन सरकारी बिदा परेमा वा सहकारी बिदा परेमा त्यसको लगत्तै सरकारी तथा सहकारीको कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ।
५. डाँक बढाबढको नतिजा डाँक बढाबढ भएको भोलिपल्ट सहकारी संस्थाको कार्यालयमा रहेको सूचना पाटीमा प्रकाशित गरिनेछ।
६. डाँक बढाबढ गर्दा सबैभन्दा बढी रकम कबुल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
७. डाँक बढाबढ हुने दिन अगावै ऋणीको तर्फबाट संस्थाको नियमानुसार संस्थालाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण सावाँ ब्याज लगायतका रकमहरू बुझाएमा संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
८. डाँक बढाबढबाट लिलाम बिक्री गरिने धितो निरिक्षण गर्न चाहनुहुने महानुभावहरूले सहकारी संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. डाँक बढाबढ यस उग्रचण्डी बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ प्युखा, न्युरोड, काठमाडौंमा १०:३० बजे देखि ३:०० बजे सम्म हुनेछ।
१०. डाँक बढाबढ लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले बेहोर्नुपर्नेछ।
११. डाँक बढाबढ लिलाम बिक्री गरेको सम्पत्ति दाखिल खारेज नामसारी गर्दा नियमानुसार लाग्ने सम्पूर्ण शुल्क तथा दस्तुर आदि खर्चहरू खरिदकर्ताले बेहोर्नु पर्नेछ।
१२. कुनै पनि कारण खुलाई वा नखुलाई डाँक बढाबढ लिलाम स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ।
१३. सहकारी ऐन २०७४ तथा नियमावली २०७५ अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले पनि डाँक बढाबढमा भाग नलिएमा उल्लेखित सम्पत्तिको स्वामित्व सहकारी संस्थाले आफूमा लिन सक्नेछ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त २०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८१ कार्तिक मसान्तको खुद सम्पति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सुचिकृत धितोपत्रमा लगानी		
१	शेयर	७०३,३३५,८९६	६६४,२७०,६०३
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	८,६७५,५१८	१,२२९,१८५
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२५,०००,०००	१२५,०००,०००
	कुल लगानी (क)	**८३७,०११,४१४**	**७९०,४९९,७८८**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	१५२,२६९,६६२	२२४,९८४,७०३
२	अन्य सम्पत्ति	२८०,५०५	९८,०३८
	जम्मा (ख)	**१५२,५५०,१६७**	**२२५,०८२,७४२**
	चालु दायित्व		
१	चालु दायित्व	-	३,११६,२००
२	भुक्तानी दिनुपर्ने शुल्क	२२०,०४२	१४,७५३,८०१
	जम्मा (ग)	**२२०,०४२**	**१७,८७०,०००**
	कुल सम्पत्ति (क+ख-ग)	**९८९,३४१,५३९**	**९९७,७१२,५३०**
१	योजना व्यवस्थापक शुल्क	१,२१९,७३६	१,२३०,०५७
२	डिपोजीटरी शुल्क	१६२,६३१	१६४,००८
३	कोष सुपरीवेक्षक शुल्क	८१,३१६	८२,००४
	खुद सम्पत्ति	**९८७,८७७,८५६**	**९९६,२३६,४६२**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.९२**	**११.०१**

२०८१ कार्तिक मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	४,४३३,७९५	३,७६२,०३६
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	८९,१४३,०९८	९६,५४३,२५४
	जम्मा आम्दानी	**९३,५७६,८९३**	**१००,३०५,२९०**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	१७९,४४०	१३९,४४०
२	बैंक शुल्क	२१	१०
३	योजना व्यवस्थापन शुल्क	४,९९३,६३७	३,८२६,८९०
४	डिपोजीटरी शुल्क	६६५,८१८	५१०,२५२
५	कोष सुपरीवेक्षक शुल्क	३३२,९०९	२५५,१२६
६	योजना लेखापरीक्षण शुल्क	३७,६६७	२८,२५०
७	पूर्व सन्चालन खर्च	-	-
८	सफट्वेयर खर्च	-	-
९	अन्य खर्च	७१९,३४२	५३८,६५८
	जम्मा खर्च	**६,९२८,८३४**	**५,२९८,६२५**
	कुल नाफा/(नोक्सान)	**८६,६४८,०५९**	**९५,००६,६६५**

नोट: १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ कार्तिक मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.६२३११३९८४६.०४ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट: www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुनसक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मुल्य (रु.)
क)	**वाणिज्य बैंक**		
१	एनएमबि बैंक लिमिटेड	४२,९९६	१०,५४२,६१९
२	ग्लोबल आइएमई बैंक लिमिटेड	४९,८९३	१२,८०२,५४४
३	प्राइम कमर्सियल बैंक लिमिटेड	७५,९९६	२१,४७६,४७०
४	सानिमा बैंक लिमिटेड	६०,४९८	१९,५२८,७५४
५	प्रभु बैंक लिमिटेड	३८,६०१	९,१०२,११६
६	नबिल बैंक लिमिटेड	३४,९९८	९,०९९,४८०
७	नेपाल एसबिआई बैंक लिमिटेड	३७,८०७	२१,२४७,५३४
८	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड संस्थापक	१०,३२६	१,७६६,७७९
९	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	२२,५०५	१०,५७७,३५०
ख)	**विकास बैंक**		
१	गरिमा विकास बैंक लिमिटेड	५४,२००	२५,९०७,६००
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	५५,९११	२२,५८८,०४४
३	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	३६,२८०	१८,४०४,८४४
४	कामना सेवा विकास बैंक लिमिटेड	६१,०५४	२७,९३२,२०५
५	लुम्बिनी विकास बैंक लिमिटेड	१७,७७४	८,५६७,०६८
६	कृषि विकास बैंक लिमिटेड	७,०१०	२,५५९,३५१
ग)	**हाइड्रोपावर कम्पनी**		
१	अपि पावर कम्पनी लिमिटेड	१७,०००	९,५३७,०००
२	सानिमा माई हाइड्रोपावर लिमिटेड	२२,०००	६,६३३,०००
घ)	**लघुवित्त**		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१९,१२५	१५,९१२,०००
२	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	१८,४४५	१७,९६५,४३०
३	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	१७,६१८	१६,७०१,८६४
ङ)	**जीवन विमा कम्पनी**		
१	नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३,३२८	६,६२४,०१६
२	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३२,७३९	१६,२७१,२८३
३	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	५६,७९२	४२,५९४,०००
४	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	३५,४२४	२२,२१०,८४८
५	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	३२,१३८	२१,७३१,०१६
६	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२१,४७८	१०,८२४,९१२
७	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१९,००९	१०,०७४,७७०
८	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२७,४५३	१७,४३२,६५५
च)	**निर्जीवन विमा कम्पनी**		
१	नेको इन्सुरेन्स लिमिटेड	३५,३४५	३१,४५७,०५०
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	२६,५१२	२४,३९३,६९१
३	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	२६,८५६	२५,११०,९२८
४	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	२६,७९९	२७,४१८,०५७
५	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	२४,०००	१७,२५६,०००
६	प्रभु इन्स्योरेन्स लिमिटेड	२१,७७९	१३,८५१,४४४
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	३४,८९१	३५,४४९,२५६
८	आईजीइ प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	३०,७००	२०,९६८,१००
छ)	**म्युचुअल फण्ड**		
१	कुमारी सबल योजना	३,०००,०००	२७,२७०,०००
२	एनआईबिएल स्टेबल फण्ड	१,५००,०००	१३,५००,०००
ज)	**उत्पादन तथा प्रशोधन**		
१	सर्वोत्तम सिमेन्ट लिमिटेड	२,३८८	१,८९३,६८४
झ)	**लगानी**		
१	हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी संस्थापक	८,०००	१,४६४,०००
ञ)	**अन्य**		
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	२६,७९५	२६,६०७,४३५
	जम्मा	**५,७०२,४६३**	**७०३,३३५,८९६**

कोष प्रवर्द्धक: NIC ASIA एन आई सी एशिया बैंक लि. एन आई सी एशिया बैंक लिमिटेड रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११ फोन नं. ९७७-०१-५१११११७/७८/८८, फयाक्स: ९७७-०१-५१११११८० टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL एन आई सी एशिया क्यापिटल लिमिटेड चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं फोन: ९७७-१-५७०५९९४, फयाक्स: ९७७-१-५७०६४५८ Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार १२ मंसिर ०८१

श्रमिकको उपचारमा कोषले पाँच लाखसम्म व्यहोर्ने

अस्थायी र ज्यालादारी कर्मचारीलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउँछौं : प्रधानमन्त्री ओली



सातौं सामाजिक सुरक्षा कोष दिवस उद्घाटन गर्दै प्रधानमन्त्री केपी ओली । तस्बिर : संजित परियार/नयाँ पत्रिका

नवीन अर्याल/नयाँ पत्रिका

सामाजिक सुरक्षा कोषका योगदानकर्ताले १० लाख रुपैयाँसम्मको उपचारमा ५० प्रतिशत उपचार खर्च पाउने भएका छन् । सातौं सामाजिक सुरक्षा कोष दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री केपी शर्मा 'ओली'ले कोषले उपलब्ध गराउने स्वास्थ्योपचार सेवाको दायरा विस्तार गर्ने घोषणा गरेका हुन् । यो व्यवस्था ९० दिनमा कार्यविधिमा समेटेर कार्यान्वयनमा आउने छ ।

अहिले कोषका योगदानकर्ताले अस्पतालमा भर्ना भई उपचार गर्दा एक लाखसम्मको ८० प्रतिशत खर्च कोषबाट पाउँदै आएका छन् । योगदानकर्ता अस्पताल भर्ना भएर उपचार गर्दा एक लाखको बिल आएमा कोषले ८० हजार र योगदानकर्ताले २० हजार व्यहोर्नुपर्छ । अब एक लाखभन्दा बढी १० लाखसम्म उपचार खर्च लाग्ने योगदानकर्ताको उपचारमा ५० प्रतिशत खर्च कोषबाट व्यहोरिने प्रधानमन्त्री ओलीले उद्घोष गरेका हुन् । देशभरि कोषमा आबद्ध अस्पतालको संख्या पनि ९० पुगेका छन् ।

प्रधानमन्त्री ओलीले योगदानकर्ताका छोराछोरीलाई पनि स्वास्थ्योपचार सेवा विस्तार गर्ने घोषणा गरेका छन् । हाल औपचारिक क्षेत्रका योगदानकर्ताको श्रीमान् र श्रीमतीमा सीमित रहेको स्वास्थ्योपचार सेवा अब १८ वर्षसम्मका छोराछोरीमा पनि विस्तार गरिने भएको हो । आगामी ९० दिनपछि योगदानकर्ताका छोराछोरी पनि कोषको सेवाबाट लाभान्वित हुने उनको भनाइ छ । 'संविधानमा व्यवस्था भएका मौलिक हक र दायित्वप्रति सरकार जिम्मेवार र जवाफदेही छ,' उनले भने, 'देशलाई समृद्ध बढाउन सरकार क्रियाशील छ ।'

प्रधानमन्त्री ओलीले अस्थायी र ज्यालादारी कर्मचारीलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइने बताए । केही दिन मात्र काम गरेको भए पनि अस्थायी र ज्यालादारी कर्मचारीले पनि सामाजिक सुरक्षा पाउने नियम लागू हुने उनले बताए ।

सात वर्षमा करिब १८ लाख सात सय ६९ श्रमिक सूचीकृत

योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम कार्यान्वयनमा आएको सात वर्ष पुगेको छ । ०७५ सालमा ओली प्रधानमन्त्री हुँदा नै अभियानका रूपमा कार्यक्रम सुरु गरिएको थियो । हालसम्म कोषमा सूचीकृत रोजगारदाताको संख्या १९ हजार सात सय ६९ पुगेको छ । त्यस्तै, १७ लाख ९७ हजार ६ सय ४० श्रमिक सूचीकृत छन् । यीमध्ये १२ लाख ५३ हजार ६ सय १५ श्रमिक वैदेशिक रोजगारीमा रहेका हुन् । औपचारिक क्षेत्रका पाँच लाख ४३ हजार चार सय ९१, अनौपचारिक क्षेत्रका तीन सय सात र स्वरोजगार क्षेत्रका दुई सय २७ योगदानकर्ता रहेका कोषले जनाएको छ । हालसम्म कोषमा ६८ अर्ब ६८ करोड ९० लाख रुपैयाँ योगदान भएको छ ।

प्रधानमन्त्रीका नयाँ घोषणा

- हाल औपचारिक क्षेत्रका योगदानकर्ताको श्रीमान् र श्रीमतीमा रहेको स्वास्थ्योपचार सेवा अब योगदानकर्ताका १८ वर्षसम्मका छोराछोरीमा पनि विस्तार गरिने ।
- योगदानकर्ता अस्पतालमा भर्ना भई उपचार गर्दा हाल उपलब्ध एक लाखसम्मा ८० प्रतिशत कोषले व्यहोर्ने व्यवस्था परिमार्जन गरेर सो सेवाभन्दा बढी १० लाखसम्मको उपचारमा ५० प्रतिशत कोषले व्यहोर्ने ।

कोषले दिने सापटीको ब्याजदर

- विशेष सापटीको ६.६० प्रतिशत
- घर सापटीको ७.५ प्रतिशत
- शैक्षिक सापटीको ७.५ प्रतिशत
- सामाजिक कार्य सापटीको ७.५ प्रतिशत



कोषले औषधि उपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा, वृद्ध अवस्था सुरक्षा योजना, अवकाश दाबीजस्ता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । अहिलेसम्म ११ अर्ब ६२ करोड रुपैयाँ दाबी भुक्तानी भइसकेको कोषले जनाएको छ ।

कोषले आफ्ना योगदानकर्तालाई सहुलियत ब्याजदरमा सापटी पनि दिँदै आएको छ । आव ०८१/८२ का लागि विशेष सापटीको ६.६० प्रतिशत ब्याजदर तोकिएको छ भने घर सापटी, शैक्षिक सापटी र सामाजिक कार्य सापटीको ७.५ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराएको छ । यस्तै, योगदानकर्ताले वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरेको रकममा ५.५ प्रतिशत ब्याज पाउने कोषले जनाएको छ ।

योगदानकर्ता घर सापटीतर्फ नयाँ घर निर्माण गर्न, एकाघरको स्वामित्वमा रहेको घरमा तला थप्न तथा मर्मत गर्न, संयुक्त आवासमा युनिट खरिद गर्न र घर खरिद गर्न ७५ लाखसम्म सापटी पाउने व्यवस्था छ । शैक्षिक सापटीतर्फ योगदानकर्ता वा निजको पति-पत्नी, छोरा वा छोरीले स्वदेश तथा विदेशका शैक्षिक संस्थामा उच्च शिक्षा अध्ययन प्रयोजनका लागि ३५ लाखसम्म यस्तो सापटी लिन पाउँछन् । हालसम्म पाँच अर्ब रुपैयाँ विभिन्न शीर्षकमा कोषबाट कर्जा प्रवाह भएको छ ।

१३ वर्षमा सम्पत्ति शुद्धीकरणमा सवा १४ अर्ब बिगोसहितका मुद्दा दर्ता, ८१% ठहर

०६८ यता सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १०१ मुद्दा दायर गरेकामा ७९ वटामा सफलता

कृष्ण रिजाल/नयाँ पत्रिका

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १३ वर्षमा १४ अर्ब २७ करोडबराबरको बिगो दाबीसहित एक सय एकवटा मुद्दा दायर गरेको छ । ०६८ सालमा आर्थिक अपराध तथा सम्पत्ति शुद्धीकरण निवारणका लागि स्थापना भएको विभागले दायर गरको मुद्दामा ८१ प्रतिशत सफलता प्राप्त भएको महानिर्देशक सुमन दाहालले जानकारी दिए ।

विभाग स्थापनाकालदेखि आर्थिक वर्ष ०८०/८१ सम्म जम्मा एक सय एक थान मुद्दा दायर भएकोमा ९७ थान मुद्दाको फैसला भएको छ । फैसला भएकामध्ये ७९ थान अर्थात् ८१ प्रतिशत मुद्दा ठहर भएको विभागले जनाएको छ ।

विभागका अनुसार आव ०८०/८१ मा सम्पत्ति शुद्धीकरणको छानबिनका लागि सात सय ८९ वटा उजुरी परेका छन् । त्यसमध्ये पाँच सय ९६ वटाको प्रारम्भिक जाँचबुझ गरी १२ वटामा मुद्दा दायर गरिएको छ । विभागले ३९ जनालाई प्रतिवादी बनाएर एक अर्ब ४७ करोड रुपैयाँ बिगो दाबी गरेको छ । ती मुद्दाहरू विशेष गरी राजस्व चुहावट, विदेशी विनिमय, बैंकिङ कसुर, ठगी, मानव बेचबिखन, लागुऔषधको कारोबार, इन्साइडर ट्रेडिङजस्ता सम्बद्ध कसुरसँग सम्बन्धित रहेको विभागले जनाएको छ । आव ०७९/८० मा सात सय ४२ वटा यस्ता उजुरी परेका विभागको तथ्यांक छ ।

विभागका अनुसार आर्थिक वर्ष ०७९/८० को तुलनामा ०८०/८१ मा सम्पत्ति शुद्धीकरणमा उजुरी ४७ वटा, प्रारम्भिक जाँचबुझ तीन सय ४९ वटा, मुद्दा दायर संख्या एउटा र प्रतिवादी संख्या दुइटाले बढेका छन् ।

नेपालले सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानी निवारण सम्बन्धमा दुईवटा पञ्चवर्षीय रणनीति तथा कार्ययोजना (२०६८-२०७३) र (२०७६-२०८१) कार्यान्वयन गरिसकेको छ । यहीबीचमा दुईवटा राष्ट्रिय जोखिम मूल्यांकन, स्वमूल्यांकन र तीनवटा अन्तर्राष्ट्रिय पारस्परिक मूल्यांकनसमेत सम्पन्न भइसकेका छन् । जनचेतना बढ्दै जानु र सरकार तथा सम्बद्ध सरकारी निकायले सक्रियता देखाएकै कारण उजुरीदेखि मुद्दासमेत बढ्दै गएको विभागका महानिर्देशक सुमन दाहालले बताए ।

'सम्पत्ति शुद्धीकरणका उजुरी तथा मुद्दा बढेको विषयलाई नकारात्मक र सकारात्मक गरी दुई तरिकाले हेर्नुपर्ने हुन्छ,' उनले भने, 'नकारात्मक तरिकाले हेर्दा यस्ता कार्य बढेको हो कि भनेजस्तो देखिन्छ, तर सकारात्मक हिसाबले हेर्दा सरकारले अन्तर्राष्ट्रिय मापदण्ड र आफ्नो नीति-नियमअनुसार उजुरी लिएर छानबिन र मुद्दा दायर गरी आर्थिक अपराधलाई निवारण एवं निरुत्साहित गरेको हो भनी बुझ्नुपर्छ ।'

गैरकानुनी कार्य गरी आर्जन गरेको सम्पत्तिलाई कानुनी स्रोतबाट प्राप्त भएको देखाउन त्यस्तो सम्पत्तिको वास्तविक स्रोत लुकाउने, प्रकृति बदल्ने वा कारोबार छल्ने कार्य नै सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) हो । गैरकानुनी कार्यबाट आर्जित धन-सम्पत्ति पहिचान गर्ने, कारबाही गर्ने र त्यस्ता आर्जन नियन्त्रण गर्ने एकीकृत प्रणाली नै सम्पत्ति शुद्धीकरण निवारण हो । विभागका अनुसार सम्पत्ति शुद्धीकरण निवारणमा ३० भन्दा बढी निकाय प्रत्यक्ष रूपमा संलग्न छन् । समग्रमा ५० भन्दा बढी सरकारी निकाय र उल्लेख्य संख्यामा सूचक संस्थाहरूले यस्तो काम गरिरहेका छन् । पछिल्लो समय विभिन्न सरकारी सूचक संस्थाले शुद्धीकरण निवारणमा काम गर्ने भएकाले आर्थिक अपराध न्यूनीकरण तथा नियन्त्रणमा उपलब्धि हासिल भइरहेको उनले बताए ।

फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटिएफ)ले सम्पत्ति शुद्धीकरण, आतंककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानीजस्ता गैरकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय मापदण्ड निर्धारण र समयानुकूल परिमार्जन गर्दै गएको छ । एफएटिएफका मापदण्ड कार्यान्वयन गर्ने उद्देश्यले क्षेत्रीयस्तरमा स्थापना भएका नौवटा क्षेत्रीय संस्थाले काम गर्दै आएका छन् ।

एसिया प्रशान्त क्षेत्रका लागि एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी)ले काम गर्दै आएको छ । नेपालले एफएटिएफ र एपिजीले बनाएका मापदण्डअनुसार नै कार्य गर्दै आएको छ । त्यस्तै, संयुक्त राष्ट्रसंघ, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्राकोष, एसियाली विकास बैंक, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन र बिम्स्टेकजस्ता अन्तर्राष्ट्रिय संघ-संस्थाले पनि सम्पत्ति शुद्धीकरण निवारणमा नीति बनाएर काम गर्दै आएको छ ।

नेपालले यी संस्थासँग समेत सहकार्य गर्दै आएको विभागले जनाएको छ । 'सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय एवं सहकार्यका भइरहेको छ,' महानिर्देशक दाहालले भने, 'त्यसका सकारात्मक परिणाम देखिँदै छन् ।'



सम्पत्ति शुद्धीकरण निवारणमा उल्लेखनीय काम भएका छन्



● **सुमन दाहाल**, महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

नेपाल आर्थिक अपराध नियन्त्रणमा सधैं सक्रिय रहँदै आएको छ । विगत दुई दशकको अवधिमा यस क्षेत्रमा उल्लेखनीय कानुनी तथा संस्थागत विकास भएको छ । सर्वसाधारणले सम्पत्ति शुद्धीकरण अझै बुझेका छैनन् । कानुनअनुसार सयौं कसुर छन् । त्यसमध्ये पनि ३२ वटालाई सम्पत्ति शुद्धीकरणसम्बद्ध कसुर मानिएको छ । सम्पत्ति शुद्धीकरण सेकेन्डरी अफेन्स (कसुर) हो, प्राइमरी होइन । त्यसैले उजुरी धेरै देखिए पनि मुद्दा कम छन् । विभागको सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानीसम्बन्धी कसुरको अनुसन्धान र अभियोजन गर्ने मुख्य कार्यका साथसाथै नागरिकमा सचेतना फैलाउने कार्य गर्नु हो, यी सबै काम हामी गरिरहेका छौं ।

■ सम्पत्ति शुद्धीकरणमा भएको छानबिन

विवरण	आव ०७८/७९	आव ०७९/८०	आव ०८०/८१
प्रारम्भिक जाँचबुझ	११२	२४७	५९६
मुद्दा दायर गरिएको	३	११	१२
प्रतिवादी	१४	३७	३९
कुल बिगो दाबी रकम रु. लाखमा	२६४५	६२३४४	१४७००

■ सम्पत्ति शुद्धीकरणमा भएको उजुरी अवस्था

आर्थिक वर्ष	व्यक्तिगत उजुरी	विभागको आफ्नो स्रोत	वित्तीय जानकारी इकाइबाट	अन्य निकायबाट	विदेशी स्रोत	जम्मा
०७८/७९	६४	०	२०	५२	०	१३६
०७९/८०	७१०	२	१०	१९	१	७४२
०८०/८१	७३२	१२	३४	११	-	७८९

कर्णाली डेभलपमेन्ट बैंकको कारोबारमा रोक

काठमाडौं/ नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण विभागले कर्णाली डेभलपमेन्ट बैंकलाई थप निक्षेप लिन तथा थप कर्जा प्रवाह गर्न रोक लगाएको छ । विभागले ६ देखि ११ साउनसम्म लक्षित निरीक्षणको प्रतिवेदनअनुसार सो संस्थाको कर्जा नोक्सानी व्यवस्थामा सुपरिवेक्षकीय समायोजन गर्दा तोकेबमोजिमको न्यूनतम पुँजीकोष अनुपात कायम नहुने देखिएको थियो । त्यस्तै, निष्क्रिय कर्जा अनुपात ४०.८५ प्रतिशत कायम हुनेलगायतका कारणले संस्थाको वित्तीय अवस्था समस्याउन्मुख देखिएको केन्द्रीय बैंकको निष्कर्ष छ । निक्षेपकर्ता र सर्वसाधारणको हित संरक्षण गर्ने अभिप्रायले सो संस्थालाई शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४ बमोजिम ६ महिनाभित्र संस्थाको नयाँ व्यवस्थापनले उक्त संस्थाको वित्तीय परिसूचकहरूमा सुधार गर्ने सर्तमा यस्तो निर्देशन जारी गरेको हो ।

> निष्क्रिय कर्जाको अनुपात ४०.८५ प्रतिशत पुगेपछि बैंकको कारोबारमा रोक

धितोमा रहेको चल/अचल सम्पत्ति बोलपत्र मार्फत लिलाम बिक्री गरिने ३५ (पैतिस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/०८/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको सावाँ ब्याज संस्थासँग गर्नु भएको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक/पटक मौखिक तथा लिखित तारतम्यता गर्दा समेत वेवास्ता गरी ऋण/कर्जा भुक्तान नगर्नु भएकोले राष्ट्रिय दैनिक पत्रिकामा ऋणको सावाँ ब्याज चुक्ता/भुक्तान गर्नको लागि सम्पुर्ण प्रक्रिया पुरा गरी कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत कर्जाको सावाँ ब्याज भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भई ऋण लिदाँको बखत गर्नु भएको सम्पुर्ण शर्त/बन्देज तथा सम्झौताहरु उलंघन गर्नु भएकोले सो ऋण लिदाँको बखत सुरक्षण बापत धितो लेखी दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ, सोहि अवस्थामा नै प्रचलित कानुनको अधिनमा रहि बोलपत्र मार्फत लिलाम बिक्री गरी संस्थाको सम्पुर्ण लेना रकम असुल उपर गर्नको लागि **३५ (पैतिस) दिने लिलाम सम्बन्धि सूचना** प्रकाशित गरिएको छ । धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति शिलबन्दी बोलपत्र मार्फत खरिद गरिलिनु हुन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य सघं संस्थाले यो सूचना प्रकाशित भएको ३५ (पैतिस) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्त/बन्देजको अधिनमा रहि, रितपुर्वक बोलपत्र फारम भरि **यस संस्थाको सम्बन्धित सेवाकेन्द्र कार्यालय न्युरोड काठमाण्डौमा** आइपुग्ने गरी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । साथै लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल/अचल सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री गर्दा संस्थाको सम्पुर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित ऋण असुली नियमावली २०८० र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना

ऋणीः श्री सुरेन्द्र पौडेल
बाबुः मुकुन्द रत्न पौडेल
बाजेः अनन्त
ना.प्र.नं.: ३६/१०५०५
जारी मितिः २०५५/०८/२२ (नवलपरासी)
ठेगानाः नवलपरासी जिल्ला सावित्रक गैंडाकोट गा.वि.स.वडा नं. ०८ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला बसोबास गर्ने ।



व्यक्तिगत धनजमानिकर्ताः श्री दुर्गा सुबेदी
पतिः सुरेन्द्र पौडेल
ससुराः मुकुन्द रत्न पौडेल
ना.प्र.नं.: ४३२३४/३९०
जारी मितिः २०६३/१०/२६ (तनहुँ)
ठेगानाः तनहुँ जिल्ला भिमाद गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला सावित्रक गैंडाकोट गा.वि.स.०८ ठेगाना भएकी ।



धितोको विवरण

● सुरेन्द्र पौडेलको नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स./न.पा. वडा नं. ०६, नक्सा सिट नं.६ख स्थित कित्ता नं. २१० को जम्मा क्षेत्रफल ३०३४.५५ बर्गमिटर (५-१५-१-३ रोपनी) को पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

लिलाम बिक्री सम्बन्धि अन्य शर्त र बन्देजहरु

१. लिलाम बिक्री सम्बन्धि शर्त/बन्देज सहितको बोलपत्र फारम यस संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको ऋण/कर्जा असुली विभाग वा यस संस्थाको सेवा केन्द्र कार्यालयहरु बाट रु. १०००/- (फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ ।
२. लिलाम बिक्री सम्बन्धि सम्पुर्ण शर्त/बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १५ सम्म उल्लेख भए अनुसार नै हुनेछ ।
३. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्न र लिलाम सम्बन्धि विस्तृत जानकारी लिन आवश्यक ठानेमा केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौ वा सेवाकेन्द्र कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिउसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा ऋणी जमानतकर्ता, धितो सुरक्षण दिनुहुने व्यक्ति, बोलपत्रदाता तथा सम्बन्धित सबैलाई **सम्बन्धित सेवाकेन्द्र कार्यालय न्युरोड काठमाण्डौमा** उपस्थित हुनको लागि समेत जानकारी गराइन्छ ।
६. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा (बिदा पश्चात् कार्यालय खुलेको दिन) सोहि समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्र फारममा उल्लेखित अन्य सम्पुर्ण शर्त लागु हुनेछ ।
८. संस्थाले चाहेको खण्डमा लिलाम मिति थपघट गर्न सक्ने छ ।

पुनश्चः उल्लेखित धितो लेखिदिएको सम्पत्ती लिलाम बिक्री गर्दा वा संस्थाले आफै सकार गर्दा सावित्रकमा संस्थाबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तीको उचित मुल्य प्राप्त नभै कम मुल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन ।

बोलपत्र पेश गर्ने अन्तिम मिति र समय
२०८१/०९/१६ गते कार्यालय समय सम्म

बोलपत्र खोलिने मिति, समय र स्थान
२०८१/०९/१७ गते बुधबार सेवाकेन्द्र कार्यालय न्युरोड, काठमाण्डौं दिउँसो ३ बजे

IME Co-operative Service Ltd.
आइएमई को-अपरेटिभ सर्भिस लि.
Headoffice: Kantipath, Kathmandu, Nepal
Tel: 977-01-5329601, 5339602, 5339603
www.imecsi.com, E-mail:info@imecsi.com

Biratnagar : 021-524540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-581006
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-562184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi: 091-590581
Baglung: 068-524280

पुँजी बजारका चुनौतीलाई अवसरमा परिणत गर्छु : अध्यक्ष श्रेष्ठ



काठमाडौं/ नेपाल धितोपत्र बोर्डका नवनिर्वाचित अध्यक्ष सन्तोषनारायण श्रेष्ठले पुँजी बजारका चुनौतीलाई अवसरमा परिणत गर्ने बताएका छन् । उनले मंगलबार उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष पद तथा गोपनीयताको शपथग्रहण गरेका छन् ।

शपथग्रहण कार्यक्रममा बोल्दै उनले चुनौतीको सामना गर्दै पुँजी बजारलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका हुन् । उनले भने, 'नेपालको पुँजी बजारको नियामकका रूपमा लगानीकर्ताको हित तथा पुँजी बजारमार्फत नेपालको आर्थिक विकास प्रवर्द्धन गर्न डटेर लाग्नेछु । पुँजी बजारमा चुनौती धेरै छन् । चुनौतीलाई अवरमा परिणत गर्नेछु ।'

■ सबै आशंकालाई योग्यतापूर्वक चिर्न अर्थमन्त्रीको निर्देशन

अर्थमन्त्री पौडेलले अध्यक्ष श्रेष्ठलाई नियुक्तिपत्र हस्तान्तरण गर्दै बधाई दिएका छन् । उनले धितोपत्र बजारको समस्यालाई सम्बोधन गर्न गतिशील भएर लाग्न निर्देशन दिएका छन् । उनले भने, 'लामो समयदेखि पेन्डिङमा रहेको नियुक्ति प्रक्रियाले पूर्णता पाएर अध्यक्ष नियुक्त हुनुभएको छ । सबै आशंकालाई योग्यतापूर्वक कामले चिर्नुहुन्छ भन्ने विश्वास छ ।'

रामेछाप-काठमाडौं उडान बन्द



रामेछापमा **दीपक भट्ट**

तीन निजी विमान कम्पनीहरूले उडान सेवा बन्द गरेपछि रामेछाप-काठमाडौं जान टिकट काटेका यात्रु अलपत्र परेका छन् । नागरिक उड्डयन प्राधिकरणले तालिका नै नराखेको भन्दै दुई हप्तादेखि कम्पनीहरूले उडान सेवा बन्द गरेका छन् । मन्थलीबाट तारा एयर, सीता एयर र समिट एयर गरी तीन हवाई सेवाले दैनिक एक उडान गर्दै आएका थिए । गत असोजमा आएको बाढीले बिपी राजमार्ग क्षतविक्षत बनाएपछि असोजको तेस्रो सातादेखि निजी कम्पनीहरूले दैनिक एक उडान गर्दै आएका थिए ।

रामेछापमा विमानस्थल भएर पनि नागरिकले सेवा नपाएको जलस्रोत, ऊर्जा तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङसहित जिल्लावासीको तीव्र दबाबपछि प्राधिकरणले तालिका सार्वजनिक गरेपछि निजी वायुसेवा कम्पनीहरूले रामेछाप-काठमाडौं उडान गर्दै आएका थिए । उडान सेवा सुरु गरेको दुई महिना नबित्दै उडान सेवा बन्द गरेपछि रामेछापका नागरिक मारमा परेका छन् ।

बर्सातका कारण सडक अवरुद्ध भएपछि जहाजमार्फत बिरामी, ज्येष्ठ नागरिक, अशक्त, गर्भवती महिला र बालबालिकाले सहजै यात्रा गर्ने अवसर पाएका थिए । जहाज बन्द भएपछि अहिले रामेछापका यात्रुहरू बिपी राजमार्ग हुँदै घण्टौं समय लगाएर राजधानी जान बाध्य छन् । जिल्लामै विमानस्थल हुँदा पनि नागरिकले सेवा नपाउनु दुःखद भएको मन्थली नगरपालिका- १ का नारायणदास श्रेष्ठले जानकारी दिए ।

रामेछाप विमानस्थलबाट काठमाडौंसम्म नियमित सेवा दिँदै आएको तारा एयर, समिट एयर र सीता एयरले दुई सातादेखि काठमाडौंका लागि उडान सेवा बन्द गरिएको तारा एयर रामेछापका स्टेसन प्रमुख प्रवीण सुवेदीले जानकारी दिए । उनले भने, 'विमानको उडानतालिका नहुँदा हाललाई नियमित उडान सेवा बन्द भएको छ ।' नागरिक उड्डयन प्राधिकरणले उडानतालिका पठाए पुनः नियमित उडान गर्ने प्रमुख सुवेदीले बताए । रामेछाप-काठमाडौं नियमित उडान हुँदै जहाजको टिकट काटिसकेका नागरिहरू उडान सेवा बन्द हुँदा मारमा परेका छन् । जहाजको टिकट काटेर राजधानी जाने तयारी गर्दा-गर्दै जहाजको उडान सेवा नै बन्द हुँदा आफूहरू मारमा परेको गोकुलगंगा गाउँपालिका- ४, बेतालीका नवीन केसीले जानकारी दिए ।

ऐच्छिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड

काठमाडौं म.न.पा. वडा नं. २२, प्युखा, काठमाडौं फोन नं ०१-५७१३१८५

ऋण नतिर्ने ऋणीलाई १५ दिने अत्यन्त जरूरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/८/१२

यस सहकारी संस्थाबाट ऋण लिएका तपशिलमा उल्लेखित ऋणीले कर्जा लिदा गरिदिएको लिखत र ऋण स्वकिृतिपत्रको शर्तमा तोकीए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज र हर्जनाको रकम सहितको सम्पुर्ण लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत यस सहकारीको कर्जा चुक्ता/भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरी कर्जा सम्बन्धी शर्त बन्देजहरू उलङ्घन गर्नु भएकोले तपाई तपसिलमा उल्लेखित ऋणीको नाममा कर्जा चुक्ता गर्न आउनु भनी यो १५ (पन्ध्र) दिने सुचना प्रकाशित गरिएको छ। सम्बन्धीत जमानकर्ताहरू समेतले यसै सुचनालाई आधार मानी आ-आफ्नो जमानतमा रहेको ऋण चुक्ता गर्नु/गराउनु हुन अनुरोध गरिन्छ, अत: ऋणी तथा जमानीकर्ताहरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा सम्पर्क राखी आफुले लिएको कर्जाको साँवा व्याज तथा अन्य दस्तुर समेत चुक्ता/भुक्तान गर्नुहोला, अन्यथा सहकारी ऐन ०७४, सहकारी नियमावली ०७५ एवं यस संस्थाको विनियम तथा ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली र अन्य प्रचलित नेपाल कानून बमोजिम कारवाही भई धितो लिलामीमा जाने व्यहोरा सुचित गरिन्छ।

तपसिल

ऋणिको तिनपुस्ते नाम र ठेगाना	व्यक्तिगत जमानीकर्ता	धितोको बिवरण	ऋणिले बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना रकम (एकमुष्ट)
नाम : अप्सरा कार्की बाबु : भोज बहादुर भण्डारी पति : बालकृष्ण कार्की ना.प्र.नं. : ११००१, मकवानपुर साबिक ठेगाना : मकवानपुर जिल्ला हेटौडा .न.पा..-११बागमती प्रदेश हालको ठेगाना: काठमाडौं जिल्ला का.म.न.पा. वडा नं १० बुद्धनगर, बागमती प्रदेश सम्पर्क नं - ९८४५१४९५२७	**१. नाम : होमराज गौतम** बाबु : भवनाथ गौतम ठेगाना : हाल का.जि.का.म.न.पा. -१० बानेश्वर, काठमाडौं **२. नाम : बालकृष्ण कार्की** बाबु : प्रेम बहादुर कार्की ठेगाना : हाल का.जि.का.म.न.पा. १०, काठमाडौं	काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १०, सि.नं १०२११८६०१ कि.नं. ६२४ क्षे.फ. ९५.३९ बर्ग मि. मात्र जग्गाधनी : अप्सरा कार्की	रु. १,६८,६५,०००/- अक्षेरुपी : एक करोड अठ्सट्ठी लाख पैंसट्ठी हजार मात्र।

नबिल एसएसईले मनायो तेस्रो वार्षिकोत्सव

काठमाडौं/ नबिल स्कुल अफ सोसियल आन्टरप्रेनरसिप (नबिल एसएसई)ले तेस्रो वार्षिकोत्सव मनाएको छ। नबिल एसएसई बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सामाजिक उद्यमशीलताको विकासमार्फत सामाजिक रूपान्तरण गर्ने लक्ष्य राखेर अघि बढाइएको कार्यक्रम हो।

नबिलले फेलोसिप कार्यक्रम र सर्टिफिकेट कोर्स गरी दुई प्रकारको कार्यक्रम सञ्चालन गर्दै आएको छ। हालसम्म नबिल एसएसई कार्यक्रमबाट आठ सय २० भन्दा बढी व्यक्तिले उद्यमशीलतासम्बन्धी प्रशिक्षण प्राप्त गरिसकेको बैंकले जनाएको छ। त्यस्तै, एक सय १७ नयाँ उद्यम स्थापना भएको र १२ सयजनाले रोजगारी सिर्जना गर्न सफल भएको बैंकले जानकारी दिएको छ। 'नबिल एसएसईले नवीन सोच भएका व्यक्तिहरूलाई प्रोत्साहन गर्दै देशभित्र नै उद्यम गरी



रोजगारी सिर्जना गर्न सफल भएकामा हामी खुसी छौँ,' नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगानाले बताए। सामाजिक तथा आर्थिक रूपान्तरणमा नबिल एसएसईले गतिशील बनाएको भन्दै उनले भने, 'तीन वर्षको दौरानमा देशमा सयौँ मानिसका लागि रोजगारी सिर्जना भएको छ भने यसले दीर्घकालीन सामाजिक परिवर्तनमा सहयोग हुनेमा हामी विश्वस्त छौँ।'

स्थापनाकालदेखि हालसम्म नबिल एसएसईले देशभरका १२ शैक्षिक संस्थासँग सहकार्य गर्दै आफ्ना कार्यक्रम सफलतापूर्वक सञ्चालन गरिरहेको छ। त्रिभुवन विश्वविद्यालयको स्कुल अफ म्यानेजमेन्ट (सोमटियू)सँगको सहकार्यमा सञ्चालित फेलोसिप कार्यक्रमले सामाजिक उद्यमशीलतामा रुचि राख्नेहरूलाई उत्कृष्ट प्लेटफर्म प्रदान गर्दै आएको जनाएको छ।

नबिल एसएसईअन्तर्गत हालै सुरु भएको चौथो ब्याचमा २० जना नयाँ उद्यमीले आफ्नो उद्यमशीलता यात्रा प्रारम्भ गरेका छन्।

लक्ष्मी सन्राइज बैंक लिमिटेडको ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०८/१२)

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी तथा जमानतकर्तालाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी लगायत सम्वन्धित सबै पक्षलाई यसै सूचनाद्वारा सूचित गरिन्छ। उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे नगराएमा ऋणी लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्नुपर्ने पक्षहरुलाई बिना अन्य सूचना कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी लगायत सम्वन्धित पक्षको हकलाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रकिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : बानेश्वर, काठमाण्डौ

१. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य, तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता नं. ३-३४-३७६-१५८०२८/२०७७/७८ मिति २०७७/१०/०६ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय ललितपुरमा पान नं. ६०८५८२२८७ भएको ललितपुर जिल्ला ललितपुर म.न.पा./उपमन.प. वडा नं. २९, स्थित **नयाँ ए टु जेट स्टोर (New A To Z Store)।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरण: कृष्ण बहादुर श्रेष्ठको बुहारी, गणेश लाल श्रेष्ठको पत्नी ललितपुर जिल्ला ललितपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ०२ भई हाल ललितपुर म.न.पा. वडा नं.२९, हरिसिद्धि बस्ने **मन शाही श्रेष्ठ** (ना.प्र.नं. ९८४२७ जि.प्र.का. ललितपुर जारी मिति २०५५/११/१३)

व्यक्तिगत जमानतकर्ताहरु :*

क) गणेश लाल श्रेष्ठको बुहारी राजु श्रेष्ठको पत्नी ललितपुर जिल्ला ललितपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ०२ भई हाल ललितपुर म.न.पा. वडा नं.२९, हरिसिद्धि बस्ने **पूर्ण देवी श्रेष्ठ** (ना.प्र.नं. २८-०१-०६६-०६७२३ जि.प्र.का. ललितपुर जारी मिति २०६६/१२/२५)

ख) कृष्ण बहादुर श्रेष्ठको नाती गणेश लाल श्रेष्ठको छोरा ललितपुर जिल्ला ललितपुर उ.म.न.पा/गा.वि.स. वडा नं. ०२ भई हाल ललितपुर म.न.पा. वडा नं.२९, हरिसिद्धि बस्ने **राजु श्रेष्ठ** (ना.प्र.नं. ६९८८३ जि.प्र.का. ललितपुर जारी मिति २०५१/१०/१०)

धितो सुरक्षणको विवरण : यस बैंकको नाममा दर्ता कायम रही ऋणी **न्यू ए टु जेट स्टोर** जनिएको मोडेल Nissan Kicks Diesel XV च्यासिस नं. MDHFDAD15K2003831 इन्जिन नं. E032641 भएको सवारी दर्ता नं. **प्रदेश ३-०१-०२३ च ९४६९** को भाडा/निजी सवारी साधन थान १।

शाखा कार्यालय : सुरुङ्गा, झापा

१. ऋणीको नाम : पुष्प बहादुर थापाको नाती दल बहादुर थापाको छोरा झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ०२ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **मनोज थापा** (ना.प्र.नं. ६४३८६७४८ जि.प्र.का. झापा जारी मिति २०५५/०१/०८)

धितो तथा व्यक्तिगत जमानतकर्ताहरु :*

क) नर बहादुर थापाको नाती पुष्प बहादुर थापाको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **दल बहादुर थापा** (ना.प्र.नं. १०६७/०३२/३३ जि.प्र.का. मोरङ जारी मिति २०४१/०१/१०)।

ख) पुष्प बहादुर थापाको बुहारी दल बहादुर थापाको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **पिपला देवी थापा** (ना.प्र.नं. ५७७६ जि.प्र.का. मोरङ जारी मिति २०३७/१२/०४)।

व्यक्तिगत जमानतकर्ता :* दल बहादुर थापाको बुहारी मनोज थापाको पत्नी झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ०१ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **ज्ञानु माया चापागाई** (ना.प्र.नं. ४०४१४८०३ जि.प्र.का. झापा जारी मिति २०५२/०१/०३)।

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता दल बहादुर थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-२-० बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **धितो जमानतकर्ता पिपला देवी थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-१-५ बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. ऋणीको नाम : प्राइभेट फर्म राजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश नं ०१ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता नं. ९८१/१७९/१६००७९ मिति २०७६/०२/१२ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय भद्रपुर, झापामा पान नं. ६१०७०९२९२ भएको झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१, स्थित **पाथीभरा पोलि पाइप।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरण: पुष्प बहादुर थापाको नाती दल वहादुर थापाको छोरा झापा जिल्ला सुरुङ्गा गा.वि.स. वडा नं. ०२ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **मनोज थापा** (ना.प्र.नं. ६४३८६७४८ जि.प्र.का. झापा जारी मिति २०५५/०१/०८)

धितो तथा व्यक्तिगत जमानतकर्ताहरु :*

क) नर बहादुर थापाको नाती पुष्प बहादुर थापाको छोरा मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **दल बहादुर थापा** (ना.प्र.नं. १०६७/०३२/३३ जि.प्र.का. मोरङ जारी मिति २०४१/०१/१०)

ख) पुष्प बहादुर थापाको बुहारी दल बहादुर थापाको पत्नी मोरङ जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ०९ भई हाल झापा जिल्ला कन्काई न.पा. वडा नं. ०१ बस्ने **पिपला देवी थापा** (ना.प्र.नं. ५७७६ जि.प्र.का. मोरङ जारी मिति २०३७/१२/०४)।

व्यक्तिगत जमानतकर्ता :* दल बहादुर थापाको बुहारी मनोज थापाको पत्नी झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ०१ भई हाल कन्काई न.पा. वडा नं. ०१ बस्ने **ज्ञानु माया चापागाई** (ना.प्र.नं. ४०४१४८०३ जि.प्र.का. झापा जारी मिति २०५२/०१/०३)।

धितो सुरक्षणको विवरण :

१. **धितो जमानतकर्ता दल बहादुर थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ६५८ को क्षेत्रफल ०-२-० बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. **धितो जमानतकर्ता पिपला देवी थापा**को नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला सुरुङ्गा गा.वि.स वडा नं. ०२ स्थित कित्ता नं. ९८७ को क्षेत्रफल ०-१-५ बि-क-धु भएको जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. यस बैंकको नाममा दर्ता कायम रही ऋणी **पाथीभरा पोलि पाइप** जनिएको मोडेल LCV TRUTIP च्यासिस नं. MAT505227K8R10428 इन्जिन नं. 4SPCR11EPY621060 भएको सवारी दर्ता नं. **प्र.१.०१.००१ क ९८५** को भाडा/निजी सवारी साधन थान १।

४. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : लहान, सिरहा

१. ऋणी तथा जमानीकर्ताको विवरण : रमजानी मियाँको नाति सुलेमान मियाँको छोरा सिरहा जिल्ला ग.महेशपुर गा.वि.स.वडा नं. ०३ भई हाल सिरहा जिल्ला मिर्चैया वडा नं. १० बस्ने **ताहीर मियाँ** (ना.प्र.नं. २०२८ जि.प्र.का. सिरहा जारी मिति २०४४/११/१९)।

व्यक्तिगत तथा धितो जमानतकर्ता :* सुलेमान मियाँको बुहारी, ताहीर मियाँको पत्नी सिरहा जिल्ला ग.महेशपु गा.वि.स.वडा नं. ०३ भई हाल सिरहा जिल्ला मिर्चैया वडा नं. १० बस्ने **जमिला खातुन** (ना.प्र.नं. १५३०१००/४० जि.प्र.का. सिरहा जारी मिति २०६३/१२/०३)

व्यक्तिगत जमानतकर्ता : * सुलेमान मियाँको नाति ताहीर मियाँको छोरा सिरहा जिल्ला मिर्चैया न.पा.वडा नं. १० बस्ने **मो. अजमल मियाँ** (ना.प्र.नं. १५-०१-७४/१०००५ जि.प्र.का. सिरहा जारी मिति २०७४/०९/१६)।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता जमिला खातुनको नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला ग.महेशपुर गा.वि.स वडा नं. २ स्थित कित्ता नं. ३०५८ र ३०७६ को क्षेत्रफल ०-०-६.५ र ०-०-१० बिगाह भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ऋणी तथा जमानतकर्ताको विवरण

शाखा कार्यालय : विराटनगर, मोरङ

१. ऋणीको नाम : प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उधोग मन्त्रालय, घरेलु तथा साना उधोग विभाग, घरेलु तथा साना उधोग कार्यालयमा दर्ता नं. १३७/१३९२०/०७४/०७५ मिति २०७४/१०/२१ मा रजिष्टर्ड भएको आन्तरिक राजश्व कार्यालय विराटनगर पान नं. ६०७४७०८०६ भएको मोरङ जिल्ला विराटनगर म.न.पा. वडा नं ४, स्थित **अलिमिन फेशन उधोग।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरण: मो. अलनउदिनको नाती मो. अनवर दफालीको छोरा सप्तरी जिल्ला राजविराज गा.वि.स. वडा नं. ३ भई हाल मोरङ्ग जिल्ला विराटनगर न.पा./गा.पा. वडा नं. ४ बस्ने **हुसन मुवारक अली** (ना.प्र.नं. १६-०१-७१-०७५४५ जि.प्र.का. सप्तरी जारी मिति २०७१/१०/१९)

व्यक्तिगत जमानतकर्ताहरु :*

क. मो. अलाउदिन को नाती मो. अनवर दफालीको छोरा सप्तरी जिल्ला राजविराज गा.वि.स. वडा नं. ४ भई हाल मोरङ्ग जिल्ला विराटनगर न.पा./गा.पा. वडा नं. ४ बस्ने **सर्फराज आलम** (ना.प्र.नं. १६१००१/१८८७ जि.प्र.का. सप्तरी जारी मिति २०६६/०५/२९)

ख. मो. गफुर मियाको नाती मो. अलाउदिनको छोरा सप्तरी जिल्ला राजविराज गा.वि.स. वडा नं. ३ भई हाल मोरङ्ग जिल्ला विराटनगर न.पा./गा.पा. वडा नं. ४ बस्ने **मो. अनवर दफाली** (ना.प्र.नं. ७६०८०५४२८ जि.प्र.का. सप्तरी जारी मिति २०३४/११/२३)

धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : घोराही, दाङ्ग

१. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य कार्यालयमा प्रा.फ.र.न १४०३४/०६१/६२ मा मिति २०६१/०६/२५ मा दर्ता भएको तथा आन्तरिक राजश्व कार्यालय दाङ्गबाट स्थायी लेखा (पान) दर्ता प्रमाणपत्र नं.३०१७२५८९५ प्राप्त दाङ्ग जिल्ला त्रि.न.न.पा. वडा नं. ११ स्थित **गगन दिप ट्रेडर्स।**

प्रोप्राइटर तथा धितो जमानतकर्ताको विवरण: रघुनाथ सुनारको नाती, कमलाकान्त सुनारको छोरा दाङ्ग जिल्ला कोईलावास गा.वि.स.वडा नं. ६ भई हाल घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **सन्तोष कुमार सुनार** (ना.प्र.नं ३७/२०१४ जि.प्र.का. दाङ्ग मिति २०५७/१२/१४)

व्यक्तिगत जमानतकर्ता :* कमलाकान्त सुनारको बुहारी, सन्तोष कुमार सुनारको पत्नी दाङ्ग जिल्ला घोराही उ.म.न.पा. वडा नं. १५ बस्ने **बन्दना सोनी** (ना.प्र.नं.५२-०१-७८-०१४२६ जि.प्र.का. दाङ्ग मिति २०७८/०५/०२)

धितो सुरक्षणको विवरण :

१.ऋणी **फर्मका प्रोप्राइटर सन्तोष कुमार सुनार**को नाममा मालपोत कार्यालय घोराही दाङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको दाङ्ग जिल्ला घोराही न.पा वडा नं. ८ क स्थित कित्ता नं. ५४ र २७ को क्षेत्रफल २२८.५८ र १७७.७९ व.मि जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत

२. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : महेन्दनगर, कञ्चनपुर

१. ऋणीको नाम : करिमा रानाको नाती शंकर रानाको छोरा कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं.०३ भई हाल बेलौरी न.पा. वडा नं.६ बस्ने **गणेश राना** (ना.प्र.नं. १२१० जि.प्र.का. कञ्चनपुर जारी मिति २०४६/०२/०९)

व्यक्तिगत जमानतकर्ता :* शंकर राना को बुहारी, गणेश रानाको पत्नी कञ्चनपुर जिल्ला श्रीपुर गा.वि.स. वडा नं. ०३ भई हाल बेलौरी न.पा. वडा नं.६ बस्ने **मतुवा राना** (ना.प्र.नं. १६२३ इ.न.७ जि.प्र.का. कञ्चनपुर जारी मिति २०४६/०२/१३)।

धितो सुरक्षणको विवरण : धितो जमानतकर्ता गणेश रानाको नाममा मालपोत कार्यालय महेन्दनगरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कंचनपुर जिल्ला श्रीपुर गा.वि.स/न.पा वडा नं.०३ स्थित कित्ता नं. २२४१ को क्षेत्रफल १३०१.७९ व.मी. भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शाखा कार्यालय : विरगंज, पर्सा

१. ऋणीको नाम : औद्योगिक व्यवसाय ऐन, २०७३ बमोजिम प्रदेश सरकार, प्रदेश नं.२, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा, दर्ता नं. ९३९०/१०२०/०७७/०७८ मा मिति २०७७/११/०६ मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय सिमरामा पान नं.६१५२३७२११ भएको बारा जिल्ला प्रसौनी गा.पा. वडा नं. ४ स्थित **जय हनुमान टेन्ट हाउस।**

प्रोप्राइटर तथा व्यक्तिगत जमानतकर्ताको विवरण: जगरनाथ प्रसाद साहको नाती, रमेश कुमार साह तेलीको छोरा बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने **रुपक कुमार साह तेली** (ना.प्र.नं १९९९२ जि.प्र.का. बारा कलैया जारी मिति २०५६/०६/०६

धितो तथा व्यक्तिगत जमानतकर्ता : * रमेश कुमार साह तेलीकी बुहारी, दिपक कुमार साह तेलीकी पत्नी, बारा जिल्ला कलैया उ.म.न.पा./गा.बि.स. वडा नं. ०९, भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने **सकुन्तला कुमारी गुप्ता** (ना.प्र.नं ३०२२/३१०५ जि.प्र.का बारा कलैया जारी मिति २०५७/०७/०६)

व्यक्तिगत जमानतकर्ताहरु :*

ख) जगरनाथ प्रसाद साहको नाती, रमेश कुमार साह तेलीको छोरा बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने **दिपक कुमार साह तेली** (ना.प्र.नं २२३९० जि.प्र.का बारा जारी मिति २०५७/०५/२७)।

ग) जगरनाथ प्रसाद साहको नाती, रमेश कुमार साह तेलीको छोरा बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने **गौतम कुमार साह** (ना.प्र.नं १५३६/१४९७ जि.प्र.का बारा जारी मिति २०६०/०८/१७)।

घ) महाविर साह तेलीको नाती, जगरनाथ प्रसाद साहको छोरा बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा. वडा नं. ४ बस्ने **रमेश कुमार सा तेली** (ना.प्र.नं ३३१००८/१६३९ जि.प्र.का बारा जारी मिति २०२९/१२/२६)।

ङ) रमेश कुमार सा तेलीकी बुहारी, रुपक कुमार साह तेलीकी पत्नी, बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा.वडा नं. ४ बस्ने **मीना देवी साह** (ना.प्र.नं ३३३०७६/५५ जि.प्र.का बारा जारी मिति २०७०/०२/१७)।

च.) जगरनाथ प्रसाद साहकी बुहारी, रमेश कुमार साह तेलीकी पत्नी, बारा जिल्ला खुटवाजब्दी गा.बि.स. वडा नं. ०८, भई हाल प्रसौनी गा.पा.वडा नं. ४ बस्ने **मंजु देवी तेलीन** (ना.प्र.नं ३४१ जि.प्र.का बारा जारी मिति २०४६/०२/१८)।

धितो सुरक्षणको विवरण :

१. **जग्गाधनि सकुन्तला कुमारी गुप्ताको** नाममा मालपोत कार्यालय बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला बरेवा गा.वि.स/न.पा वडा नं. ५/५क स्थित कित्ता नं. १०४४ को क्षेत्रफल ०-२-० (बि.क.धु.) भएको घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु।

शाखा कार्यालय : गैरीधारा, काठमाण्डौं

१. ऋणीको विवरण: जोग लाल महर्जनको नातीनी कृष्ण महर्जनको छोरी ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. १ भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने **उमा मैया महर्जन** (ना.प्र.नं. ४०६२५ जि.प्र.का. ललितपुर जारी मिति २०६२/०९/१०)।

व्यक्तिगत जमानतकर्ता: * इन्दुर बलामीको नाती सुकमान बलामीको छोरा मकवानपुर जिल्ला मार्खु गा.पा. वडा नं. ०६ भई हाल काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने **किरण वलामी** (ना.प्र.नं. ३१३०३१/४६५ जि.प्र.का. मकवानपुर वाट जारी मिति २०६३/११/२६)।

धितो सुरक्षणको विवरण : बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पूर्ण स्टकमा रहेका मौज्दातहरु।

* तेश्रोपक्ष जमानतकर्ताको हकमा जानकारीको लागि मात्र यो सूचना प्रकाशित गरिएको हो।

नोट: ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

ग्लोबल आइएमईका ग्राहकलाई समाज डेन्टलमा छुट



काठमाडौं/ ग्लोबल आइएमई बैंकका ग्राहकले समाज डेन्टल अस्पतालमा विशेष छुट पाउने भएका छन्। यससम्बन्धी सम्झौतामा बैंकका ट्रान्जेक्सन बैंकिङ सेल्स तथा बिजनेस प्रमुख प्रकाश पौडेल र समाज डेन्टलका प्रबन्ध निर्देशक शंकु घिमिरेले हस्ताक्षर गरेका छन्।

साथै, बैंकको क्रेडिट कार्डमार्फत भुक्तानी गर्दा १२ महिनासम्म किस्ताबन्दीमा भुक्तानी गर्न मिल्ने सेवा (इएमआई)समेत प्रदान गर्ने सम्झौता भएको छ। सम्झौतानुसार ग्राहकले समाज डेन्टलमा बैंकको डेबिट-क्रेडिट कार्ड र ग्लोबल स्मार्ट प्लसमार्फत भुक्तानी गर्दा ओपिडी दर्ता शुल्क, डाक्टरको परामर्श शुल्क र अस्पतालको आजीवन सदस्यता शुल्कमा शतप्रतिशत छुट पाउनेछन्। साथै, एक्सरेबाहेकका सम्पूर्ण सेवा शुल्कमा एकमुस्ट १० प्रतिशत छुटसमेत दिने सम्झौता भएको छ।

त्यसैगरी, किस्ताबन्दी सेवाअन्तर्गत बैंकका क्रेडिट कार्डवाहकले उपचारबापत खर्च १५ हजारदेखि अधिकतम पाँच लाखसम्मको बिलमा ६ देखि १२ महिनासम्मको सरल किस्ताबन्दीमा भुक्तानी गर्न सक्ने बैंकले जनाएको छ। सुविधा उपभोग गर्न इच्छुक ग्राहकले ग्लोबल आइएमई बैंकको जुनसुकै शाखाबाट आवेदन दिई बैंकको क्रेडिट कार्ड लिन सक्नेछन्।

टाटा ग्रिन ब्याट्रीको च्यानल पार्टनर समिट

काठमाडौं/ टाटा ग्रिन ब्याट्रीको च्यानल पार्टनर समिट सम्पन्न भएको छ। टाटा ग्रिन ब्याट्रीको नेपालका लागि आधिकारिक वितरक लक्ष्मी ग्रुपअन्तर्गतको लक्ष्मी अटोकम्प प्रालिले सो समिट आयोजना गरेको थियो। कार्यक्रममा देशभरका डेढ सय च्यानल पार्टनर सहभागी भएका थिए।

ग्रुपका अध्यक्ष गणेशबहादुर श्रेष्ठ तथा टाटा अटोकम्प इन्डियाका मार्केटिङ हेड उत्सव वनर्जीले तथा एक्सपोर्ट म्यानेजर अनिश सिंहले टाटा ग्रिनको इतिहासका साथै भावी कार्ययोजनाबारे प्रकाश पारेका थिए। साथै, कम्पनीका सेल्स हेड उमेश घिमिरेले नेपाली बजारमा ग्रिन ब्याट्रीको डिलर नेटवर्क तथा बिक्री योजनाबारे जानकारी गराए। सोही कार्यक्रममा टाटा ग्रिन होम युपिएस र इन्डस्ट्रियल ब्याट्रीसमेत लन्च गरिएको ग्रियो। नेपाली बजारमा अब ८५० भिए, १००० भिए र १४५० भिएका टाटा ग्रिन स्विच अन होम युपिएस उपलब्ध भएका छन्। साथै, ७.२, ९ र १२ एएचका इन्डस्ट्रियल ब्याट्रीसमेत उपलब्ध भएको कम्पनीले जनाएको छ। यी उत्पादन नेपाली बजारमा लक्ष्मी अटोकम्पले उपलब्ध गराउँदै आएको छ।

नेसनल लाइफको मिट द सिइओ कार्यक्रम




काठमाडौं/ नेसनल लाइफ इन्स्योरेन्सको मिट द सिइओ कार्यक्रम सम्पन्न भएको छ। इन्स्योरेन्सले मासिक योजनाअन्तर्गत तोकिएको लक्ष्य पूरा गर्ने अभिकर्तालाई कम्पनीका प्रमखु कार्यकारी अधिकृतसँग साक्षात्कारसहितको डिनर कार्यक्रम मिट द सिइओ सम्पन्न गरेको हो।

इन्स्योरेन्सका सिइओ सुरेशप्रसाद खत्रीले आर्थिक वर्ष ०८०/८१ मा तोकिएको बिमाशुल्क संकलन गरी बागमती प्रदेशबााट योग्य भएका एक सय १० जना अभिकर्ता, विभागीय प्रमुख, प्रदेश प्रमुख एवं शाखा प्रमुखको सहभागितामा लक्ष्य पूरा गर्ने सबै अभिकर्तालाई मायाको चिनो प्रदान गरेका थिए। त्यस्तै अर्लि क्वालिफायर विजते र सर्टिफिकेट अफ एक्सिलेन्स प्राप्त गर्न सफल अभिकर्तालाई विशेष सम्मान गरेको थियो।

सिइओ खत्रीले प्रदेशस्तरीय सम्मान गर्ने क्रममा बागमती प्रदेशबाट छनौट हुने अभिकर्ता सम्मानित भएका हुन्। मिट द सिइओ स्किममा देशभरबाट तीन सय जनाभन्दा बढी छनौट भएकामा बागमती प्रदेशबाट मात्रै एक सय १० जना अभिकर्ता छनौट भएका थिए।


काठमाडौंमा घर जित्ने विजेता आज घोषणा हुँदै



काठमाडौं/ 'मेरो डिजिटल देश' अभियानअन्तर्गत काठमाडौंमा घर जित्ने भाग्यशाली विजेताको घोषणा आज हुँदै छ। इसेवा मनी ट्रान्सफरले डिजिटल रेमिट्यान्स र सुरक्षित कारोबारलाई प्रोत्साहन गर्न दुई वर्षअघि उक्त अभियान घोषणा गरेको थियो।

सो योजनाअन्तर्गत विदेशबाट इसेवा मनी ट्रान्सफरमार्फत इसेवा वालेटमा रेमिट्यान्स पठाउने सेवाग्राहीमध्ये एक जना भाग्यशाली विजेताले काठमाडौंमा घर जित्ने सुनौलो अवसर प्राप्त गर्नेछन्। यो अवधिभर १० जना भाग्यशाली विजेताले आफूले पठाएको रकम दोब्बर गरिसकेका छन् भने चार परिवारले विशेष सरप्राइज पुरस्कार पनि प्राप्त गरिसकेको इसेवाले जनाएको छ।

सेन्ट्रल फाइनान्सको क्यासब्याकमा सुवालले जिते स्मार्ट फोन



काठमाडौं/ सेन्ट्रल फाइनान्सको टपअप क्यासब्याक योजनामा भक्तपुरका पाण्डव सुवालले स्मार्ट फोन जितेका छन्। सो अभियानमा टपअप गरी सहभागिता जनाउने संस्थाका मोबाइल बैंकिङ प्रयोगकर्तामध्ये सुवालले स्मार्ट फोन जितेका हुन्।

फाइनान्सले दसैं-तिहारलाई लक्षित गरी दुईमहिने टपअपमा क्यासब्याक अभियान सञ्चालन गरेको थियो। त्यस्तै, टपअप गर्ने विभिन्न शाखा कार्यालयका बचतकर्तामध्येबाट १२ जनाले १०० रुपैयाँका दरले क्यासब्याकसमेत प्राप्त गरेको फाइनान्सले जनाएको छ।

बिजुलीको अर्बौं...

पृष्ठ १ बाट क्रमशः

सूचनामार्फत दिइसकेको थियो। बक्यौता उठाउने प्राधिकरणको पहलमा पटक-पटक अवरोध गर्दै आएको सरकारले यसपटक पनि आफ्नै निर्णयविरुद्ध पूर्वतयारी गरेको थियो।

ऊर्जामन्त्री दीपक खड्काले उद्योगीको बक्यौता पुनः प्रमाणीकरण गर्न भन्दै ३ मंसिरमा नेसनल कलेज अफ इन्जिनियरिङका प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा प्राधिकरणका पूर्वकर्मचारी श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले सदस्य रहेको जाँचबुझ समिति बनाएको थियो। यही समितिले काम गरिरहेको देखाएर नियमन आयोगले 'समितिले काम नसकुन्जेल यथास्थितिमा बस्नू' भन्दै प्राधिकरणलाई पत्र पठाएको हो। जब कि प्राधिकरण र स्वयं नियमन आयोगलाई नै बाइपास गरेर मन्त्रालयले उक्त समिति गठन गरेको थियो। समितिले ९ मंसिरदेखि काम थालेको पनि मन्त्रालयले आयोग र प्राधिकरणलाई जानकारी दिएको छ। उक्त समिति गठनमै कानुनी आधार नभएको भनेर चौतर्फी टिप्पणी पनि भइरहेको छ।

विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धिताल सरकारको निर्देशन मान्नुपर्ने दायित्व पालना गरेको बताउँछन्। 'बक्यौता असुल गर्ने विषयमा आयोगको कुनै 'कम्परमाइज' छैन। तर, सरकारले प्राविधिक समिति गठन गरेर काम गरेको अवस्था आयो। त्यसको जानकारी पत्रमार्फत आयोगमा पनि आएको छ। सरकारको निर्देशन मान्नुपर्ने आयोगको पनि दायित्व हो,' उनले भने, 'सोहीअनुसार उक्त समितिको अन्तिम प्रतिवेदनको आधारमा सरकारबाट थप निर्देशन नआएसम्म यससम्बन्धी काम कारबाही यथास्थितिमा राख्न भनेका छौँ। पछि समितिको प्रतिवेदनका आधारमा सरकारबाट जे निर्णय हुन्छ, सोहीअनुसार कारबाही प्रक्रिया अघि बढाउने निर्णय गरी पत्र पठाएका छौँ। बक्यौता असुली सम्बन्धमा तत्काललाई लाइन नकाटेर अन्य दबाबमूलक कारबाही गर्न भने कुनै रोक हुनेछैन।'

आयोगले प्राधिकरणलाई पठाएको पत्रमा समितिले प्रतिवेदन बुझाएर सरकारबाट निर्देशन नआएसम्म यससम्बन्धी कामकारबाही यथास्थितिमा राख्नुपर्ने निर्देशन छ। 'यो विषय सरकारको छानबिनको दायरामा आएको अवस्थामा सो छानबिन नटुंगिउन्जेल निज उपभोक्ताहरूलाई कारबाहीको दायरामा राखिरहनु न्यायोचित हुँदैन। उक्त समितिले आफ्नो कार्य सम्पन्न गरी सरकारलाई प्रतिवेदन बुझाएपछि त्यसउपर सरकारबाट निर्णय भएर तथ्य स्थापित नहुउन्जेलसम्म वा यस आयोगबाट अर्को निर्देशन प्राप्त नभएसम्म निजहरूउपर थप कारबाही नगरी यथास्थितिमा राख्ने,' आयोगले प्राधिकरणलाई पठाएको पत्रमा उल्लेख छ। तर, बक्यौता असुलीको लागि विद्युत् लाइनविच्छेदको कारबाहीबाहेक अन्य दबाबमूलक कारबाही गर्न भने कुनै बाधा नपर्ने निर्देशनमा उल्लेख छ।

पटक-पटकको आग्रहलाई अटेर गरेर उद्योगीले अर्बौं रकम नतिर्दा राज्यकोषमा परेको क्षतिबारे नसोचेको सरकारले लाइन काट्दा उद्योगीमाथि पर्ने क्षतिको मात्रै चिन्ता गर्दै आएको छ। नियमन आयोगले सरकारको यही धारणालाई दोहोर्‍याउँदै पत्र लेखेको छ, 'समितिले आफ्नो कार्य सम्पन्न गरी तथ्य स्थापित नहुन्जेलसम्म सो विषयलाई अलिक फरक ढंगले हेर्ने रणनीति अपनाउने र ठुला ग्राहकहरूबाट बक्यौता असुल गर्ने क्रममा लाइनविच्छेद गरियो भने प्राधिकरणले त्यस्ता ग्राहकबाट आर्जन गर्ने नियमित आम्दानीमा नकारात्मक असर परी क्षति हुन जाने, साथै लाइनविच्छेदको कारणले उद्योगहरू बन्द भएमा रोजगारी तथा उत्पादनसमेत प्रभावित भई देश र समाजलाई क्षति हुन जाने व्यावहारिक पक्षउपर समुचित विचार पुर्‍याउने रणनीतिको समेत अवलम्बन गर्ने।'

उद्योगीले नियमित बक्यौताको किस्ता तिरे भने बुझ्न निर्देशन भएको छ। तर, त्यो २५ कात्तिकको मन्त्रिपरिषद्को निर्णयअनुसार नै हुने भनिएको छ। अहिले बक्यौता बुझाए पनि पछि जाँचबुझ समितिको प्रतिवेदनको आधारमा त्यो समायोजन गर्नुपर्ने पत्रमा उल्लेख छ। 'उपभोक्ताले बक्यौता रकम बुझाउन ल्याएको अवस्थामा सो कार्य मन्त्रिपरिषद्को २५ कात्तिकमा भएको निर्णयसम्मत नै हुने हुँदा सो रकम बुझिलिई हिसाबमिलान/फरफारक गर्दै जाने। पछि छानबिनबाट ठहर हुन आएको रकमको हकमा सोहीबमोजिम समायोजन, हिसाबमिलान वा असुली गरी फरफारक गर्ने,' आयोगको निर्देशनमा भनिएको छ।

यसअघि बक्यौता नतिरेको भन्दै प्राधिकरणले ८ कात्तिकमा ३४ उद्योगमा लाइन काटेको थियो। त्यसमा ६ उद्योगले बक्यौता तिर्न सुरु गरेपछि लाइन जोडिएको थियो। २८ उद्योगमा भने लाइन काटिएको अवस्थामा २५ कात्तिकको मन्त्रिपरिषद्ले उद्योगमा काटेको लाइन २४ घण्टामा जोड्न र १५ दिनमा टिओडी मिटरको तथ्यांकका आधारमा बक्यौता उठाउन निर्देशन दिएको थियो। त्यसपछि २७ कात्तिकमा प्राधिकरणको सञ्चालक समितिले मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्ने निर्णय गर्दै उद्योगमा लाइन जोडेको थियो। सोहीअनुसार १२ मंसिर (बुधबार)भित्र बक्यौता तिर्न उद्योगीलाई पत्र पठाएको थियो। तर, अन्तिम समयमा आएर फेरि रोकिएको छ।

उद्योगहरूलाई लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४सै घण्टा विद्युत् दिइएको थियो। त्यसमा ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लिने भनिएको थियो। त्यसबाट विद्युत् प्रयोगका अधिकांश ग्राहकले प्रिमियमसहित महसुल तिरेका छन्। तर, केही सीमित उद्योगीले नियमित महसुल तिरे पनि प्रिमियम महसुल तिर्न पहिलादेखि नै आनाकानी गर्दै आएका थिए। पछिल्लोपटक ४९ उद्योगले बक्यौता तिर्न बाँकी रहेकामा १४ ले किस्तामा तिर्न थालेका छन्। अझै ३५ उद्योगले झन्डै सात अर्ब बक्यौता तिर्न बाँकी छ।

प्रशासनिक पुनरावलोकन प्रक्रिया पनि बाइपास

उद्योगीले विभिन्न दायर गरेका मुद्दामा विभिन्न अदालतले प्राधिकरणले जारी गरेका छुट बिल ठिक भएको फैसला गर्दै चित्त नबुझे प्राधिकरणकै प्रशासनिक पुनरावलोकनमा जान भनेका छन्। पुनरावलोकन प्रक्रियामा उजुरी प्राप्त भएको ३५ दिनमा प्राधिकरणले निर्णय सुनाउनुपर्छ। विद्युत् महसुल संकलन नियमावली, २०७८ मै यो व्यवस्था छ। तर, उद्योगीहरू प्रशासनिक पुनरावलोकनमा आएका छैनन्।

त्यस्तै, महसुल विवाद निरूपण गर्न विद्युत् नियमन आयोग ऐन, २०७४ को दफा १८ ले नियमन आयोगलाई पनि अधिकार दिएको छ। पाँच प्रतिशत सेवा शुल्क बुझाएर उद्योगीहरू आयोगमा जान सक्नेछन्। त्यसमा आयोगले ९० दिनभित्र फैसला सुनाउनुपर्नेछ। यसमा चित्त नबुझे ३५ दिनभित्र उच्च अदालत पाटनमा पुनरावेदन हाल्न पाइन्छ। त्यसपछि अदालतबाट नै यो विवाद निरूपण गर्न सकिन्छ। तर, बिल पुनरावलोकनसमेत हुने गरी छुट्टै चाँचबुझ समिति बनाएर सरकारले कानुनकै धज्जी उडाएको छ।

आयोगको पत्रपछि आज बस्दै छ प्राधिकरणको बोर्ड बैठक

विद्युत् नियमन आयोगबाट लाइन नकाट्न पत्र आएपछि बुधबार प्राधिकरणको बोर्ड बैठक बस्ने तयारी छ। नियमन आयोगको निर्देशन मान्नैपर्ने कानुनी बन्धनमा प्राधिकरण छ। यस्तो अवस्थामा के गर्ने भनेर बैठक बस्न लागेको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोसले बताए। बोर्डको अध्यक्ष ऊर्जामन्त्री दीपक खड्का नै हुन्, जो जहिल्यै उद्योगीको पक्षपोषणमा छन्।

'प्राधिकरणले बक्यौता तिर्न उद्योगीलाई दिएको म्याद बुधबार सकिँदै थियो। बुधबारसम्म बक्यौता नतिरेमा कानुनअनुसार कारबाही अघि बढाउने (उद्योगमा लाइन काट्ने) चेतावनी सार्वजनिक सूचनामार्फत दिएका पनि थियौँ, तर आज आयोगले उद्योगमा लाइन नकाट्न पत्र पठाएको छ,' उनले भने, 'बुधबार बिहान प्राधिकरण सञ्चालक समिति (बोर्ड)को बैठक बस्दै छ, के गर्ने भन्ने निर्णय बैठकले नै गर्छ।'

कुलमान हटाउन सरकारको हरप्रयास

सरकारले उद्योगीको अनुकूलमा काम गर्न प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई हटाउने प्रयास सुरुदेखि नै गर्दै आएको छ। संसद्को रोस्टमबाट कुलमानको सार्वजनिक आलोचना गरेका प्रधानमन्त्री ओलीले कुलमानलाई हटाउन संसद्को सार्वजनिक लेखा समितिलाई नै दुरुपयोग गरे। समिति सभापति एमालेकै ऋषिकेश पोखरेलले यसअघि नै समितिबाट निर्णय र निर्देशन भइसकेको डेडिकेटेड र ट्रंकलाइनसम्बन्धी फाइल प्राधिकरणबाट पुनः झिकाए र उद्योगीहरूको स्वार्थअनुसार सिंहदरबारबाहिरै निर्णयको ड्राफ्ट गरेर समितिबाट अनुमोदन गराउन खोजे। त्यसमा सत्तासाझेदार कांग्रेसकै असहयोग भएपछि कुलमान हटाउने प्रयास असफल भएको थियो। अल्पमतमा पर्ने भएपछि बैठक स्थगित गरेका सभापति पोखरेलले त्यसपछि बैठकसमेत राख्न सकेका छैनन्।

कुलमानलाई हटाउने अर्को प्रयासस्वरूप ओलीले ६ मंसिरमा मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएर प्राधिकरणमा भएको अनियमितता छानबिन गर्ने भन्दै समिति नै गठन गरेका छन्। पूर्वन्यायाधीश हरिकुमार पोखरेलको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति बनाएका हुन्। तर, अन्य दुई सदस्य थप गर्न बाँकी छँदै पोखरेलले जिम्मेवारी लिन अस्वीकार गरिसकेका छन्। पूर्णता नपाउँदै समिति नै अलपत्र परेको छ।

पाँच सय...

पृष्ठ १ बाट क्रमशः

पछिल्लो समय विद्यार्थीको संख्या असाध्यै न्यून हुँदै गएको छ। खास गरेर कक्षा १२ को पढाइपछि बिदेसिने विद्यार्थीको संख्या बढ्दै जाँदा त्यसको असर नेपालका क्याम्पसहरूमा देखिएको हो। आयोगले यी क्याम्पस गाभ्न वा बन्द गर्न विश्वविद्यालयहरूलाई सुझाव दिएको छ।

अनुदान आयोगका सदस्यसचिव शंकरप्रसाद भण्डारीका अनुसार आयोगले हरेक वर्ष विद्यार्थी र क्याम्पस संख्याबारे अध्ययन गर्छ। यसमा सबै विश्वविद्यालय समेटिन्छन्। यस वर्षको अध्ययनबाट पाँच सय पाँच क्याम्पसमा सयभन्दा कम विद्यार्थी रहेको तथ्यांक पाइएको उनले बताए। 'हामी विश्वविद्यालय र क्याम्पसको अवस्थाबारे हरेक वर्ष अध्ययन गर्छौं। अध्ययनमा पाँच सय पाँच क्याम्पसमा सयभन्दा कम विद्यार्थी देखिएका छन्,' उनले भने, 'यस वर्षको अध्ययन प्रतिवेदन विश्वविद्यालयहरूलाई दिइसकिएको छ। सोका आधारमा विश्वविद्यालयले बन्द तथा मर्जर प्रक्रिया पनि अपनाउन सक्छन्।'

अध्ययनअनुसार एक सयभन्दा कम विद्यार्थी हुनेमा त्रिविका सामुदायिक क्याम्पस बढी छन्। अन्य विश्वविद्यालयको तुलनामा त्रिविका सामुदायिक संख्या बढी भएकाले कम विद्यार्थी हुनेमध्ये त्रिविकै बढी रहेको आयोगको अध्ययनले देखाएको छ।

बिदेसिने युवाको संख्या बढ्दै गएकाले पनि त्यसको असर उच्च शिक्षामा देखिएको उनको भनाइ छ। हाल त्रिविका क्याम्पसहरूमा करिब चार लाख ९१ हजार र अन्य विश्वविद्यालयमातहतका क्याम्पसमा दुई लाखहाराहारी विद्यार्थी छन्। अन्यको तुलनामा त्रिविमा विद्यार्थी संख्या बढी भए पनि हरेक वर्ष विद्यार्थी संख्या खस्कँदो छ। यस वर्ष स्नातकोत्तर तहको भर्नादेखि नै त्रिविका क्याम्पसमा विद्यार्थी संख्या कम हुन थालेको छ।

चाबहिलमा रहेको पशुपति बहुमुखी क्याम्पस, लैनचौरको सरस्वती क्याम्पस, कोटेश्वर बहुमुखी क्याम्पस, पाटन संयुक्त क्याम्पस, भक्तपुर बहुमुखी क्याम्पसलगायतमा विद्यार्थी संख्या घट्दो छ। यी क्याम्पसमा विगतका वर्षमा विद्यार्थी चाप धेरै हुने गरे पनि यस वर्ष पहिलो वर्षमा भर्ना हुन आउने विद्यार्थी संख्या निकै कम देखिएको छ।

कठिन अवस्थामा रहेका क्याम्पसलाई मर्ज गर्न सुझाव दिइए पनि मर्ज हुने संख्या न्यून रहेको उनले बताए। आयोगकै प्रतिवेदनका आधारमा त्रिविअन्तर्गतका ३५ वटा क्याम्पस गत वर्ष गाभिएका थिए। यो वर्ष पनि केही क्याम्पस गाभिन सक्ने भण्डारीले बताए। क्याम्पस गाभिँदा कार्यक्रम हेरेर अनुदान आयोगले शुल्क पनि दिने गर्छ। गाभिएमा न्यूनतम २५ लाख रकम आयागले दिन्छ। कार्यक्रम हेरेर यो अनुदान बढ्न पनि सक्छ।

पछिल्लो समय आयोगले सामुदायिक क्याम्पसकेन्द्रित अनुदान बाँड्ने गरेको छ। सामुदायिक क्याम्पसले आम्दानी आर्जन गर्न नसकेको र कतिपयले नाफा आर्जन गरे पनि सरकारकै हुने भएकाले सामुदायिक क्याम्पस आयोगको प्राथमिकतामा पर्छन्। आयोगले क्याम्पसहरूको नतिजा, कार्यक्रम र विद्यार्थी संख्याको आधारमा हरेक वर्ष अनुदान दिने गर्छ।

विश्वविद्यालय अनुदान आयोगले क्याम्पसहरूको नतिजा, कार्यक्रम र विद्यार्थी संख्या हेरेर सातदेखि ३२ लाखसम्म अनुदान दिन्छ। विश्वविद्यालयबाट अनुदान पाउन योग्य हुन हिमाली क्षेत्रमा रहेको सामुदायिक क्याम्पसमा कम्तीमा ५०, पहाडका क्याम्पसमा ७५, तराईका क्याम्पसमा एक सय र उपत्यकाका क्याम्पसमा १५० विद्यार्थी संख्या हुनुपर्छ। यदि योभन्दा कम संख्या भएमा अनुदान दिइँदैन।

आयोगले विश्वविद्यालयको मापदण्ड पालना गरेका, भौतिक संरचना व्यवस्थित भएका, नतिजा राम्रो भएका, विद्यार्थी धेरै भएका, विज्ञान संकाय पढाउने क्याम्पसलाई बढी अनुदान दिन्छ। आयोगले गत वर्ष ४८४ सामुदायिक क्याम्पसलाई अनुदान दिएको थियो। यसपटक पाँच सय क्याम्पसले अनुदानका लागि आयोगमा फारम भरेका छन्। तर, छनोट गर्न भने बाँकी छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०८/१२

यस बैकको शाखा कार्यालय सौ.फर्सातिकर, रुपन्देहीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५(पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

तपसिल

१. ऋणीको नाम र ठेगाना

नेपाल सरकार, उद्योग मन्त्रालय,घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा प्रा.फ.नं.घ.उ.का. ७३९८/०६७/६८ बमोजिम मिति बि.स. २०६७/०८/१३ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजस्व कार्यालय, भैरहवाबाट स्थायी लेखा नम्बर (PAN) ३०४२९२३६७ प्राप्त गरी रुपन्देही जिल्ला, प.अमुवा गा.वि.स. वडा नं. ०४ मा रजिष्टर्ड ठेगाना रहेको **कौशिल्या स: मिल**।

फर्मको प्रोप्राईटरको नाम र ठेगाना

श्री छोटेलाल वनिया को बुहारी, श्री चन्नर वनिया को छोरी, श्री हरि वनिया को पत्नी,रुपन्देही जिल्ला, प.अमवा गा.वि.सं. वडा नं. ०४ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्रीमती **कौशिल्या बनियां** (ना.प्र.नं.५६९३, जारी मिति बि.सं. २०६३/०४/२३ (प्रथम प्रतिलिपि मितिः बि.सं. २०६७/११/१५), जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री रामधनि वनियाको नाती श्री छोटेलाल वनियाको छोरा, श्रीमती कौशिल्या बनियां को पति,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **हरि वनिया** (ना.प्र.प.नं. ३/४००५, जारी मिति २०५२/०२/२६, जि.प्र.का.रुपन्देही)
२. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **अनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७२-०१७१५, जारी मिति २०७२/०२/२८, जि.प्र.का.रुपन्देही)
३. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **राजु वनिया** (ना.प्र.प.नं.३७-०१-६९-०२०८३, जारी मिति २०६९/०८/२४, जि.प्र.का.रुपन्देही)
४. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **सुनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७४-०७८१८, जारी मिति २०७४/०५/०५, जि.प्र.का.रुपन्देही)

२.ऋणीको नाम र ठेगाना

श्री छोटेलाल वनिया को बुहारी, श्री चन्नर वनिया को छोरी, श्री हरि वनिया को पत्नी,रुपन्देही जिल्ला, प.अमवा गा.वि.सं. वडा नं. ०४ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्रीमती **कौशिल्या बनियां** (ना.प्र.नं.५६९३, जारी मिति बि.सं. २०६३/०४/२३ (प्रथम प्रतिलिपि मितिः बि.सं. २०६७/११/१५), जि.प्र.का. रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री रामधनि वनियाको नाती श्री छोटेलाल वनियाको छोरा, श्रीमती कौशिल्या बनियां को पति,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **हरि वनिया** (ना.प्र.प.नं. ३/४००५, जारी मिति २०५२/०२/२६, जि.प्र.का.रुपन्देही)
२. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **अनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७२-०१७१५, जारी मिति २०७२/०२/२८, जि.प्र.का.रुपन्देही)
३. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **राजु वनिया** (ना.प्र.प.नं.३७-०१-६९-०२०८३, जारी मिति २०६९/०८/२४, जि.प्र.का.रुपन्देही)
४. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **सुनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७४-०७८१८, जारी मिति २०७४/०५/०५, जि.प्र.का.रुपन्देही)

३. ऋणीको नाम र ठेगाना

श्री रामधनि वनियाको नाती श्री छोटेलाल वनियाको छोरा, श्रीमती कौशिल्या बनियां को पति,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **हरि वनिया** (ना.प्र.प.नं. ३/४००५, जारी मिति २०५२/०२/२६, जि.प्र.का.रुपन्देही)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री छोटेलाल वनिया को बुहारी, श्री चन्नर वनिया को छोरी, श्री हरि वनिया को पत्नी, रुपन्देही जिल्ला, प.अमवा गा.वि.सं. वडा नं. ०४ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्रीमती **कौशिल्या बनियां** (ना.प्र.नं.५६९३, जारी मिति बि.सं. २०६३/०४/२३ (प्रथम प्रतिलिपि मितिः बि.सं. २०६७/११/१५), जि.प्र.का. रुपन्देही)
२. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **अनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७२-०१७१५, जारी मिति २०७२/०२/२८, जि.प्र.का.रुपन्देही)
३. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **राजु वनिया** (ना.प्र.प.नं.३७-०१-६९-०२०८३, जारी मिति २०६९/०८/२४, जि.प्र.का.रुपन्देही)
४. श्री छोटेलाल वनियाको नाती श्री हरि वनियाको छोरा,रुपन्देही जिल्ला, अमवा गा.वि.स. वडा नं.०४, स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला सियारी गाउपालिका वडा नं. ०७ बस्ने श्री **सुनिल वनिया** (ना.प्र.प.नं.३७-०१-७४-०७८१८, जारी मिति २०७४/०५/०५, जि.प्र.का.रुपन्देही)

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

पीडितकै पैसामा...

पृष्ठ १ बाट क्रमशः

सरकारी वकिल कार्यालयले सोमबार अन्य ११ जनालाई मात्रै मुद्दा चलाएको छ। सत्ताकै आडमा अधिकारीलाई जोगाइएको भन्दै आलोचना भइरहेको छ। उनी सोमबारै रिहा भैसकेका छन्।

पक्राउ परेका बिचौलियामध्ये एक महेश पाण्डेको बयानमा उल्लेख भएअनुसार मन्त्रीसँगै जापान पठाउन लागिएका कञ्चन देवकोटासँग उनले ६ लाख रुपैयाँ लिएका थिए। मन्त्री अधिकारीको टिकटलगायत कामका लागि भनेर त्यसमध्ये पाँच लाख ५० हजार दिवाकरबाबु भट्टराईलाई दिइएको उल्लेख गरिएको छ।

'निज(कञ्चन देवकोटा)ले मेरो नाममा नबिल बैंकमा रहेको खातामा पटक-पटक गरी पाँच लाख ५० हजार रकम जम्मा गरिदिएका थिए। उक्त रकम मैले लीलाबल्लभ अधिकारी र कञ्चन देवकोटाको नाममा हवाई टिकट, होटेलखर्चसमेतका कागजातहरू तयार गर्न आयोजक दिवाकरबाबु भट्टराईलाई दिएका थिएँ,' प्रहरीले सरकारी वकिलको कार्यालयमा बुझाएको महेशको बयानमा छ।

सांसद अधिकारीले पनि आयोजकले नै सबै खर्च बेहोर्ने भनेपछि आफू जापान जान तयार भएको स्विकारेका छन्। तर, आफूले आयोजक नचिनेको उनको बयान छ। आयोजक नै नचिनेको र कार्यक्रमको उद्देश्य नै थाहा नभएको अवस्थामा उनी प्रदेश सरकारलाई समेत जानकारी नगराई जापान जान लागेको बयानबाट प्रस्ट हुन्छ। उनी 'इन्टरनेसनल कन्फरेन्स अन ओपन एसेस टू कल्चर' नामक कार्यक्रमका लागि उनी जापान जान लागेका थिए।

अधिकारीकै सहयोगी बनाएर अन्य तीन युवकलाई जापानमा मानव तस्करीको प्रयास भएको थियो। तर, जापानको अध्यागमनले उनीहरूको भ्रमणमाथि शंका गरेर विमानस्थलबाटै फिर्ता गरिदिएको थियो। त्यसरी फिर्ता गरेपछि मात्र अधिकारीले चिनजानका प्रहरीलाई त्यसबारे जानकारी गराएका थिए। प्रहरीलाई जानकारी गराएको आधार बनाएर अधिकारीलाई मुद्दाबाट उन्मुक्ति दिइएको छ। मन्त्री अधिकारी फौजदारी कानुन बुझेका अधिवक्तासमेत हुन्।

बयानअनुसार अधिकारीले गिरोहका सदस्य योगराज गौतम(गोपाल)लाई पासपोर्ट दिएका थिए। त्यसपछि जापान जाने दिन अर्थात् ११ कात्तिकमा महेश पाण्डेले विमानस्थलकै एक क्याफेमा लगेर पासपोर्ट दिएको बताएका छन्। तर, भिसा प्रक्रियाका लागि के-के कागजपत्र कसरी पेस भए भन्नेमा कुनै अनुसन्धान भएको छैन। जब कि आरोपीहरूसँग कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लेटरप्याडसमेत भेटिएको छ।

यसरी जापान जानुअघि गौतमसँग अधिकारीको ४५ पटक फोन सम्पर्क भएको प्रहरी अनुसन्धान प्रतिवेदनमा उल्लेख छ। जसमध्ये २२ पटक अधिकारी आफैँले फोन गरेको देखिन्छ।

गौतम र पाण्डे दुवै साथी भएकाले उनीहरूले सो कार्यक्रममा मन्त्रीलाई पठाउने र उनका सहयोगी बनाएर अन्य तीनजनालाई तस्करी गर्ने योजना बनाएका थिए। त्यसको पछाडि उदयपुरका दिवाकरबाबु भट्टराई र विष्णु भट्टराई थिए। उनीहरूले नै जापानबाट निमन्त्रणा मगाएका थिए।

गिरोहका मुख्य नाइके योगराज, दिवाकर र विष्णु भट्टराईलाई प्रहरीले पक्राउ गर्न चासो दिएन। जसकारण पनि अधिकारीविरुद्धको प्रमाण कमजोर भएको थियो। जब कि पक्राउ परेका पाण्डेले जापान पठाउने योजनादेखि नक्कली परिचयपत्र बनाउने सबै काम भट्टराई दाजुभाइले गरेको बयान दिएका छन्। अनुसन्धानमा आबद्ध प्रहरी अधिकारीका अनुसार अधिकारी मतियार बनेका प्रशस्त आधार छन्। तर, प्रहरीलाई सुरुमा सूचना दिएकै आधारमा उनलाई जोगाइएको छ। आफू फस्ने देखेपछि उनले मन्त्री पदबाट राजीनामा दिएका थिए। उनले निवेदन लेखेर आफूलाई पार्टी जिम्मेवारीबाट हटाउन माग गरेका थिए। मन्त्री अधिकारीसँगै जापान गएका जनक राई र दावा शेर्पाले नौ/नौ लाख तथा कञ्चन देवकोटाले ६ लाख बुझाएका थिए। जापान पुगिसकेपछि एकजनाले १८ लाख रुपैयाँ बुझाउनुपर्ने सर्त थियो।

यसरी लाखौँ बुझाएर जापान जान लाग्दा ठगिएका पीडितहरूविरुद्ध मुद्दा दायर हुँदा उनीहरूकै खर्चमा जापान पुगेका तत्कालीन मन्त्रीले भने सजिलै उन्मुक्ति पाए। मन्त्री जोगाइएपछि सरकारी वकिलमाथि समेत प्रश्न उठेको छ।

पूर्वमन्त्री अधिकारीलाई मुद्दा नचलाउने निर्णयले हामीमाथिको प्रतिशोध पुष्टि भयो : रास्वपा

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले सभापति रवि लामिछानेलाई अनुसन्धानका नाममा लामो समय हिरासतमा राखिनु प्रतिशोध भएको घटनाक्रमले पुष्टि गरेको जनाएको छ। रास्वपा कार्यवाहक प्रवक्ता मनीष झाले मंगलबार पत्रकार सम्मेलन गरेर मानव तस्करी प्रकरणमा मुछिएका एमाले नेता एवं कोशीका पूर्वकानुनमन्त्री लीलाबल्लभ अधिकारीलाई उन्मुक्ति दिएबाटै रास्वपाप्रति सरकारको नियत स्पष्ट भएको बताए। उनले वैकल्पिक राजनीतिको मियो बनेर आएको नयाँ दललाई ड्यामेज गर्न आफूहरूमाथि चौतर्फी भाला प्रहार भइरहेको पनि जिकिर गरे।

'हामीमाथि राजनीतिक प्रतिशोध हो भन्ने कुरा अब हामीले प्रमाणित गर्नै नपर्ने भइसक्यो। त्यसको आधार हामीले दिइराख्नै पर्दैन। लीलाबल्लभ अधिकारीलाई कानुनी कारबाही नहुने, अरूलाई हुने, उनीमाथि मुद्दा पनि दायर नहुने भन्ने कुराले प्रमाणित गरिसक्यो,' उनले भने, 'तैपनि हामी अदालतलाई सम्मान गर्छौं।'

झाले कोशीका पूर्वमन्त्री अधिकारीमाथि मुद्दा नचलाउने निर्णय आपत्तिजनक भएको पनि बताए। 'एकतिर हुँदै नभएको स्क्रिप्ट संगठित र प्रायोजित रूपमा प्रकाशित गर्न लगाइन्छ। अर्कोतिर अर्को साझेदारले पठाइसकेको पत्रका आधारमा पनि कोशीका पूर्वमन्त्री दोषी भनेर प्रमाण एथेष्ट छ। तर, लिएर जाने ठेकेदार र अधिकारीमाथि कुनै प्रक्रिया नचलाइने रे। उहाँले जसलाई ठग्न खोज्नुभएको थियो, ती गरिबहरूलाई ऐन लाग्ने रे,' उनले प्रश्न गरे, 'यो कसरी पक्षपाती व्यवहार भइराखेको छ, कसरी प्रतिशोध भइराखेको छ भन्ने कुरामा हामी नबोली बस्ने ?'

झाले सभापति लामिछानेलाई राजनीतिक पूर्वाग्रहका आधारमा थुनामा राख्ने कामको विरोध गरेको, तर सहकारी प्रकरणमा अनुसन्धान भइरहेको विषयलाई पार्टीले प्रभावित पार्न नखोजेको स्पष्ट पारे। उनले रास्वपाले अदालत प्रभावित गर्न खोजेको भनेर आरोप लाउनेले नै तथ्य प्रमाणित नभएका कागजात बाहिर प्रचारमा ल्याएर दोषी नै हो भन्ने हिसाबले न्यायालयलाई दबाबमा राख्न खोजेको टिप्पणी गरे। सभापति लामिछानेले सहकारीको ब्याज तिर्न चेक काटेको भन्ने दस्तावेज संगठित रूपमा बाहिर ल्याएर प्रचार गर्नुले पनि न्याय निरूपण प्रभावित पार्न खोजिएको उनको भनाइ थियो।

क्षमायाचना

नयाँ पत्रिका राष्ट्रिय दैनिकमा लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको **हकप्रद शेयरको निष्काशन तथा बिक्री खुलाको** सूचना मिति २०८१/०८/१२ गते प्रकाशन हुनुपर्नेमा भूलवश २०८१/०८/११ गते प्रकाशन भएकोमा क्षमायाचना गर्दछौं।

अलग्गै बसेको...

पृष्ठ १ बाट क्रमशः

न्यायपूर्ण देखिएन।' श्रीमती तीन वर्षसम्म श्रीमानको मन्जुरीबेगर छुट्टै बसेमा सम्बन्धविच्छेदको आधार तयार हुने कानुनी व्यवस्था छ। हालको देवानी संहितामा पनि तीन वर्ष वा सोभन्दा बढी मन्जुरीविना बसेमा सम्बन्धविच्छेद गर्न पाउने व्यवस्थाकै निरन्तरता छ। साबिकको मुलुकी ऐनको लोग्ने-स्वास्नीको महलअनुसार दायर मुद्दा ०७० सालदेखि काठमाडौं जिल्ला अदालत पुगेको थियो। उक्त मुद्दा अहिले टुंगिएको हो। जसमा स्वास्नीले लोग्नेको मन्जुरीविना नचाहँदा-नचाहँदै घर छाडेको आधारमा नभई स्वेच्छाले घर छाडेको अवस्थामा मात्रै सम्बन्धविच्छेद हुन सक्ने स्पष्ट पारेको छ।

'...प्रतिवादी माइतमा बसेको तीन वर्ष अवधि पुगेको भनी मानेको अवस्थामा पनि समयको गणना गरी अवधि पुग्नु मात्र सम्बन्धविच्छेदको आधार हुन सक्ने देखिएन। सम्बन्धविच्छेद हुनका लागि स्वास्नीले लोग्नेको मन्जुरीविना स्वेच्छाले घर छाडेको हुनु अनिवार्य हुन्छ,' फैसलामा छ। नेपाली सामाजिक तथा सांस्कृतिक परिवेशमा विवाहपश्चात् महिलाले माइती छाडी श्रीमान्को घरमा बस्नुपर्ने र त्यसैलाई वासस्थान मान्नुपर्ने व्यवस्था रहेकोमा श्रीमान्को परिवारले बस्न नदिएको अवस्था पनि हुन सक्ने भन्दै केवल समयलाई आधार मान्न नमिल्ने फैसला सर्वोच्चले गरेको छ।

सम्बन्धविच्छेदसम्बन्धी कानुनको व्यवस्थाले फैसला गर्दा विद्यमान आर्थिक, सामाजिक, सांस्कृतिक, सामाजिक परिवेश, सामाजिक तथा पारिवारिक संरचना तथा परिवारभित्रको शक्ति सन्तुलनलगायत पक्षलाई बेवास्ता गर्न नमिल्ने आसय राखेको फैसलामा छ। 'यदि उल्लेखित पक्षलाई अनदेखा गर्ने हो भने लोग्नेले सम्बन्धविच्छेद गर्न चाहेमा जुनसुकै बखत स्वास्नीलाई घर बस्न नसक्ने परिस्थिति सिर्जना गरी स्वास्नी घर छाडी बाहिर बस्नुपर्ने परिस्थिति उत्पन्न हुन सक्ने र सो अवस्थामा समेत स्वास्नीले तीन वर्षभन्दा बढी अवधि लोग्नेलाई छाडी बाहिर बसेको भनी लोग्नेले स्वास्नीसँग सम्बन्धविच्छेद गर्न पाउने अवस्था उत्पन्न हुन जान्छ,' फैसलामा छ।

अग्रिम बाँवारी बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं बार्षिक साधारणसभा सम्बन्धी सूचना

अग्रिम बाँवारी बचत तथा ऋण सहकारी संस्था लि. को १३ औं बार्षिक साधारण सभा तपसिल समय र स्थानमा हुन गईरहेको हुदाँ यस संस्थाका सम्पुर्ण सदस्य माहनुभावहरुमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

मिति : २०८१/०८/२२
स्थान : सिमा पार्टी प्यालेस काठमाडौं-३, बसुन्धारा
समय : दिउँसो १:०० बजेदेखी

नोट : साधारण सभामा छलफल गरी पारीत गर्नुपर्ने पस्ताव तथा एजेन्डाहरु संस्थाको सूचना पाटीमा टाँस गरिएको जानकारी गर्दछौं।

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ नेपाल प्रिमियर लिग

एनपिएलमा उत्कृष्ट प्रदर्शन गर्ने नेपाली खेलाडीलाई कार पुरस्कार

नयाँ पत्रिका

पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा उत्कृष्ट प्रदर्शन गर्ने नेपाली खेलाडीले कार पाउने भएका छन् ।

'एनपिएलको फाइनलको दिन प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने नेपाली खेलाडीले कार पाउनेछन्,' नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले मंगलबार भने ।

शारडा ग्रुप र क्यानबिच सम्झौतासँगै एनपिएलमा उत्कृष्ट घरेलु खेलाडीले कार दिइने भएको हो ।

एनपिएलको व्यावसायिक अधिकार व्यवस्थापन गरिरहेको ब्रान्ड लजिक र क्यानको संयुक्त पहलमा दुई पक्षबिच सम्झौता भएको हो । ब्रान्ड डिजिटल लजिक प्रालिका सिइओ रोशन निरौला र शारडा ग्रुपअन्तर्गतको एसपिजी अटोमोबाइल्सका निर्देशक गौरव शारडाले हस्ताक्षर गरेका छन् । 'नेपाली क्रिकेटको इतिहासमै यो पहिलोपटक हो । एनपिएल खेलेपछि कम्तीमा खेलाडीले गाडी चढ्नुपर्छ भन्ने लक्ष्यका साथ यो कदम चालेका हौं,' खड्काले भने, 'हामी शारडा ग्रुपलाई धेरै धन्यवाद दिन चाहन्छौं ।'

यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा) वार्षिक रूपमा उत्कृष्ट खेलाडीलाई कार दिने गरेको थियो । राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान उपेन्द्रमान सिंह र हरि खड्काले कार पाएका थिए । साफ खेलकुदमा दुई स्वर्ण तथा पहिलोपटक छनोट चरण पार गरी ओलम्पिक खेलेकी तेक्वान्दोकी संगिना वैद्यले पनि कार पाएकी थिइन् ।

अब क्रिकेटमा उत्कृष्ट नेपाली खेलाडीले कार पाउनेछन् । क्यानका सचिव खड्काले उत्कृष्ट खेलाडीले कस्तो कार पाउने भन्ने अहिले जानकारी नभएको बताए । 'अहिले नै खेलाडीले कस्तो मोडेलको कार पाउने भन्ने यकिन छैन, यसका लागि क्यान र शारडा ग्रुपले छिट्टै जानकारी दिनेछन्,' उनले भने ।

एसपिजी अटोमोबाइल्सका निर्देशक गौरव शारडाले यस सहकार्यले नेपालमा क्रिकेटको प्रवर्द्धन र विकासका लागि टेवा पुग्ने बताए । 'हामीहरूबिचको सहकार्यले क्रिकेटको लागि लोकप्रियता तथा सफलता पाउँदै गरेको परिदृश्यमा खेल विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्नेछ,' गौरवले भने । उत्कृष्ट खेलाडीले एसपिजी अटोमोबाइल्सको 'आमोडा एन्ड जेईको' कम्पनीको कार पाउनेछन् ।



एनपिएलका लागि मंगलबार सम्झौतापछि क्यान र शारडा ग्रुपका पदाधिकारी ।

> एनपिएलमा उत्कृष्ट प्रदर्शन गर्ने नेपाली खेलाडीलाई ६ पुसमा हुने फाइनलका दिन एसपिजी अटोमोबाइल्सको 'आमोडा एन्ड जेईको' कम्पनीको कार पुरस्कार

विराटनगरको उपाधि जित्ने दाबी

विराटनगर/ विराटनगर किंग्सले एनपिएलको पहिलो संस्करण उपाधि जित्ने दाबी गरेको छ । पूर्वअन्तर्राष्ट्रिय क्रिकेट खेलाडी पारस लुनियाले विदेशी प्रशिक्षक, पाँच विदेशी खेलाडी र मार्की खेलाडी सन्दिप लामिछानेसँग रहेकाले विराटनगर एनपिएल च्याम्पियन हुने बताए । 'हामी एनपिएलको ट्रफी काठमाडौंबाट उचालेर विराटनगर ल्याएरै छाडनेछौं,' लुनियाले भने । एनपिएलपछि १० वर्षभित्रमा नेपालको चारवटा राष्ट्रिय टोलीबाट खेल्ने खेलाडी विराटनगरले उत्पादन गर्ने लक्ष्य लिएको उनले बताए । विराटनगरका सञ्चालक सुयश प्याकुरेलले कोच र खेलाडीहरू परिपक्व र आत्मविश्वासी छनोट भएकाले एनपिएल जित्ने उद्देश्य पूरा हुने बताए । त्रिवि क्रिकेट मैदानमा १५ मंसिर देखि ६ पुससम्म एनपिएल हुँदै छ ।

■ जनकपुरको मुख्य प्रायोजक डिएनए

जनकपुर बोल्ट्सलाई डिएनए इन्टरनेसनलले मुख्य प्रायोजन गरेको छ । ड्रिम स्पोर्टस्को स्वामित्वमा रहेको जनकपुर र डिएनएबिच मंगलबार सम्झौता भएको छ ।

बोल्ट्सका प्रबन्ध निर्देशक नीरज खतिवडा र डिएनएका प्रबन्ध निर्देशक अनुप घिमिरेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । रञ्जना ट्रेड सेन्टर आधिकारिक विक्रेता रहेको डिएनए इन्टरनेसनल नेपाल क्लोथिङ म्यानिफ्याक्चरिङ कम्पनी हो । जनकपुरका अमित श्रेष्ठले टाइटल्स स्पोन्सरका रूपमा डिएनएलाई स्वागत गरेको बताए ।

'एनपिएलका लागि जनकपुरको राम्रो तयारी भइरहेको छ । डिएनए इन्टरनेसनल नेपालको साथले हामीलाई व्यावसायिक रूपमा अगाडि बढ्न ठुलो सहयोग पुगेको छ,' श्रेष्ठले भने, 'एनपिएलजस्तो ठुलो इभेन्टमा समावेश भएपछि डिएनए इन्टरनेसनल नेपालले पनि उचाइ छुने हामीले विश्वास लिएका छौं ।'

डिएनएमा प्रबन्ध निर्देशक घिमिरेले भने, 'जनकपुर बोल्ट्समा आबद्ध हुने मौका पाउनु हाम्रा लागि ठुलो सौभाग्य हो । हाम्रो कम्पनीले नेपालमा व्यवसाय गर्दै आएको छ, पछिल्ला केही वर्षमा यसले ठुलो इभेन्टसँग पनि आबद्ध हुँदै आएको छ ।' डिएनएले जनकपुरले एनपिएल च्याम्पियन हुँदा प्रत्येक खेलाडीलाई एक लाख र फाइनल पुगेमा ५० हजार रुपैयाँ दिने घोषणा गरेको छ ।

■ एक्सन स्पोर्टस्को युट्युबमा एनपिएल हेर्न सकिने

एनपिएलको युट्युब प्रसारण अधिकार डिस मिडिया नेटवर्कले प्राप्त गरेको छ । डिजिटल माध्यमबाट खेलहरूको प्रत्यक्ष प्रसारण गर्न एनपिएलको व्यावसायिक अधिकार व्यवस्थापन गरिरहेको ब्रान्ड लजिक र डिस मिडिया नेटवर्कबिच सम्झौता भएको छ । एनपिएलका खेलहरू एक्सन स्पोर्टस्को आधिकारिक युट्युब च्यानलमार्फत प्रत्यक्ष रूपमा हेर्न सकिनेछ । एनपिएल टेलिभिजनमा भने स्टार स्पोर्टस् नेटवर्कले प्रसारण गर्नेछ ।

१४ मध्ये १० क्लबको विरोधका बाबजुद एन्फाले निकाल्यो क्लब दर्ता मिति

एन्फाले 'बी' डिभिजन लिगमा सहभागी हुन १९ मंसिरसम्म क्लब दर्ता मिति घोषणा गरेको छ

नयाँ पत्रिका

अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार सहिद स्मारक 'बी' लिग फुटबल प्रतियोगिता आयोजना गर्न सार्वजनिक सूचना निकालेको छ । एन्फाले १० क्लबको विरोधका बाबबुद आगामी १३ माघदेखि 'बी' डिभिजन लिग सञ्चालन गर्न आवश्यक प्रक्रिया पूरा गर्ने क्रममा सूचना जारी गरेको हो । 'बी' डिभिजन लिग गत ०७८ सालपछि सञ्चालन हुन सकेको छैन । एन्फाले सार्वजनिक सूचना जारी गर्दा 'बी' डिभिजन लिगमा प्रतिस्पर्धा गर्न क्लबहरूले १९ मंसिरसम्म आफ्नो नाम दर्ता गरिसक्नुपर्नेछ ।

एन्फाले २३-२४ मंसिरमा एन्फाले फिफा कनेक्ट वर्कसप कार्यक्रम राखेको छ । २५-२६ मंसिरमा सहभागी क्लबहरूलाई लाइसेन्स वर्कसपमा सहभागी गराइनेछ । १३ पुसमा एन्फाले सहभागी सबै क्लबहरूको उपस्थितिमा लिगको खेल तालिका प्रकाशित गर्ने जनाएको छ ।

एन्फाले लिगमा आबद्ध १४ क्लबहरूलाई पत्राचार गरेको जनाएको छ । बाँसबारी, श्री कुमारी, श्री भगवती क्लब र प्लानिङ ब्वाइज क्लबले एन्फाको पछिल्लो निर्णयको विरोध जनाएका छैनन् ।

■ पुरानो बक्यौता दिँदा लिगमा सहभागी हुने

एन्फाले कार्यतालिका निकाले पनि 'बी' डिभिजन क्लबहरूले विरोध जनाएका छन् । विरोध गर्नेमा आरसिटी, मध्यपुर युथ, सरस्वती युवा, ब्रिगेड ब्वाइज, नयाँ बस्ती युथ, वीरगन्ज युनाइटेड, टुसाल युथ, ब्वाइज युनियन, च्यासल युथ र झापा फुटबल क्लब छन् । बी डिभिजनमा आबद्ध १४ मध्ये १० क्लबले भने लिग गर्नुअघि आफूहरूको माग पूरा हुनुपर्ने दबाब दिँदै आइरहेका छन् । उनीहरूले संयुक्त रूपमा विज्ञप्ति जारीसमेत गरेका छन् । एन्फाले आफूहरूको माग पूरा नगरेका कारण नै बोलाएको बैठकमा समेत अनुपस्थित हुँदै आएका छन् ।

गत साता एन्फाले 'बी' डिभिजन लिगको मिति घोषणा गर्दा पनि बैठकमा चार क्लब मात्र उपस्थित थिए । बाँकी असन्तुष्ट क्लबले बैठकमा भाग लिएनन् । असन्तुष्ट १० क्लबहरूले आफूहरूको पुरानो बक्यौता एन्फाले उपलब्ध गराउँदा मात्र 'बी' डिभिजन लिग खेल्ने बताएका छन् । क्लबहरूले ०७८ को लिग तयारीबापतको बक्यौता रकम अहिलेसम्म उपलब्ध हुन नसकेकाले आफूहरू बैठकमा उपस्थित नभएको जनाएका छन् । ती क्लबहरूले पुरानो बाँकी पैसा दिएर मात्र बैठकमा उपस्थित हुनेभन्दा पनि एन्फाले एकलौटी निर्णय लाद्न खोजेको आरोप लगाएका छन् । दुई वर्षअघि आर्थिक कारण एन्फाले पटक-पटक लिग सारेको थियो । गत वर्षदेखि भने एन्फा र क्लबबिच विवाद हुँदा लिग हुन सकेन ।

■ बक्यौता बुझ्न एन्फाको आग्रह

एन्फाले सार्वजनिक सूचनाबाटै क्लबहरूलाई पुरानो बक्यौता बुझ्न आग्रह गरेको छ । 'केही क्लबहरूले तयारी खर्चको पहिलो किस्ता बुझिसकेको र पहिलो किस्ता लिन क्लब दर्तापछि एन्फामा सम्पर्क राख्न अनुरोध छ,' एन्फाले भन्यो, 'पुरानो भुक्तानी लिन बाँकी रहेको रकमका लागि आवश्यक कागजात सचिवालयमा पेस गरी रकम बुझ्न सक्नेछ ।' एन्फाको पछिल्लो सूचनाले थप विवाद चर्कने देखिएको छ । एन्फाले आफ्नो निर्णयमा अघि बढ्दै लिग गरेको खण्डमा क्लबहरूलाई कारबाहीसमेत हुन सक्ने एक सदस्यले बताए ।

बाँसबारीका उपाध्यक्ष मधुसुदन उपाध्यायले क्लब दर्ताअगाडि नै पुरानो बक्यौता पूरा हुनुपर्ने दाबी गरेका छन् । 'हामीले खेल हुनुपर्छ भनेका छौं, खेल हुनुपर्छ तर क्लब दर्ता मितिभन्दा अगाडि सबै क्लबको बक्यौता चुक्ता हुनुपर्छ,' उपाध्यायले भने, 'बी' डिभिजन क्लबहरूले वर्तमान कार्य समितिलाई असहयोग गरिरहेको भन्ने बुझाइ गलत हो । एन्फाले सबै प्रक्रिया पूरा गरेपछि लिग स्थगित गरेकाले क्लबको टिम तयारीमा ठुलो रकम खर्च भइसकेको छ ।' उनले क्लबलाई राहत पुग्ने विषयमा एन्फाले छलफल गरी पुरानो तयारी बक्यौता दिए सबै क्लब फुटबल खेल्न तयार रहेको स्पष्ट पारेका छन् ।

बक्यौता दिए लिग खेल्न तयार छौं



■ **मधुसुदन उपाध्याय**, उपाध्यक्ष, बाँसबारी क्लब

खेल हुनुपर्छ, तर क्लब दर्ता मितिभन्दा अगाडि एन्फाले बक्यौता चुक्ता गर्नुपर्छ । 'बी' डिभिजन क्लबहरूले वर्तमान कार्य समितिलाई असहयोग गरिरहेको भन्ने बुझाइ गलत हो । एन्फाले सबै प्रक्रिया पूरा गरेपछि लिग स्थगित गरेको थियो । क्लबलाई राहत पुग्ने विषयमा एन्फाले छलफल गरी पुरानो बक्यौता दिए सबै क्लब फुटबल खेल्न तयार छन् ।

खेल संक्षेप

एसिया प्यासिफिक विजयी

काठमाडौं/ एसिया प्यासिफिक र वसुन्धरा नेसनल एकेडेमी (बिएनए)ले मंगलबार १८औं भ्याली पब्लिक अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा जित निकालेका छन् । प्रतियोगिताको मंगलबार भएको खेलमा एसिया प्यासिफिकले ज्ञान संस्कारले २५-२३ ले हरायो । अर्को खेलमा बिएनएले ह्वाइट माउन्टेनमाथि २२-१६ को जित निकाल्यो । जुनियर पुरुषमा एन्जल्स हार्टले ओडिसी इन्टरनेसनल एकेडेमीलाई २७-१९ ले पराजित गऱ्यो ।

भलिबलकी कप्तान शाही सम्मानित

कास्की/ नेपाली राष्ट्रिय भलिबल टिमकी कप्तान अरुणा शाही मंगलबार पोखरामा सम्मानित भएकी छिन् । उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) कास्कीले १७औं हिसान स्पोर्टस् मिट २०८१ मा शाहीलाई २५ हजारसहित सम्मान गरेको हो । शाहीले पोखरा २ मिरुवा स्थित ज्ञानुबाबा बोर्डिङ स्कुलमा अध्ययन गरेकी थिइन् ।

नेपालले चेम्निज ओपन कराँते खेल्ने

काठमाडौं/ जर्मनीको चेम्निजमा हुने चेम्निज ओपन कराँते प्रतियोगितामा नेपालबाट दुईजना खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् । ३० नोभेम्बरसम्म हुने प्रतियोगिताको यू-१४ उमेरसमूहको ४० केजीमुनि रेगन घले र यू-२१ उमेरसमूहको ६० केजीमुनि विकास घर्तीले प्रतिस्पर्धा गर्नेछन् । सन् २०२१ को चेम्जिन ओपनमा स्वर्ण र कांस्य जितेका सुमन तिमल्सिना यसपटक प्रशिक्षकका रूपमा छन् । अन्तर्राष्ट्रिय निर्णायक महेश महर्जनले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।

ज्ञानोदय, रेडियन्ट र सेबलाई रेडियन्ट कप

काठमाडौं/ ज्ञानोदय बालवाटिका आयोजक रेडियन्ट पब्लिक र सेबले दर्शौं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन् । ज्ञानोदय सिनियर पुरुष, रेडियन्ट सिनियर महिला र सेब जुनियर पुरुषमा च्याम्पियन बनेका हुन् । सिनियर पुरुषको उपाधि भिडन्तमा ज्ञानोदयले एलआरआईलाई ४२-३३ ले पराजित गऱ्यो । ज्ञानोदयका दीपेश शाहीले १७ स्कोरको योगदान गरे । सिनियर महिलाको फाइनलमा रेडियन्टले स्वर्णिमलाई ३३-२१ ले हरायो । रेडियन्टकी दिव्यान्शा कार्कीले २३ स्कोर गरिन् ।

प्रतियोगिताको जुनियर पुरुष फाइनलमा सेबले कश्यपलाई १७-१२ ले पाखा लगायो । सेबका जीवन खत्रीले पाँच स्कोर गरे । दीपेश र दिव्यान्शा आ-आफ्नो विधामा 'मोस्ट भ्यालुएबल प्लेयर' घोषित भए । जुनियर पुरुषमा सेबका युबिन तामाङ 'मोस्ट भ्यालुएबल प्लेयर' चुनिए । सिनियर पुरुषमा युगान्ता, सिनियर महिलामा श्री नवीन ज्योति र जुनियर पुरुषमा बौद्ध चिल्ड्रेन हेभेन अनुशासित टिम ठहरिए ।

शीर्ष स्थानमा तोरणले लिए तीन स्ट्रोकको अग्रता

नयाँ पत्रिका

तोरणविक्रम शाहीले सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको मंगलबार तीन स्ट्रोकको अग्रता लिएका छन् । तोरणले दोस्रो दिन ५ अन्डर ६७ को उत्कृष्ट स्कोर गर्दै समग्रमा १० अन्डर १३४ कार्ड लेखाएका हुन् । उनले सुनील केसीलाई तीन स्ट्रोकले पछि पार्न सफल भएका छन् । सुनील ७ अन्डर १३७ स्कोरका साथ दोस्रो स्थानमा छन् ।

नेपाल नम्बर एक प्रो भुवन नगरकोटी ६ अन्डर १३८ स्कोरका साथ तेस्रो स्थानमा झरेका छन् । एमेच्योर राहुल विश्वकर्माले पाँच अन्डर १३९ स्कोर गरी चौथो स्थान रक्षा गरेका छन् । उनी एमेच्योरतर्फ लगातार दोस्रो दिन शीर्ष स्थानमै रहे । ३ अन्डर १४१ स्कोर गरेका नीरज तामाङ पाँचौं स्थानमा छन् । साबिक विजेता एमेच्योर खेलाडी सदभाव आचार्य समग्रमा १ अन्डर १४३ स्कोरसहित छैटौं स्थानमा उक्लिएका छन् ।



उनी एमेच्योरतर्फ दोस्रो स्थानमा छन् । गोकर्ण गल्फ क्लबमा अनुभवी गल्फर तोरणको प्रदर्शन सानदार रह्यो । पहिलो, पाँचौं र आठौं होलमा बर्डी प्रहार गर्दै उनले फ्रन्ट नाइन ३ अन्डर ३३ स्कोर गरेका थिए । उनले यसपछि ११औं, १२औं, १३औं र १६औं होलमा समान एक सट बचाए । उनी ब्याक नाइन २ अन्डर ३४ स्कोरमा रोकिए । तोरणलाई पछ्याइरहेका सुनीललले एकरूपता प्रदर्शनलाई कायमै राखेका छन् । तेस्रो होलमा उनले बोगीविरूद्ध चौथो, आठौं र नवौं होलको बर्डी निकाली फ्रन्ट नाइन २ अन्डर ३४ स्कोर गरेका थिए ।

■ सदभाव भन्दा राहुल अगाडि

सुनीललले १५औं होलमा बर्डी प्रहार गर्दा बाँकी सात होलमा पार बचाउँदै ब्याक नाइन १ अन्डर ३५ स्कोर गरे । उपाधि दाबेदार भुवनले तेस्रो र सातौं होलको बर्डीका साथ फ्रन्ट नाइन २ अन्डर ३४ स्कोर गरेका थिए ।

यू-१९ विश्वकप गर्न पोखरा रंगशालामा थप पूर्वाधार जुटाउन आइसिसीको सुझाव

> आइसिसीका पोडर र इस्लामले मंगलबार पोखरा मैदानको निरीक्षण गर्दै तीन वर्षपछि नेपालमै आयोजना हुने यू-१९ विश्वकप क्रिकेट प्रतियोगिताका लागि पूर्वाधार थप्नुपर्ने सुझाव दिए



कास्कीमा **रोहितराज पराजुली**

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)का दुई प्रतिनिधिले यू-१९ विश्वकप क्रिकेट प्रतियोगिता आयोजना गर्न पोखरा रंगशालामा भौतिक पूर्वाधार सुधार गर्नुपर्ने सुझाव दिएका छन् । सन् २०२७ मा नेपालसँगै बंगलादेशले संयुक्त रूपमा यू-१९ विश्वकप आयोजना गर्दै छन् । नेपाल प्रतियोगिताको सहआयोजक हो । विश्वकप आयोजना गर्न मैदान र भौतिक पूर्वाधारको निरीक्षण गर्न आइसिसीका सिनियर म्यानेजर रोहित पोडर र डेभलपमेन्ट अफिसर एम्युनल इस्लाम मंगलबार पोखरा आएका हुन् ।

आइसिसीका प्रतिनिधिहरूले मैदानका बारेमा अन्य केही प्रतिक्रिया नजनाए पनि आवश्यक अन्य पूर्वाधार अपुग भएको जनाएका हुन् । 'यहाँको सबै अवस्था राम्रो छ, तर आवश्यक अन्य पूर्वाधार नरहेको र बनेको रहेनछन्,' मैदानको निरीक्षण गर्दै उनीहरूले भने । प्रतिनिधिका अनुसार मैदानको पिच राम्रो अवस्थामा छ । निरीक्षणको क्रममै स्थानीय सम्बन्धित निकाय र नेपालका क्रिकेट संघ (क्यान) का पदाधिकारीहरूलाई १३औं दक्षिण एसियाली खेलकुदपछि मैदानमा आवश्यक संरचना किन बन्न नसकेको प्रश्न गरेका थिए । ०७६ सालको १५-२४ मंसिरसम्म १३औं सागको आयोजक सहर पोखरा पनि थियो ।

'१३औं साग सम्पन्न भएको लामो समय हुँदा पनि मैदानमा आवश्यक संरचना किन बन्न नसकेको हो,' आइसिसीका प्रतिनिधिहरूले प्रश्न गरेका थिए । क्यानले पोखरा र काठमाडौंमा यू-१९ विश्वकप गर्ने तयारी गरेको छ । क्यानका अध्यक्ष चतुरबहादुर चन्दले पोडर र इस्लामलाई मैदानको बारेमा जानकारी दिए ।

■ तीन वर्षभित्र संरचना बन्ने

पोखरा महानगरपालिका मेयर धनराज आचार्यले प्रतियोगिता आयोजना गर्न तीन वर्ष अवधि बाँकी रहँदा आफूहरूले पोखरा मैदानमा आवश्यक पूर्वाधार बनाउने विश्वास दिलाए । 'हामीहरूसँग तीन वर्ष अवधि छ, यसबिचमा मैदानमा आवश्यक संरचना तयार गर्न सक्छौं,' मेयर आचार्यले भने, 'यसमा महानगरले आवश्यक सहयोग गर्नेछ ।' मैदानका पिच क्युरेटर प्रदीप राउतले पोखरा रंगशाला र मैदानको अवस्थाका बारेमा जानकारी गराएका थिए ।

आइसिसीको टोलीले युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापासँग भेटेका छन् । मन्त्री थापाले प्रतियोगिता सञ्चालनका लागि आवश्यक पर्ने आधारभूत संरचना निर्धारित समयअगाडि पूरा हुने विश्वास दिलाए । 'आवश्यक संरचनाका कारण प्रतियोगिता नहुने अवस्था हुँदैन, त्यो निर्माण हुन्छ, यसका लागि प्रदेश सरकार तयार छ,' थापाले भने, 'पोखरालाई भेन्युको रूपमा पारित गर्न आग्रह गरिएको छ ।' टोलीले बुधबार पोखरामा रहेका तारे होटेलहरूको अवस्थाको निरीक्षण गर्नेछ ।

Madhyanepal Municipality
Office of Municipal Executive
Bhorletar, Lamjung
Gandaki Provience

Request for Quotation

First Date of Publication: 27th Nov.2024(2081/8/12 B.S.)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Madhyanepal Municipality, Lamjung has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm for Skills Development Training in Madhyanepal Municipality.***
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Madhyanepal Municipality, Lamjung invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

S. N.	Description	RFQ Document fee (non-refundable)	Deadline of RFQ-document purchase	RFQ submission deadline (Date and Time)	RFQ-Opening Date and Time
1	Hiring a Firm for Skills Development Training in Madhyanepal Municipality.	1000	Up to 11th December,2024. at 11.00 am	12th December, 2024. At 12:00 Noon.	12th December ,2024. 1:00P.M.

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
8. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/ Applicants.
9. Information to deposit the cost of bidding document in Bank
   Name of the Bank : Agriculture Development Bank , Bhorletar Branch, Lamjung.
   Name of The Office : Madhyanepal Municipality , Bhorletar, Lamjung.
   Office Code no. : 80437402300
   Office Account no (Rajaswa) : 0317901210260067
   Aantarik Rajaswa Khata Ga.1.1
10. For Quotation Document and other information please consult to the below address.
    Address: Madhyanepal Municipality Office, Office of Municipal Executive, Bhorletar, Lamjung
    Telephone No: 9844570647/9845355479
    Website: www.madhyanepalmun.gov.np

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com